• वर्ष १२ • अंक ३ • SAPTAHIK • Nepali National Weekly • Jan 5, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-



तस्बीर : साइबर संसार

# प्रविधि सञ्जालमा एम जेनेरेसन

• विदुर खतिवडा

काठमाडौं– 'बस भर्खरै धार्के क्रस गऱ्यो, पुगेपछि तिमीलाई खबर गर्छु है,' काठमाडौंबाट पोखरासम्मको बसयात्रामा रहेकी समिता गुरुङ मोबाइलमा कसैसँग कुरा गर्दै थिइन्– 'एक साता त बस्ने हो, त्यसपछि काठमाडौं आइहाल्छु नि ।' काठमाडौं-पोखरा यात्राका क्रममा करिब दुई दर्जन पटक समिताको मोबाइलको रिङटोन बजेको थियो । यात्राकै क्रममा संवाददाताको जिज्ञासा मेटाउन उनले भनिन्- 'अचानक पोखरा जानुपर्ने भयो, ब्वाइफ्रेन्डलाई भन्न भ्याइनँ, त्यसैले रिसाएर ऊ पोखरा नै आउने भन्दैछ ।' बसका अन्य यात्रीहरू पनि नेटवर्क देखिएको ठाउँको सदुपयोग गर्दै कुराकानीमा व्यस्त थिए । सूचना तथा सञ्चार प्रविधि (आईसीटी) को विकासलाई उपयोग गर्न नेपाली समाज पनि पछि छैन । केही समयअघि मात्र दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको एक तथ्याङ्कअनुसार अहिले ताररहित फोनका प्रयोगकर्ताको संख्या दस लाख पुगिसकेको छ । यसमा पनि अचम्मलाग्दो कुरा अहिले पनि फोनलाइन पाउनका लागि ग्राहकहरूको उल्लेख्य भीड देख्न सकिन्छ । त्यतिमात्र होइन, वर्षौं अघिदेखि प्रयोगमा आएको ल्यान्डलाइन (आधारभूत) टेलिफोनभन्दा अहिले ताररहित फोनको संख्या धेरै हुनुले व्यस्त हुँदै गएको नेपाली समाजमा बोकेर हिंड्न मिल्ने प्रविधि लोकप्रिय भएको अनुमान लगाउन सकिन्छ ।

दस वर्षअघिको नेपाल र अहिलेको नेपाललाई तुलनात्मक रूपमा हेर्दा पनि कम्प्युटर प्रयोगकर्ताको संख्या उल्लेख्य रूपमा बढेको तथ्य देखा पर्छ । सहरी क्षेत्रमा मध्यमवर्गीय आयस्रोत भएका परिवारका बालबालिकाहरू सात वर्ष नपुग्दै कम्प्युटरसँग परिचित भैसकेका हुन्छन् । विद्यालयस्तरमै कम्प्युटरको अध्यापन हुनु र सामान्यतया सबै किसिमको जानकारी कम्प्युटरमार्फत प्राप्त हुने भएकाले सूचना प्रविधिको यो साधनप्रतिको मोह अझ बढेको छ ।

अहिले कम्प्युटर व्यापारको क्षेत्रमा हुने करोडौंको व्यापारले पनि यसलाई थप पुष्टि गर्छ । इशान इन्फोसिसका प्रबन्ध निर्देशक रामशरण पाण्डेका अनुसार अहिले नेपाली बजारमा कम्प्युटरसँग सम्बन्धित उत्पादनका उपभोक्ताको संख्या बढेको मात्र छैन, उपभोक्ताहरू बजारमा के नयाँ उत्पादन आयो भनेर चासो देखाउन थालिसकेका छन् । सहरी क्षेत्रका घरमा कम्प्युटर हुनु भनेको सामान्य भैसकेको छ, पाण्डे भन्छन्- पाँच वर्ष अघिसम्म पनि महँगो वस्तुका रूपमा चिनिएको कम्प्युटरको दिनानुदिनको घट्दो मूल्यका कारण पनि उपभोक्ता बढेका छन् ।

नेपाली बजारमा अहिले ग्राहकले आफूले भनेको विवरण र विभिन्न कम्पनीका उत्पादनका आधारमा डेस्कटप कम्प्युटर खरिद गर्न सक्छन् । सामान्यतया १८ हजार रुपैयाँदेखि ६० हजार रुपैयाँसम्मका डेस्कटप कम्प्युटर बजारमा पाइन्छन् । त्यसो त उच्च आयस्रोतका व्यक्तिहरूले मात्र बोक्ने भनिएको ल्यापटप कम्प्युटर पनि अहिले ५०-६० हजार रुपैयाँमै



उपलब्ध हुन्छ । सूचना तथा सञ्चार प्रविधिविज्ञ राजीव सुब्बाका अनुसार छिमेकी मुलुक भारतमा ग्राहकले 'कन्फिगरेसन' का आधारमा ल्यापटप खरिद गर्न सक्छन् तर नेपालमा भने ल्यापटप उत्पादक कम्पनीको एउटै आधिकारिक विक्रेता नभएकाले त्यो सुविधा उपलब्ध हुन सकेको छैन । पछिल्लो अवधिमा 'नोटबुक' नामकरण गरिएको ल्यापटप कम्प्युटरलाई बोकेर हिंड्न मिल्ने भएकाले अबको नेपालमा यसका उपभोक्ताको संख्या पनि बढ्ने सुब्बा बताउँछन् ।

आईसिटी मेन टुलका रूपमा कम्प्युटर र मोबाइल मुख्य साधन भए पनि, यससँगै जोडिएका इन्टरनेट, विभिन्न डिजिटल उपकरण एवं अन्य थुप्रै डिभाइसहरूले पनि उपभोक्ताको जीवनशैलीलाई सहज बनाएका छन् ।

दस वर्षअघिको अवस्थालाई अहिले फर्केर हेर्ने हो भने सूचना तथा सञ्चार प्रविधि (आईसीटी) को विकाससँगै परिवर्तन भएको जीवनशैलीको अवस्थाको मूल्याङ्कन गर्न सकिन्छ । कतिसम्म भने विकासको थोरै मात्र पहुँच पुगेका नागरिकहरू पनि अहिले प्रविधि प्रयोगविनाको अवस्थालाई कल्पना गर्न सक्दैनन्, अर्थात् प्रविधि हाम्रो जीवनमा पूर्ण रूपमा हावी भैसकेको छ ।

सहरी क्षेत्रको व्यस्त जीवनमा अभ्यस्त भैसकेको नयाँपुस्ता आफ्नो साथमै लिएर विभिन्न स्थानमा जान सकिने प्रविधिको प्रयोगमा रमाउन चाहन्छ । विभिन्न औद्योगिक गृहको नेतृत्व गर्ने उद्यमीहरूलाई यस प्रकारका साधनले यात्राका क्रममा समेत काम गर्न सक्षम बनाएका उदाहरण भेट्टिन्छन् । स्मार्ट फोनकै उपयोगिता हेरौं न, यसमा विभिन्न व्यक्तिसँग कुराकानी मात्र होइन । आफ्ना सम्पूर्ण विवरण पनि राख्न सकिन्छ । हेन्डसेट उत्पादन कम्पनीहरूले बहुउपयोगी छरिता उपकरण बजारमा ल्याएकाले पनि उपभोक्ताको जीवनशैलीमा ती उपकरणले धेरै परिवर्तन ल्याएका छन् । मोबाइल फोनसेटबाटै क्यामेरा, एफएम रेडियो, एमपीथ्री प्लेयर, गेम्स, अर्गनाइजरका अतिरिक्त इन्टरनेट र कम्प्युटरको कामसमेत लिन थालिएको छ ।

'सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा हरेक १८ महिनामा उल्लेखनीय प्रविधि भित्रिसकेको हुन्छ,' कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) का अध्यक्ष विप्लवमान सिंह भन्छन्- 'सामान्य रूपमा बजारमा हरेक दिन नयाँ उत्पादन आउने र पुरानो प्रविधिको मूल्य घट्ने क्रम जारी छ । साथसाथै जति पनि नयाँ मोडल भित्रिन्छन्, त्यत्तिकै सुविधा पनि बढ्छन् ।' सिंहका अनुसार यो क्रम निरन्तर चलिरहन्छ, किनकि बजारले उपभोक्ताको सन्तुष्टि खोज्ने क्रममा नयाँ उत्पादन आउने हो, यसमा उत्पादनकर्ताहरूले कुन हदसम्म उपभोक्तालाई सन्तुष्टि दिन सक्छन् त्यो महत्त्वपूर्ण पक्ष हो ।

आफ्नो साथमा रहेको ४ मेगा पिक्जलको क्यानोन क्यामेरासहित न्युरोडको एक क्यामेरा पसलमा डिजिटल क्यामेरा खरिद गर्न पुगेका विराटनगरका सुमन शर्माको भनाइमा उनी यसलाई पसलेलाई बिक्री गरेर अर्को नयाँ क्यामेरा खरिद गर्न चाहन्छन् । सुमन भन्छन्- 'क्यामेरा चलाउने सौख डिजिटल प्रविधि आएपछि पूरा

बाँकी पृष्ठ ६ मा

## दसौं लाख डलरको कारोबार तर गोप्य


नेपाली आईसीटी उद्योगका गतिविधि त्यति धेरै सार्वजनिक नभए पनि यही उद्योगबाट अन्तर्राष्ट्रिय मुलुकहरूमा दसौं लाख डलरको सफ्टवेयर निर्यात हुने गरेको छ । यसले नेपाली आईटी प्रोफेसनलहरू अन्तर्राष्ट्रिय स्तरमै दक्ष छन् भन्ने पुष्टि पनि गर्छ । नेपालबाट अमेरिका, डेनमार्क, जापान आदि राष्ट्रमा सफ्टवेयर निर्यात गर्दै आएको एक कम्पनी प्रमुखका अनुसार चर्को कर तथा कानुनी आधार पनि स्पष्ट नभएकाले दर्ता गरेर काम गरिएको छैन, तर उनीहरूले अन्तर्राष्ट्रिय स्तरको मान्यता प्रमाणपत्र भने लिएका हुन्छन् । क्यानका अध्यक्ष विप्लवमान सिंहका अनुसार अहिले सरकारले यति ठूलो कारोबारबाट राजस्व संकलन गर्न सकेको छैन । अचम्मको कुरा हामीसँग यस्तो जनशक्ति कति छ भन्ने स्पष्ट आँकडासमेत छैन, यसकारण तथ्याङ्क पत्ता लगाउन पनि कर शुल्क कम गरेर जान सकिने सिंह बताउँछन् ।



मध्यपृष्ठ यमुना उप्रेती



खुशी न्युइयर इभको



पृष्ठ १६ मा पेमाको सुर



नजिकबाट

पृष्ठ १६ मा आनन्द कार्की



पृष्ठ १४ मा ज्यान बच्यो


## Sof;]6

### पुर्वेली लोकभाकाहरू




नेपाली लोक-सांस्कृतिक केन्द्रका लागि म्युजिक नेपालको प्रस्तुति गीति-संग्रह 'पुर्वेली लोकभाकाहरू' बजारमा आएको छ। लोप भैसकेका वा लोपोन्मुख अवस्थामा पुगेका लोकभाकाहरूलाई यो गीतिसंग्रहमा समावेश गरिएको छ, जसमा नवीन खड्का, पुस्तका खड्का, बलराम समाल, मञ्जु सम्बाहाम्फे, गोविन्दबहादुर आङ्बुङ, प्रेम हाङ्सेन लावती र इन्द्र गुरुङको स्वर सुन्न पाइन्छ भने संगीत संयोजन नवीन खड्का, शिलाबहादुर मोक्तानको छ। यसैगरी ती गीतको लय संकलन भक्तबहादुर पाँचकोटी दर्जी, गोविन्दबहादुर आङबुङ, दलबहादुर विश्वकर्मा, मदन तामाङ, शमशेरबहादुर विश्वकर्मा, केदार राई, भक्तबहादुर पाँचकोटी तथा डा. रमेश ढुङ्गेलले गरेका छन्।

### रहस्य




गायक उदेश श्रेष्ठले दोस्रो एकल गीतिसंग्रह 'रहस्य' श्रोतामाझ ल्याएका छन्। रियाज म्युजिकले बजारमा ल्याएको यो गीतिसंग्रहमा ८ वटा गीत संग्रहित छन्। संग्रहमा शब्द नीराजन भण्डारी, रमेश अधिकारी, उदेश श्रेष्ठ, भाष्कर राजकर्णिकारको छ भने एउटा गीतको संगीत रमेश प्रधानले तथा अन्य सबै गीतमा संगीत उदेश श्रेष्ठले दिएका छन्।

### पानी घुटुक्कै

म्युजिक नेपालको प्रस्तुतिमा दीपक अमगाई तथा अशोक कुमारको गीतिसंग्रह पानी घुटुक्कै बजारमा आएको छ। यो गीतिसंग्रहमा दीपक अमगाई, लक्ष्मी न्यौपाने, अशोक कुमार तथा सिन्धु मल्लको स्वर सुन्न पाइन्छ। संग्रहको 'ए' खण्डमा रहेको 'जवानीको रूप' को शब्द लय दीपक अमगाईंको छ। यसैगरी खण्ड 'बी' को 'पानी घुटुक्कै' को शब्द प्रदीप अर्याल तथा लय राम धिमालको छ।

### गोर्खाली ब्यान्ड

गोर्खाली ब्यान्डको पप रक गीतिसंग्रह 'गोर्खाली ब्यान्ड' श्रोतामाझ आएको छ। रियाज म्युजिकले बजारमा ल्याएको यो गीतिसंग्रहमा ८ वटा गीत समावेश गरिएका छन्। संग्रहमा समावेश सबै गीतको शब्द, संगीत संयोजन तथा स्वर ब्यान्डको नै छ। गोर्खाली ब्याण्डमा बास गीटार्समा बिजय थेङ्गे, लिड गीटार्स/भोकलमा थम ब्लोन, रिदम गिटार्समा आतिस श्रेष्ठ तथा ड्रम्समा अनुप थापा संलग्न छन्।

### छम्म-छम्म नाचिदेऊ

गायक मिलन लामाको प्रस्तुति लोकदोहोरी गीतिसंग्रह 'छम्म-छम्म नाचिदेऊ' बजारमा आएको छ। धौलागिरि क्यासेट सेन्टरले बजारमा ल्याएको यो गीतिसंग्रहमा स्वर मिलन लामा, अञ्जना गुरुङ र लक्ष्मी न्यौपानेको छ भने शब्द, लय मिलन लामा र केशव चौलागाईंको छ।

## k':ts

### फूलको माला

लेखक सरोज गिरीले गीति-संग्रह फूलको माला सार्वजनिक गरेका छन्। दीक्षान्त पुस्तक प्रकाशनले प्रकाशित गरेको यो कृतिमा ४५ वटा गीत संग्रहित छन्। गीतका पारखीहरूका लागि रुचिकर हुन सक्ने ५० पृष्ठको यो पुस्तकको मूल्य ५० रुपैयाँ छ।

### छिटो संगीत सिक्ने रहस्य

शंखनाद समूहद्वारा प्रकाशित छिटो संगीत सिक्ने रहस्य नामक पुस्तकका लेखक डा. श्रीअष्ट हुन्। ८० पृष्ठको यो पुस्तक संगीत सिक्न चाहनेहरूका लागि मार्गदर्शक हुन सक्छ। यो पुस्तकको मूल्य ६५ रुपैयाँ छ।

### सहयोगी साथहरू

जितेन्द्र सहयोगीले लेखेको उपन्यास सहयोगी साथहरूलाई ज्ञानेन्द्र महतो तथा निर्मला महतोले प्रकाशित गरेका हुन्। सामाजिक विषयवस्तुमा आधारित यो पुस्तकको विशेषता भनेकै सबै शब्दहरू 'स' अक्षरबाट प्रारम्भ हुनु हो। उपन्यासका पारखीहरूका लागि उपयोगी सावित हुन सक्ने यो पुस्तकको मूल्य १ सय १० रुपैयाँ छ।

## Uofn/L

-नेपाल-भारत सम्बन्धलाई कलाको माध्यमले अझै प्रगाढ बनाउन अल्ट्रामिरा स्कुल अफ भिजुअल आर्ट्सका विद्यार्थीहरूको एक टोली भारत भ्रमणमा निस्कने भएको छ। आगामी पुस ३० गते भारततर्फ भ्रमण गर्ने उक्त टोलीले भारतको कोलकाता सहरस्थित शान्ति निकेतनमा हुने अन्तर्क्रिया कार्यक्रम तथा चित्रकला शिविरमा भाग लिनेछ। भ्रमणकै तयारीका लागि टोलीले सोमबार र मंगलबार ४१ चित्रहरूको दुईदिने प्रदर्शनी ग्यालरी नाइनमा आयोजना गरेको थियो।

-कलाकार बुद्धि गुरुङको छैटौं एकल चित्रकला प्रदर्शनी नेपाल आर्ट काउन्सिल, बबरमहलमा गत साता एक कार्यक्रमका बीच उद्घाटन भयो। साताव्यापी उक्त प्रदर्शनीको उद्घाटन भारतीय राजदूतावासका काउन्सिलर गोपाल बाग्लेले गरेका थिए। प्रदर्शनीमा राखिएका ६५ चित्रकलाले नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक, महिला, पीडा, यौन कुण्ठालगायतका विषयलाई समेटेका छन्।

-कलाकार रेखा सिंहद्वारा माटोबाट सिर्जना गरेका कलाहरूको पहिलो एकल प्रदर्शनी गत आइतबार सम्पन्न भएको छ। 'प्रिमिटिभ टच' शीर्षकको उक्त प्रदर्शनीको उद्घाटन भारतीय राजदूत शिवशंकर मुखर्जीले गरेका थिए। पुस १२ गतेदेखि होटल एम्बेस्डरमा प्रारम्भ भएको उक्त प्रदर्शनीमा माटोका विभिन्न कलाकृति राखिएका थिए।

## रंगमञ्च

-रंगकर्मी कृष्ण शाह यात्रीको लेखन तथा निर्देशनमा लिटिल एञ्जल्स स्कुल भैंसेपाटीमा नाटक 'समय र मान्छे' मञ्चन भयो। उक्त नाटकमा स्कुलको एलए थियटर क्लबका दुई दर्जन विद्यार्थीले अभिनय गरेका थिए। मुलुक अहिले स्थायी शान्तितर्फ उन्मुख भैरहेको बेला यसलाई साकार पार्न सबैले आ-आफ्नो तर्फ योगदान दिनुपर्ने सन्देश उक्त नाटकले बोकेको थियो। नाटकमा कलाकार उत्साह जोशी, युत्सा भट्टराई, राहुल अधिकारी, प्रतीक्षा पौड्याल, शीतल खत्री, प्रवेश आचार्य, प्रज्ञान थापा, प्रदीप पंगेनी तथा प्रयाग तामाङ आदिले अभिनय गरेका थिए।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

समष्टिमा साता राम्रो छ। सुरुमा आफन्तहरूको उचित सहयोग मिल्नेछ। मन प्रसन्न रहला। धेरै काममा सफलता प्राप्त हुनेछ। मान-सम्मान पाइने योग छ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता मिल्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। व्यवसायमा प्राप्त हुने सफलता यथावत् रहनेछ। धन आर्जन हुनसक्छ।

### वृष

पराक्रम बढ्नेछ। अधुरा काम बन्नुका साथै नयाँ काम पाइने योग छ। धार्मिक कार्यमा रुचि एवं सोच्ने शक्ति बढ्नेछ। व्यवसायमा प्राप्त हुने लाभ यथावत् रहनेछ। यात्रा हुनसक्छ। अरूको विश्वास सजिलै जित्न सकिनेछ। तपाईंको लगनशीलता एवं इमान्दारीताको प्रशंसा सबैले गर्नेछन्। सफलताका लागि स्वास्थ्यको ख्याल राख्नुहोला।

### मिथुन

बोलीको प्रभाव बढ्नेछ। काममा सोचेजस्तै सफलता मिल्नेछ। अरूको सहयोग मिल्नुका साथै पराक्रम पनि बढ्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता हात लाग्नेछ। यात्रा गर्ने अवसर मिल्नसक्छ। शत्रु बढ्ने हुँदा काममा गोपनीयता अपनाउनुहोला। स्वास्थ्यमा अवरोध आउने हुँदा खानपानमा ध्यान दिनु आवश्यक छ।

### कर्कट

समय बलियो छ। पर्याप्त मान-सम्मान मिल्नेछ। धन आर्जन हुनसक्छ। भोज-भतेरमा सामेल हुने अवसर प्राप्त हुनेछ। सजिलै अरूको विश्वास जित्न सकिनेछ। आफन्तहरूले सहयोग गर्नेछन्। यात्रा गर्ने अवसर पनि जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा विशेष सफलता मिल्नेछ भने कीर्तिमान काम गर्ने अवसर हात लाग्नेछ।

### सिंह

खर्च एवं विवाद बढ्नेछ। झूटा आरोप पनि लाग्नसक्छ। शत्रुले तपाईंको प्रतिष्ठा गिराउने प्रयास गर्नेछन्। कामको बीचमा अवरोधको सामना गर्नुपर्नेछ। घरेलु समस्या पनि बढ्नसक्छ। आइतबारदेखि भोज-भतेरमा सामेल हुने, सोच्ने शक्ति बढ्ने तथा अध्ययनमा सफलता एवं मान-सम्मान मिल्ने योग छ।

### कन्या

काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। मान एवं भोजन प्राप्तिको अवसर मिल्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। बौद्धिक सम्मान पनि प्राप्त हुनेछ। यात्रा गर्ने अवसर एवं व्यवसायमा लाभ देखिन्छ। आइतबार तथा सोमबार गलत विचार, खर्च एवं विवाद बढ्ने हुँदा संयम अपनाउनुहोला।

### तुला

प्रसन्नता एवं सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। यात्रा तथा व्यवसायमा सफलता मिल्ने देखिन्छ। बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। घरेलु समस्याले सताउन अनि झूटा आरोप लाग्नसक्छ। सफलताका लागि संयम अपनाउनुहोला।

### वृश्चिक

भाग्यले साथ दिनेछ भने काममा सुधार आउनेछ। मान-सम्मान मिल्नेछ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। अध्ययन एवं बौद्धिक कार्यमा सफलता मिल्नेछ। शत्रु बढे पनि जित तपाईंकै हुनेछ।

### धनु

सुरुमा अस्वस्थता एवं आलस्यता बढ्नेछ। कामको बीचमा अवरोध खडा हुन सक्छ। खर्च एवं विवाद बढ्ने हुँदा संयम अपनाउनुहोला। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। आइतबार धार्मिक कार्यमा सफलता एवं मान-सम्मान मिल्ने, भाग्यले साथ दिने तथा प्रसन्नता बढ्ने योग छ।

### मकर

यात्रा गर्ने अवसर मिल्नेछ। व्यवसायमा लाभ हुनेछ। नयाँ काम गर्ने अवसर जुट्नेछ। आम्दानीको नयाँ स्रोत फेला पर्नसक्छ। धार्मिक कार्यमा रुचि बढ्नेछ। आइतबार, सोमबार तथा मंगलबार स्वास्थ्यमा समस्या एवं काममा अवरोध उत्पन्न हुने योग छ। खर्च एवं विवाद बढ्ने हुँदा संयम् अपनाउनुहोला।

### कुम्भ

खर्च एवं विवाद बढ्नाले दुःखी हुनुपर्नेछ। शरीरमा चोटपटक एवं झूटा आरोप लाग्न सक्छ। अरूको काममै समय बित्नेछ। आइतबार तथा सोमबार प्रसन्नता बढ्नेछ भने यात्रा एवं व्यवसायमा लाभ मिल्नेछ। मान-सम्मान पनि प्राप्त होला। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने कुरालाई नकार्न सकिंदैन।

### मीन

सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। शत्रुसित कडा प्रतिस्पर्धा गर्नुपर्नेछ। व्यवसायमा सफलता मिल्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ भने व्यवसायमा वृद्धि हुनेछ। भाग्यले पनि साथ दिनेछ। यात्रा हुनसक्छ। आफन्तहरूले उचित सहयोग गर्नेछन्। घरेलु कार्यमा रुचि बढ्नेछ।

### यो साताको पञ्चाङ्ग

पुस २७ गते : राष्ट्रिय एकता दिवस




होटल तालिम
यो मौका सिमित अवधिको लागि
*कुक १ ½ महिना रू. २५००/-
* कुक ३ महिना रू.३५००/-
*वेटर र वारमेन रू.१०००/-
5 star hotel को सेफद्वारा संचालित रोजगारमूलक तालिम भएको। चाडै सम्पर्क गर्नुहोला।
माउन्टेन होटल ट्रेनिङ सेन्टर
चावहिल गोपिकृष्ण हलबाट थोरै पूर्व
PH: 016212336

सुखी विवाहित जीवनको लागि
सेवाको १३ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीघट्टी, काठमाडौं

# यसरी आयोजना हुँदैछ क्यान इन्फोटेक

'सूचना (इनफरमेसन), सञ्चार (कम्युनिकेसन) र मनोरञ्जन (इन्टरटेनमेन्ट) आईसीई अर्थात् आइस । अ मेगा इभेन्ट आईस अर्थात् आइस महोत्सव ।' कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) को आयोजनामा बर्सेनि हुने क्यान इन्फोटेकले १३ औं संस्करणमा आइपुगेपछि आईसीटी मेला इन्फोटेकलाई आइस महोत्सवका रूपमा नयाँ नामकरण गरेको छ। आगामी पुस २५ गते मंगलबार १० बजेदेखि वीरेन्द्र अन्तराष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरमा प्रारम्भ हुने आइस महोत्सव पुस ३० गते आइतबारसम्म चल्नेछ। सूचना तथा सञ्चार प्रविधिको वर्षभरिकै सबैभन्दा ठूलो मेला क्यान इन्फोटेकमार्फत विभिन्न नयाँ प्रविधिहरू सार्वजनिक हुने तयारीमा छन्। 'अब आईसीटी होइन, आइस' आयोजक क्यानका अध्यक्ष विप्लवमान सिंहले आइसलको अर्थ अर्थ्याउँदै साप्ताहिकसँग भने- 'सूचना तथा सञ्चार प्रविधिसँग इन्टरटेनमेन्ट (मनोरञ्जन) पनि जोडिएको छ। कसरी भन्नुहोला ? उनी आफैं भन्दै थिए, कम्प्युटरमा मल्टिमिडियाको प्रयोगबाट संगीत सुन्ने, टिभी कार्ड राखेर टेलिभिजन हेर्ने, सिडी डिभिडीको प्रयोगले चलचित्र हेर्ने त छँदै थियो, अब टेलिभिजनमै इन्टरनेट पनि हेर्न सकिन्छ। मनोरञ्जनका महत्त्वपूर्ण कामका लागि आईसिटीको प्रयोग त्यत्तिकै आवश्यक भैसकेको छ।

करिब ३ लाख दर्शकले महोत्सव अवलोकन गर्ने बताइएको क्यान इन्फोटेकको उद्घाटन पनि भव्य रूपमा गरिँदैछ। 'डिजिटल प्रविधिको स्टेजमा १३ वर्षे क्यानका गतिविधिहरू स्लाइडमार्फत प्रस्तुत गर्दै पूर्ण मनोरञ्जनात्मक वातावरणमा उद्घाटन कार्यक्रम आयोजना गर्दैछौं' मेला आयोजक समितिका संयोजक सीएन उपाध्यायका अनुसार दर्शकहरूले यसपटक अघिल्ला वर्षहरूको तुलनामा नयाँपन देख्नेछन्। यसपटक इन्फोटेकमा दर्शकहरू प्रवेश गर्ने बाटो पनि पनि फरक हुनेछ। सम्मेलन केन्द्रको अगाडि रहेको पानीको फोहरा घुमेपछि मात्र दर्शक मुख्य घरभित्र प्रवेश गर्न सक्नेछन्। यसका लागि प्रवेशद्वारदेखि आयोजना स्थलसम्म बिछ्याइएको रातो कार्पेटले बाटो देखाउनेछ।

सूचना तथा सञ्चार प्रविधि सम्बद्ध ६४ वटा ह्यांगर स्टलसहित



१ सय ७० वटा व्यवसायिक स्टलले यसपटकको इन्फोटेकमा सहभागिता जनाउनेछन्। 'नयाँ नेपाल इ-नेपाल' को नारा राखिएको इन्फोटेकको प्रमुख आकर्षण भनेको नयाँ प्रविधिको सार्वजनिकीकरण नै हो। मेला संयोजक उपाध्यायका अनुसार धेरै कम्पनीले इन्फोटेकलाई नै लक्षित गरेर नयाँ-नयाँ उत्पादन भित्र्याउने ट्रेन्ड बसिसकेको छ। शान्ति स्थापना गर्ने बाटोतर्फ उन्मुख भैरहेको मुलुकको वर्तमान परिवेशलाई क्याच गर्न यो नारा तय गरिएको क्यानले बताएको छ। अध्यक्ष सिंह भन्छन- दोस्रो आईसीटीलाई माध्यम बनाएर मुलुकका सबै क्षेत्रको विकास गनुपर्छ भन्ने हाम्रो आह्वान हो।

'प्रदर्शनीमार्फत व्यापारिक कम्पनी तथा मेला अवलोकनकर्ताले एकै थलोमा आईसीटीका विभिन्न उत्पादनका बारेमा जानकारी दिने तथा लिने काम हुनेछ,' महोत्सवका संयोजक सीएन उपाध्यायले भने- '६ दिनसम्म चल्ने उक्त प्रदर्शनीमा यसपटक सिसिटिभी, सस्तो मूल्यका ल्यापटप कम्प्युटर, विद्युतीय क्षेत्रका विभिन्न उपकरण तथा विभिन्न ब्रान्ड कम्पनीका नयाँ उत्पादन प्रदर्शन हुनेछन्। त्यस्तै कम्पनीहरूको स्टल पनि अत्यन्तै आकर्षक हुने उपाध्यायले जिकिर गरे। यसपटक पनि निर्माण कम्पनीहरूलाई आफ्ना उत्पादनको बजार विस्तार गर्न सुरुका दुई दिन बिजनेस डे राखिएको छ। यसबाहेक अन्य चार दिन साधारण तथा विद्यार्थी छुट टिकटमा अवलोकनकर्ताहरूले महोत्सव हेर्न सक्छन्।

मुलुकभित्रका सूचना तथा सञ्चार प्रविधि विकासमा भएका उल्लेखनीय उपलब्धिहरूलाई इन्फोटेकमा प्रदर्शन गरिनेछ। सूचना तथा सञ्चार प्रविधि मञ्चको संयोजनमा नेपाल सरकारको ग्रामीण सूचना केन्द्र विस्तार एवं विकास कार्यक्रम 'स्वाभिमान' अभियानका बारेमा पनि इन्फोटेकमा जानकारी दिइनेछ। यसबाहेक नेपाली भाषा सञ्चालन प्रणाली नेपालीनक्सको नयाँ अपडेटेड भर्सन र माइक्रोसफ्ट अफिसका बारेमा पनि सहभागीहरूले नयाँ तथ्य थाहा पाउन सक्छन्। 'यसपटक वायरलेस फर रुरल कनेक्टिभिटीको अवधारणाका सम्बन्धमा पनि छलफल हुनेछ,' अध्यक्ष सिंह भन्छन्- 'यसबाहेक एक सय डलरको ल्यापटप कम्प्युटर तथा छिमेकी मुलुक भारतमा अत्यन्तै लोकप्रिय सिम्प्युटरका अपडेटेड पनिसबैको ध्यान खिच्नेछ।'

समय डिजिटल युगमा प्रवेश गरिसकेको छ। प्रायः सबै उपकरण डिजिटल प्रविधिमा आधारित छन। ठूला स्वरूपका प्रविधि खुम्चिँदै सानो आकारमा आइरहेकाले पनि दर्शकले छरिता प्रविधिहरूका बारेमा थप जानकारी लिन सक्नेछन्। कम्प्युटरदेखि मोबाइलसम्मका आकार घट्दो क्रममा छन्। यस्तै सफ्टवेयर प्रविधिमा तेस्रो पुस्ताका उपकरणहरूका बारेमा समेत थाहा पाउन सकिनेछ। 'नयाँ प्रविधिलाई आत्मसात् गर्ने युवा चासो बढ्दो छ।' इन्फोटेकमा हुने घुइँचोका सम्बन्धमा उपाध्याय भन्छन्- 'उनीहरू नयाँ कुरा सिक्नका लागि आउँछन्, त्यसलाई घुइँचो भन्नु भएन।'

सन् १९९५ मा ब्लु बर्ड डिपार्टमेन्टमा इन्फोटेक प्रारम्भ गर्दा मुस्किलले २ हजार दर्शकको उपस्थिति भएकोमा गत वर्ष १२ औं इन्फोटेकमा दर्शकको संख्या २ लाख ७० हजार नाघेको थियो। उपाध्यायका अनुसार ब्लु बर्डमा क्यान मेला सुरु गर्दा चिनेजानेकाहरूलाई बोलाएर सम्पन्न गर्नुपरेको थियो। क्यानले ६ वटा संस्करण ब्लुवर्डमै आयोजना गर्‍यो। त्यसपछि स्थान अभावका कारण अन्तराष्ट्रिय सम्मेलन केन्द्रमा आउनुपर्‍यो, तर अब इन्फोटेकका लागि सम्मेलन केन्द्र पनि सानो भैसकेको छ।

इन्फोटेक रमाइला प्रविधिको जमघट हुने स्थान पनि हो। आर्कषक मोबाइल, ल्यापटप, एलसिडी मनिटर, आईपड, एमपिथ्री, एमपिफोर, पेनड्राइभ, डिभिडी, कम्बोजस्ता प्रविधि अहिलेको युवापुस्ताका निम्ति प्रिय सामाग्री हुन्। ६ दिने इन्फोटेक अवधिभर दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्न सम्मेलन केन्द्र परिसरमा मुलुकका ख्यातिप्राप्त कलाकारहरूले सांगीतिक धुम मच्चाउनेछन्। त्यस्तै परिसरमै राखिने फुटबल हानेर गोल गर्न सक्नेलाई विभिन्न कम्पनीले उपहार पनि प्रदान गर्नेछन्। इन्फोटेकको आकर्षणका रूपमा इलेक्ट्रोनिक साइकल पनि उपलब्ध हुनेछ, जसलाई कुदाउनसकिनेछ। यसबाहेक गत वर्षझैं यसपटक पनि ६ दिन नै फुड फेस्टिबल पनि सञ्चालन हुनेछ।

## साइबर क्राइम

केही वर्षअघि महाराजगन्जमा एक युवतीले गलत प्रेम गर्न पुग्दा ज्यान गुमाउनुपरेको थियो। त्यो गलत प्रेमको माध्यम पनि इन्टरनेट नै थियो। यो साइबर क्राइम नभए पनि माध्यमलाई सही उपयोग गर्न नजान्दाको प्रतिफल थियो, तर अहिले योभन्दा धेरै ठूला अपराधका श्रृङ्खला साइबरको प्रयोगबाटै सम्भव भएको छ। पोर्नोग्राफीको क्षेत्रमा सक्रिय माफियाको समूहहरूले थाहै नपाई कतिपय बालबालिकालाई नङ्ग्याएर तस्बिर तथा चलचित्र तयार पार्छन्। यस्तै ह्याकर तथा एक्सपर्टहरूको सञ्जालले विभिन्न बैंक तथा संस्थाहरूको आर्थिक विवरण र खाता कब्जा गर्छन्। अर्को महत्त्वपूर्ण कुरा अवैधानिक तवरले विभिन्न गोप्य कागजात तथा विवरणहरू पनि आफ्नो कब्जामा पार्ने तथा नष्ट पार्ने काम हुन्छ। यस साइबरको प्रयोगबाट विभिन्न अपराधमूलक काममा मानिसहरूलाई फसाउने काम पनि त्यत्तिकै हुन्छ। नेपालको हकमा पनि यस्ता गतिविधिहरू भित्री रूपमा तीव्र छ, सूचना प्रविधि मञ्चका अध्यक्ष आलेन वैलोचन तुलाधरका अनुसार सेक्स पोर्नोग्राफीमा त अझ डरलाग्दो स्थिति भएकाले यससम्बन्धी जनचेतना फैलाउनु आवश्यक भैसकेको छ। त्यसो त केही समयअघि विद्युतीय कारोबार नियन्त्रण अध्यादेश अर्थात् साइबर ल आएको छ। अपराधका यस्ता श्रृङ्खला नियन्त्रण गर्न यो कानुन केही हदसम्म सफल भए पनि यो पूर्ण नभएकाले अन्य विनियमहरू पनि जारी गर्नुपर्ने विज्ञहरू बताउँछन्। अध्यादेश आएको थुप्रै समय नाघिसक्दा पनि यसको कार्यान्वयन प्रारम्भ भएकै छैन। सबैभन्दा प्रमुख काम विद्युतीय कारोबार नियन्त्रक नियुक्ति गर्नुपर्नेमा अहिलेसम्म पनि त्यससम्बन्धी काम सुरु गरिएको छैन। अपराधको क्षेत्रमा काठमाडौंलाई उपयोग गर्ने अन्तर्राष्ट्रिय माफियाहरूलाई तह लगाउनेतर्फ पनि यो कानुनले पूर्ण रूपमा काम गर्न सक्नुपर्ने विज्ञहरूको तर्क छ।


आवश्यकता
नेपाल सरकारबाट मान्यता प्राप्त NKS संस्थालाई शिक्षित/अशिक्षित कर्मचारी आवश्यकता,
तलब: ७५००/-
संख्या: १३ महिला, ५ पुरुष
सम्पर्क:
चाबहिल: २०७३६१६, ९८०३०७५९८१
कलंकी: ४२७१३७९,९८५१०२९१९३

your DJ dreams comes true with a lesson from DJ Raju
a call for DJ course with Nepal's most loved disco-jockey
the best of hip-hop, house, techno, mainstream and party mix!
book your seats now
the flight is fun, futuristic and full!!
Media Motive
Contact : 016225212,9851099581
Gautam Buddha Marg, Anamnagar

B.E. ENTRANCE
Admission Open : Preparation Classes
* Highly experienced teachers from I.O.E. Pulchowk Campus and other renouned colleges
* Free text books, Question bank and practice sheets.
* Managed by a group of reputed senior teacher of I.O.E. pulchowk Campus
* 98% Success in I.O.E. Entrance among our students.
KANTIPUR EDUCATIONAL INSTITUTE (KEI)
Kupondol, Tel: 5540917,website:www.kei.edu.np

Model wanted
Mr.& Miss Kathmandu Mega Model Contest 2007.
Contact : Dinesh Shahi 9841334087, 9841373699, 4274777, Balkhu Chowk
X-posenepal.com
The Fashion work Particepants from all over Nepal.

CAREER FOCUSED तालिम
PHOTOGRAPHY VIDEOGRAPHY Lab + Practical + Theory
DIGITAL VIDEO EDITING
PHOTO पत्रकारिता VIDEO पत्रकारिता Advance को लागि Scholership पनि
नेपालकै नं. १ Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९

केश झर्न तुरुन्तै रोकी उमार्ने तेल Retail Price 750/-
स्तन टाइट/घटाउने - 1990/-
स्तन बढाउने क्रिम - 1650/-
उचाई बढाउने - 1250/-
चाउरीपना हटाउने क्रिम - 1050/-
ए. बि. किङ्ग प्रो Special - 6800/-
मोटोपन घटाउने New Sauna Belt - 2400/-
100% Guaranteed
आस्था हेल्थ केयर
Tel.: 2110057, Mob.: 9841-330144
066-620412

तु आवश्यकता
प्रतिष्ठित संस्थाकोलागी विभिन्न कर्मचारीहरू तु आवश्यकता
फोन ४४१९३३४ ९८०३०१०८७४

Use Winter Vacation Learn Music
Come & Join the winter special classes in GUITAR, VIOLIN, VOCAL & TABALA by the renowned instructors of K.U. & R.R. College at Arco Music Institute, Bag Bazar, Kathmandu
Contact : 4244747

O. L. C. ENGLISH
✶ IELTS speaking
✶ Speaking Focus
✶ IELTS / TOEFL
Chinese, Japanese, German, French, Spanish Languages
OASIS L.C.
Thamel, Galkopakha
4-359170
(lg. books, cassettes, audio N visual CDs)

# गैंडा बचाउ

एकसिंगे एसियाली गैंडा अहिले नेपालका लागि पर्यटकीय आकर्षणको विषय मात्र नभएर नेपालको चिनारीसमेत मानिन्छ। विश्वव्यापी रूपमा साधुरिँदै गएको गैंडाको प्राकृतिक बासस्थान अहिले नेपालको चितवन तथा भारतको काजिरंगा राष्ट्रिय निकुञ्जमा मात्र छ। चिडियाखानामा रहेका गैंडाबाहेक प्राकृतिक बासस्थानमा रहेका ९५ प्रतिशत गैंडा चितवन र काजीरंगामा मात्र सीमित छन्। विश्व वन्यजन्तु कोषको प्रतिवेदनलाई आधार मान्ने हो भने गैंडा नेपालको मात्र नभै प्रकृतिकै अमूल्य सम्पदाका रूपमा देखा परेको छ। नेपाल तथा भारतमा गरी झन्डै २ हजारको हाराहारीमा मात्र रहेका एकसिंगे गैंडा अब नेपालबाट लोप हुने स्थिति देखिएको छ। सन् २००० सम्ममा चितवनमा ६ सयभन्दा बढी गैंडा गणना गरिएको थियो। चितवन राष्ट्रिय निकुञ्जले ती गैंडा धान्न नसक्ने अवस्था आएपछि सरकारले बर्दिया तथा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा गैंडा स्थानान्तरण गर्ने नीति बनाएको थियो। सोही नीतिअन्तर्गत सरकारले चितवनबाट बर्दियामा ८३ वटा एवं शुक्लाफाँटामा ४ वटा गैंडा स्थानान्तरण गरेको थियो। तर अहिले बर्दिया राष्ट्रिय निकुञ्जमा रहेका गैंडाहरू सखाप भएको तथ्य सार्वजनिक भएको छ।

यसरी गैंडा सखाप हुनुमा कुनै महामारीको प्रकोप नभै चोरी–सिकारीको हात भएको तथ्य पनि सँगसँगै सार्वजनिक भएको छ। सन् २००० सम्ममा नेपालमा ७ सयको हाराहारीमा रहेको गैंडाको संख्या अब कति छ ? भन्ने कुरा यकिनका साथ भन्न सकिने अवस्था अहिले छैन। शुक्लाफाँटामा रहेका ४ वटा गैंडाको अस्तित्वका बारेमा सरकार मौन छ भने बर्दिया अब २६ वटा मात्र गैंडा बाँकी छन्। त्यसैगरी चितवनमा पछिल्लो पटक गरिएको गैंडा गणनाका बेला ३ सय ७२ वटा गैंडा फेला परेका थिए। त्यसयता चितवनमा ३१ वटा चोरी–सिकारीबाट तथा १० वटा गैंडा कालगतिले मरिसकेका छन्। यो तथ्यांकलाई आधार मान्ने हो भने नेपालमा अहिले ३ सय ५७ वटा गैंडा मात्र बाँकी छन्। गैंडाको यो घट्दो संख्याले गैंडाप्रेमीहरूलाई निराश बनाएको छ भने नेपालबाट एक सिंगे गैंडा लोप हुने हो कि भन्ने आशंका पनि जन्माएको छ। ७० को दशकमा गैंडाको संख्या १ सयमा झरेपछि नेपालमा गैंडा संरक्षणका लागि विशेष अभियान सञ्चालन गरिएको थियो। उक्त अभियानअन्तर्गत गैंडाको प्राकृतिक बासस्थानको संरक्षणमा जोड दिइयो। परिणामस्वरूप दुई दशकमै गैंडाको संख्या दोब्बर हुन पुग्यो। यसबीच नेपालमा माओवादी जनयुद्ध सुरु भयो। माओवादी जनयुद्धसँगै गैंडा संरक्षणमा जुटेका सुरक्षा निकायहरूलाई हटाउन थालियो। परिणामस्वरूप चोर सिकारीहरूले एकपछि अर्को गर्दै गैंडा मार्न थाले। मुख्य कुरा ती गैंडाहरू कसले मार्‍यो भन्ने नै हो। तथ्यांक भन्छ– राजाले सत्ता आफ्नो हातमा लिएका सवा दुई वर्षको अवधिमा सबैभन्दा बढी गैंडा मारिएका छन्।

गैंडा मार्ने काममा स्थानीय सिकारीहरूलाई प्रयोग गरिए पनि तिनीहरू गैंडा तस्करका स्थानीय हतियार मात्र हुन्। गैंडा तस्करहरूको अन्तर्राष्ट्रिय सञ्जालसम्म सानातिना गैंडा हत्याराहरूको पहुँच हुन सक्दैन। त्यस्तो सञ्जालसम्म ठूलै मानिसको मात्र पहुँच हुन सक्छ, तसर्थ त्यस्तो सञ्जालको भण्डाफोर नभएसम्म गैंडाको सिकार रोकिने सम्भावना देखिँदैनन्। जबसम्म हामी त्यस्तो सञ्जालसम्म पुग्न सक्दैनौं तबसम्म गैंडाले अहिलेको नियति बेहोरिरहनुपर्नेछ। त्यस्तो संजालका बारेमा सत्यतथ्य बाहिर आउँदासम्म कतै नेपालका गैंडाहरू नै एकादेशको कथामा परिणत हुने त होइनन् ? यो प्रश्न अहिले गैंडा बचाउ अभियानमा जुटेकाहरूका लागि टाउको दुखाइ बनेको छ। तसर्थ सरकारले गैंडासँग सरोकार राख्ने सबै पक्षसँग सहकार्य गरेर गैंडा बचाउनका लागि कडाभन्दा कडा कदम तत्काल चाल्नु आवश्यक छ।

# नयाँ वर्ष, नयाँ ज्वर र ज्वालाम्बुको नूतन ज्वाला

क्रिस्टाब्दीको नयाँ वर्षमा पनि विक्रम संवत्को नयाँ वर्षमा सुनिएका रुमानी, उत्साहपूर्ण वाणीहरू, गर्जनमुक्त ध्वनिहरू सुनिरहेको छु। नयाँपनको आगमन जहाँ हुन्छ त्यहाँ स्वःस्फूर्ततः उमंग र उत्तेजनाका तरंगहरूको क्रीडा सुरु भैहाल्छ। जनआन्दोलन-२ को प्रारम्भदेखि पुसको मध्यबिन्दुसम्म, डिसेम्बरको अन्तसम्म नेपाली आकाश गुञ्जित भैरहेछ। इतिहासको नयाँ चरणको आगमनमा, नयाँ व्यवस्थापनको काल्पनिक माधुर्यमा। वर्षौंसम्म हरण भएको प्रजातन्त्र अथवा नेपाली इतिहासमा कहिले पनि अनुभूत नभएको वास्तविक प्रजातन्त्र अब बल्ल नेपालीहरूले भोग गर्ने भए भन्ने उत्साहमा नेपाली मानस उद्वेलित भैरहेछ। प्रजातन्त्रको मर्म अहिले नेपालीहरूको विशाल हूल समस्वरतामा गाइरहेको देखिन्छ, सुनिन्छ। यो संक्रमणकालको सकेजतिको फाइदा दुवैले मेरुदण्ड भएका अवसरवादी चाटुकारहरूले पनि लिइरहेका देखिन्छन्। विशेषतः हाम्रो जस्तो कमजोर संस्कार र संस्कृति भएको देशमा नक्कली र सक्कलीबीचको भेदरेखा फेला पार्न अति कठिन उद्योग हुन जान्छ। चाकडी एक यस्तो रसायन हो जो कुनै शुभमुहूर्तमा निष्ठावान् र नीतिबद्ध शक्तिशालीहरूको हृदयलाई पनि पगाल्न सक्छ। नेपाल पनि अरू केही विपन्न देशहरूजस्तै चाकरी परम्पराबाट प्रताडित भएकाले ठीक-बेठीकबारे सम्यक बोध नभैकनै इतिहासको यो मोडमा आइपुगेको छ। प्रजातन्त्र वा लोकतन्त्रको सफलताका लागि घूस र चाकडी अन्यन्तै खतरनाक व्याधिहरू हुन। दुवै गैर-जिम्मेवारीपनका, निकृष्ट स्वार्थका परिणतिहरू हुन्। लोकतन्त्र, अति तुच्छता र संकीर्णताबीच कृत्रिम, अप्राकृतिक मैत्री गहिरिँदै गयो भने लोकतन्त्रको चरित्र मात्र होइन, देशको चरित्र पनि सन्दिग्ध हुन सक्छ। अहिले नेपालमा स्वप्न नयाँ छ, मौखिक प्रतिबद्धता नयाँ छ र साथै कर्म र शाब्दिक वाचाबीचको खाडल परम्परागत संस्कृति-सीमाभित्र नै विद्यमान छ।

इतिहासको एक निश्चित वर्तुलभित्र सधैं घट्ने घटना हो नयाँ वर्ष। नेपालीहरू सायद भारतीयहरूभन्दा बढी, दुई नयाँ वर्षहरू मनाइरहेका देखिन्छन् : मनाउने चेतना र तदनुरूप क्षमता भएकाहरू। भारतमा विक्रम संवत् जोस र अतिरिक्त उत्साहित भएर मनाएको मैले देखेको छैन, तर क्रिसमस र क्रिष्टाब्दीको नयाँ वर्षको आगमनमा देखिने घुमधडाका वर्ष-प्रतिवर्ष पाश्चात्यकृत हुँदै गैरहेको छ। त्यसको देखासिकी गर्नमा केही शिक्षित र सम्पन्न नेपाली युवायुवतीहरू मन खोलेर लागिरहेका छन्– केही प्रौढ र वृद्धहरू पनि। केही कालका लागि अति उत्सवपूर्ण भएर आफैंलाई बिर्सने बहाना पनि हुन् विक्रमाब्दी र क्रिस्टाब्दीका समयसूचक दुई बर्तुल। धेरै अवसरमा कुनै पनि घटनाको केन्द्रलाई बिर्सेर परिधिमा मात्र सीमित हुन्छ उत्सवीहरूको उत्सव। जीवन बाँच्ने क्रम मूलतः बोझिल विवशता भएकाले चेतनशील प्राणी मानिस केही राहत, केही निहुँको तलासमा भैरहन्छ : कहिले साँढेहरूको युद्ध, कहिले




डा. डी.पी. भण्डारीसँग अन्तरंग

च्याखुरा-लडाइँ, कहिले चलचित्र दर्शन, कहिले द्रूत क्रीडा, कहिले दसैं-तिहार, कहिले स्वान सम्भोग, पुरानो वर्षको प्रस्थान र नयाँ वर्षको आगमन, कहिले व्रतबन्धन, कहिले विवाहबन्धन, आदि-इत्यादि अन्तहीन छन्, दुःखी मानिसले हजारौं वर्षदेखि रचना गरेका चाडपर्व र अन्य मनोरञ्जन माध्यमहरू। पक्षी-पशुहरू सधैंभरि उत्साहपूर्ण हुन्छन्। सम्पूर्ण प्राकृतिक जगत् उत्सवपूर्ण छ। मानिस मात्र चिन्तित छ, कसरी आफैंलाई मस्तीमा बिर्सने भन्ने बोधबाट व्याकुल छ, त्यसैले ऊ कहिले पद प्राप्तिको यात्रामा दौडन्छ, कहिले पैसा प्राप्तिको, कहिले यौनको, कहिले रक्सीको। नौला वर्षका घटनाहरू पनि हामीलाई कालचक्रबारे स्मरण गराउने सङ्केतहरू हुन्। महान् अमेरिकी चिन्तक, लेखक तथा कवि राल्फ बाल्डो इमरसन ढाडस दिन्छन्- यो सत्य तिमी आफ्नो हृदयमा अंकित गरिराख कि हरेक वर्षको प्रत्येक दिन श्रेष्ठतम दिन हो, उत्सवयोग्य दिन हो। वास्तवमा भन्ने हो भने हाम्रो दुर्बलताको कारण, हाम्रो अन्तर्निहित सीमितताको कारण कुनै दिन, कुनै कालविन्दु अरू दिवसहरूभन्दा बढी उल्लासपूर्ण भएको हो। नयाँ वर्षको प्रथम दिन वा आफ्नो जन्मदिन अरू काल र घडीभन्दा बढी मूल्यवान र उत्सवपूर्ण छ भनी ठान्नु निपट भ्रान्ति र संकीर्णताको परिचय दिनु हो।

जे होस्, समय निर्ममतापूर्वक उडिरहेको छ। हामी अचेतनतः भागिरहेको समयको पीडालाई बिर्सन कुनै विशेष दिनहरूमा बढी उत्सवपूर्ण भएर गाउँछौं, नृत्य गर्छौं। निश्चित सीमापछि त्यही डेली सेल्फ त्यही दैनिक यान्त्रिक स्थितिमा फर्कन्छौं। यस्तो चञ्चलता मानव अस्तित्वको गम्भीर पीडा हो, विडम्बना हो। अर्को कोणबाट हेर्न सक्यो भने जब हाम्रो जीवनमा घट्ने धेरै आकांक्षा र घटनाहरू माया, इल्युजन मात्र हुन् भने मौका पाएको बेलामा त्यो मायाको चुम्बकीयतामा नैराश्यभन्दा बढी आशा र र उमंगमा किन आनन्दित नहुने। यो ब्रह्माण्डभित्र एउटा कुरा मात्र स्थायी सत्य हो, त्यो हो परिवर्तन। प्रतिक्षण मानिस लगायत सबै चराचर जगत् बदलिरहेछन्। गुलाफको फूल मात्र होइन पर्वत र चट्टानहरू पनि समयाक्रान्त भैरहेछन्। तर शान्त, निःशब्द प्रकृतिमा परिवर्तन घटित भएको न कुनै ध्वनि सुनिन्छ, न त मानवजातिमा पाइने व्यापक ज्वर नै अनुभव हुन्छ। ज्वरको अर्थ हुन्छ अनियन्त्रणीय महत्त्वकांक्षा, बेचैनी र छटपटी। गत केही महिनादेखि नेपाल राजनैतिक परिवर्तनको आशा र दुश्चिन्ताबाट ग्रस्त छ। नेता र अनुयायीहरू एक किसिमको चिन्ताले आक्रान्त छन् भने कर्मचारी, पदलोलुपहरूको पीडा अर्कै कोटिको छ। सामाजिक र राजनैतिक चेतनामा स्पष्ट तीव्रता आएकाले अहिलेसम्म मौनतामा जीवन बाँचिरहेका समूह र समुदायहरू पनि मुखरित भैरहेका छन्, छटपटिरहेका छन्– सामाजिक न्यायका लागि, राजनैतिक स्थानका लागि। अहलेसम्म थुप्रिरहेको ग्रन्थि रेचन खोजिरहेछ, प्रकाशन खोजिरहेछ। सन् २००७ को प्रारम्भ, म अहिले हेरिरहेछु- नेपालमा असाधारण रूपले कोलाहलपूर्ण हुनेछ। राजनीतिमा सुसंकृति र सुसंस्कारको अनुपस्थिति प्रजातान्त्रिक व्यवस्थाको सुस्वास्थ्यका लागि त्यति हितकर नहुन सक्छ जति हामी चाहन्छौं। व्यक्तिगत र दलगत स्वार्थ संकीर्णतम हुँदै गयो भने प्रजातन्त्रको आत्मा नै त्यसको पहिलो सिकार हुनसक्छ। मेरो आजको डर त्यही छ। आज माने जनवरी १, २००७।

मेरा आत्मीय मित्र ज्वालाम्बुले अभिनव आयाममा प्रवेश गरेका छन्। २००६ को डिसेम्बर ज्वालाम्बुले आफ्नो इतिहासमा मात्र क्रान्ति ल्याएनन्, भूगोल पनि परिवर्तन गरे। मलाई प्ररणा दिने र आवश्यक सल्लाह, सान्त्वना दिने कर्ममा सधैं उद्यत थिए, उनको उपस्थिति र उनको उच्च सौन्दर्यशास्त्रबाट सधैं अभिप्रेरित भएको अनुभव गर्थे। शान्त, धीर, उदार, स्वस्थ कल्पना र चिन्तन भएका थिए ज्वालाम्बु 'विपासना'। उनको साहित्यिक रुचि र साहित्यिक उत्पादनको गुणवताबाट म औधी प्रभावित भएको छु र भविष्यवाणी पनि गरेको थिएँ, यदि तिमी लेखनकर्ममा दत्तचित्त भएर लाग्न सक्यौ भने नेपाली साहित्यमा प्रशंसनीय योगदान गर्न सक्छौ, तर उनी सधैंभरि आत्मनिषेध र प्रामाणिक, अर्थेन्टिक विनम्रतामा टालिदिन्थे मेरा सुझाव र अनुरोधहरूलाई। उनीभित्र एक प्रकारको सिर्जनात्मक अग्नि थियो, ज्वाला थियो जो उचित मात्रामा फलीभूत हुन सकिरहेको थिएन, उनको आफ्नै विनम्रता र गहन संवेदनशीलताका कारण। प्रचर शून्यताको अनुभूति हुन्छ, उनको अनुपस्थितिमा। त्यति सभ्य, सुसंस्कृत मित्रहरू धेरै कम आए मेरो जीवनमा। द्वैत र अद्वैतबारे स्मृतिपूर्ण हुँदै आत्मसंवाद गर्न विवश छु : नयाँ वर्षमा ज्वालाम्बुको सिर्जन ज्वाला कस्तो गैरहेको होला ?

*किसी नजरको तेरा इन्तजार आज भी है*
*कहाँ हो तुम ये दिल बेकरार आज भी है।*



## नीति-नियम

जसरी एउटी वेश्या कुनै व्यक्तिको सबै धन लिएर पनि उसको अधीनमा हुन्ने र उल्टै उक्त व्यक्तिलाई अधीनमा राख्न समर्थ हुन्छे, त्यसैगरी मानिसहरूलाई पनि आफ्नो अधीनमा राख्न सक्नुपर्छ तर आफू कसैको अधीनमा पर्नुहुँदैन। विद्वान्हरूको संगतले श्रुति, स्मृति तथा पुराणको अर्थको विशेष ज्ञान एवं सत-असत विचार गर्न सक्ने बुद्धि प्राप्त हुन्छ। खाँदाखाँदै बाटोमा हिँड्ने, हाँसेर कुरा गर्ने, नष्ट भएको वस्तु, बितेका कुरा र मरेका मानिसका विषयमा शोक गर्नु, आफूले गरेको कामको आफैंद्वारा प्रशंसा गर्ने जस्ता कामहरू गर्नु हुँदैन।

–शुक्रनीति

अनुवाद : रामहरि बन्जारा



## चिठीपत्र

### जनता महान् भए ?

विगत केही महिनादेखि नेकपा (माओवादी)का अध्यक्ष प्रचण्डले जनतालाई महान् जनता भनिरहेका छन। सात दलले माओवादीलाई साथमा लिएर जनआन्दोलन-२ गरेपछि एक्कासि प्रचण्डले जनतालाई महान् भन्न थालेका हुन्। गाउँमा जनता अझै त्रासमा बाँचेका छन्। युद्धको मारमा परेका जनता खुसीले एक छाक खान पनि वञ्चित छन्। शान्तिको नाममा कुर्सीको झगडा फेरि सुरु भएको छ। द्वन्द्वले जनताको मन-मस्तिष्क र नेपालीपन खर्लम्म खाएको छ। सरकारले जनताले उब्जाएको अन्नको सही बजार व्यवस्था गर्न सकेको छैन। नातावाद, कृपावाद र भ्रष्टाचारले नेतालाई कतै उम्कन दिएको छैन। महिला, अपाङ्ग, दलित तथा जनजातिले त सत्ताको ढोकासम्म देख्न पाएका छैनन्। सरकारले जनताको जीवनरक्षाको ग्यारेन्टी गर्न सकेको छैन। त्यसमाथि माओवादीहरूको नक्कल गरी जबरजस्ती गर्ने, लुट्नेहरूको संख्या बढेकाले जनता सामाजिक अपराधबाट पनि मुक्त हुन नसक्ने देखिएको छ। यस्तो स्थितिमा नेपाली जनता कसरी 'महान्' भए ?

**–आर.सी. विरही, काभ्रे**

### राजालाई राष्ट्रपति ?

२ सय ३८ वर्ष पुरानो राजतन्त्रले यो देशका जनतालाई रैती बनाएको सबैमा विदितै छ। २०४६ सालमा जनआन्दोलन भयो। तत्कालीन नेताहरूलाई रमझम पार्दै संविधान बनाई सबै गाँठो फुकाउने साँचो राजामा सीमित राखि सवैधानिक राजाको ढोंग रचेर जनताको अधिकार कुण्ठित गरियो।

त्यस्तो अपूर्ण प्रजातन्त्रको प्रतिफल रातारात मालामाल हुने मनोवृत्ति नेताहरूमा पनि देखा पर्‍यो। माओवादी आन्दोलनको जग पनि यही अपूर्ण प्रजातन्त्र थियो, तर जनआन्दोलन-२ पछि अब नेताहरूले राजालाई नै राष्ट्रपति बनाउनुपर्छ। राजा भन्नु सायद लोकतन्त्रलाई सुहाउँदैन। अहिले सात पार्टी र माओवादीबीच भएको सम्झौतापछि मुलुक लोकतन्त्रको बाटोमा हिँडेकाले हामी नागरिकलाई खुसी तुल्याएको छ।

**–हर्कबहादुर गोदार**

### परिवर्तन गरियोस्

साप्ताहिक नयाँ रूपमा परिमार्जित भए पनि मध्यपृष्ठमा भने परिवर्तन गरिएको छैन, किन ? के हाम्रो नेपालका कुनै पुरुष राम्रा छैनन् ? साप्ताहिकको मध्यपृष्ठमा जहिले पनि किन महिलाको तस्बिरलाई मात्र प्राथमिकता दिइन्छ ? त्यो पनि अधिकांश नेपाली जनताले नपचाउने नग्न तस्बिर। मजस्ता धेरै युवाले घरमा परिवारसँग बसेर साप्ताहिक पढ्न निकै अप्ठेरो भै लुकी-लुकी पढ्नुपर्छ। त्यसकारण, साप्ताहिकले विशेष ध्यान पुर्‍याई नग्न तस्बिरको ठाउँमा धार्मिक एवं पर्यटकीय स्थलहरूको तस्बिर प्रकाशित गरे सुनमा सुगन्ध हुने थियो।

**–राजन सुवाल, झौखेल–६, भक्तपुर**

### एफ.एम.को योगदान

मानिसका आधारभूत आवश्यकतामध्ये मनोरञ्जन पनि एक हो। मानिसको मनोरञ्जनका लागि एमएम रेडियोको बेग्लै भूमिका छ। टेलिभिजन तथा पत्रपत्रिकाको पहुँच नपुगेका क्षेत्रमा एफ.एम. रेडियोहरूले जनताको घरदैलोमा सूचना, संगीत, साहित्य, शिक्षा, स्वास्थ्यलगायत विविध जानकारी पुर्‍याउँदै आएको छ। हालसालै सरकारले ५० वटा एफ.एम. रेडियो तथा ५ वटा टेलिभिजन च्यानललाई प्रसारण अनुमति (इजाजत) प्रदान गरेको छ। नेपाल सरकारको यो कार्य सराहनीय छ।

राजा ज्ञानेन्द्रले सत्ता आफ्नो हातमा लिएपछि एफ.एम. रेडियोहरूको मुखमा पट्टी बाँधियो र सारा नेपाली जनताको सूचनासम्बन्धी हकमाथि खेलबाड भयो। त्यस बेला सारा नेपाली जनताका लागि दुःखको अर्को पहाड देखा पर्‍यो, तर अहिले लोकतन्त्रको आगमनसँगै एफ.एम. रेडियोहरूले फेरि नेपाली जनताको मन जित्न थालेका छन्। सत्य र निष्पक्ष समाचार सम्प्रेषण गरी जनतालाई सुसूचित गराउनु एफ.एम. रेडियोहरूको कर्तव्य र समयको माग हो। जनआन्दोलन भाग-२ मा एफ.एम. रेडियोहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरे, जसको परिणामस्वरूप आज सारा नेपालीले शान्ति र लोकतन्त्रको न्यानो घाम पाएका छन्।

**–प्रभुकुमार श्रेष्ठ, रामेछाप**

## तीतो सत्य

-प्रेमलाई कसैले पनि जित्न सक्दैन।

-सुनेको भन्दा देखेको कुरा सत्य हुन्छ।

-चोखो मायामा घात पटक्कै सुहाउँदैन।

**नवराज सापकोटा**

-अरूबाट आफूले जस्तो व्यवहारको अपेक्षा गरिन्छ। त्यस्तै व्यवहार आफूले पनि अरूलाई गर्नुपर्छ।

-अगाडि बढ्नेले पछाडि फर्केर हेर्न जान्नुपर्छ।

-आफ्नो अधिकार खोज्नेले कर्तव्य पनि पूरा गर्नुपर्छ।

-पानीले रगत बन्छ, रगतले पानी होइन।

-माफी माग्नेभन्दा माफी दिने व्यक्ति महान हुन्छन्।

**भानु श्रेष्ठ**

-राम्रो कुराको सुरुवात एक जनाबाटै हुन्छ।

**आकाश चन्द्र न्यौपाने**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन पाठकहरूसँग हार्दिक अनुरोध छ।*

*–सम्पादक*


# प्रविधि सञ्जालमा एम जेनेरेसन

पृष्ठ १ बाट जारी

भएको छ। आफूलाई मन परेको तस्बिर राख्यो, नराम्रो जति 'डिलिट'। 'डिजिटल प्रविधि अहिलेको माग हो,' सूचना तथा सञ्चार प्रविधिविज्ञ सुब्बा भन्छन्- 'अब सबै क्षेत्रमा डिजिटल प्रविधिको प्रयोग हुन्छ।' मल्टिमिडिया प्लेयर डिभिडीदेखि भर्खरै नेपाली बजारमा आएको पल्सर मोटरसाइकलको माइलमिटर बक्ससमेत डिजिटल प्रविधिका छन्।

त्यस्तै डिजिटल प्रविधिमा पनि रंगीन कलेवर उपभोक्ताहरूको पहिलो रोजाइ हुने गरेको छ। एक अध्ययनअनुसार कुनै बेला रंगीन टेलिभिजनप्रति उपभोक्ताको जस्तो क्रेज थियो, यतिखेर रंगीन मोबाइल सेटप्रति उपभोक्ताको चाहना त्यत्तिकै छ। सुब्बाका अनुसार भविष्यमा इन्टरनेटका लागि पनि मोबाइल फोनको प्रयोग बढ्नेछ। वाइफाइ सिस्टमअन्तर्गत बिनातार इन्टरनेट सर्फिङ गर्न सकिनेछ। त्यसमा अडियो, भिडियो आदि सुविधा पनि हुनेछन्।

यसका लागि अतिरिक्त मेमोरीको आवश्यकता पर्छ। केही समयअघि मात्र सामसुङले बजारमा ल्याएको ८ गिगाबाइट क्षमताको एसजीएच- आई ३१० यसको उदाहरण हो, तर सरकारी नीति स्पष्ट नभएको खण्डमा यी सबै सुविधा तत्काले उपलब्ध हुन भने गाह्रो पर्नेछ। सुब्बाका अनुसार नेपालमा विद्युतीय कारोबार अध्यादेश आए पनि यसको कार्यान्वयन पक्षमा सरकारले खासै ध्यान दिएको छैन। नेपालको जनसंख्या २ करोड ५० लाख नाघिसकेको छ। नेपाल दूरसञ्चार प्राधिकरणले भर्खरै सार्वजनिक गरेको एक तथ्याङ्कअनुसार सन् २००५ को अक्टोबरमा एक सय जनामा १ दशमलव १४ ले मोबाइल बोक्ने गरेकोमा त्यसको एक वर्षपछि यो संख्या



३ दशमलव ५४ मा पुगेको छ। मोबाइल कम्पनीहरूले पनि उपभोक्ता बढाउन मोबाइलमा क्यामेरा र संगीतमा जोड दिएका छन्।

**इन्टरनेटको सञ्जालमा नयाँ पुस्ता**

हाई फाइभको इन्टरनेट जालोका एक सदस्य हुन्, पुरानो बानेश्वरका समवेत पराजुली। समवेतलाई सहरिया वातावरणमा हुर्किएका नयाँ प्रतिनिधि पात्रका रूपमा लिन सकिन्छ। १९ वर्षीय समवेत आत्मविश्वासले भरिएका महत्त्वाकांक्षी युवा पनि हुन्। कलेज जानु, साथीहरूसँग जमघटमा सामेल हुनु, गर्लफ्रेन्ड भेट्नु, कलेजको होमवर्क गर्नु उनको दिनचर्या हो। त्यसपछि सूचना तथा सञ्चार प्रविधिको भरपूर प्रयोगमा समेत समवेतले भ्याउनुपर्ने अवस्था छ। 'मेरा लागि समय छोटो भएको छ,' साप्ताहिकसँगको भेटमा समवेतले भने। फुर्सदको समयमा दिउँसो नभए रातको समयमा त उनी इन्टरनेटको सञ्जालमा पुगिसक्छन्।

दैनिक छ घण्टा उनको समय कम्प्युटरमै बित्छ। समवेतका अनुसार इन्टरनेट मोहकै कारण रातको निद्रा पनि उनी त्याग्न तयार हुन्छन्। कहिलेकाहीं २ बज्छ, उनी भन्दै थिए- चलाउँदै जाँदा समय बितेको पत्तै हुँदैन, बिहान कलेज जानुपर्ने भएकाले र घरका अन्य सदस्यले कराउने डरले पनि सुत्ने गरेको



उनी बताउँछन्। त्यसो त उनीसँग सूचना तथा सञ्चार प्रविधि सम्बद्ध अन्य साधनहरू टेलिभिजन, मोबाइल, आईपड, एमपीथ्री पनि छन्। कम्प्युटरमा उनी डेढदेखि दुई घण्टासम्म व्यतीत गर्छन्। त्यसपछि गेम अनि प्रोगामिङ।

यही समयकै बीचमा मोबाइलमा गफ गर्न पनि पाउँछन्। बेला-बेला एसएमएस दोहोरी चलिरहन्छ। पृष्ठभूमिमा आईपड संगीत गुञ्जिरहेको हुन्छ। कम्प्युटर चलिरहेकै बेला टेलिभिजनका राम्रा कार्यक्रम पनि हेर्न भ्याउँछु, समवेतले प्रतिप्रश्न गर्दै भने- 'तपाईंलाई कस्तो लाग्यो मेरो समय अभावको कथा ? उनी हाँस्छन् र फेरि भन्छन्- 'घरमा कति कम्प्युटरमा झुन्डिएको भन्ने कुरा आयो भने साइबर पुगिसकेको हुन्छु। गर्लफ्रेन्डलाई भेट्ने समय मिलेन भने च्याटिङ हुन्छ।'

साइबरको अर्को सञ्जाल पनि छ। दुर्व्यसनीलाई लत बसेजस्तै यो समूहको दिनचर्या पनि साइबर चहार्दैमा बित्छ। यहाँ पनि समवेतकै भनाइ दोहोरिन्छ, समयकै पर्याप्तताको अभाव। साइबर शुल्क सस्तो भएकाले पनि प्रयोगकर्ताहरूको भीड बढ्दो छ। समवेतको समूहलाई 'एम-जेनेरेसन' को नाम दिइएको छ। एम जेनेरेसनका यी सदस्यहरूको एउटै उद्देश्य हुन्छ, कम्प्युटरको भर्च्युल संसारमा रमाउने। यही कारणले हुनसक्छ, अभिभावकहरू छोराछोरीले पढाइ बिगार्छन कि भन्ने चिन्तामा हुन्छन्। 'दैनिक चार-पाँच घण्टा कम्प्युटरमै बस्छ,' समवेतकी आमाले भनिन्- 'के गर्छ कुन्नि, कहिलेकाहीं त यो कम्प्युटर नै बेचिदिनुजस्तो लाग्छ। यसकै कारण घरमा आउने पाहुनासँग उसको दोहोरो संवाद पनि हुँदैन।'

तर समवेत प्रस्ट पार्छन- 'म नचाहिँदो कामका लागि कम्प्युटर प्रयोग गर्दिनँ। एम जेनेरेसनको प्रमुख समय फोन गर्ने, एसएमएस गर्ने, नेट सर्फिङ गर्ने, संगीत सुन्ने तथा टेलिभिजन हेर्दैमा बित्ने भएकाले पनि अभिभावकहरू चिन्तामा डुबेका हुन्, तर यसको उचित समाधान के हुनसक्छ भन्ने कुरामा पनि प्रस्ट उत्तर छैन। एक अध्ययन प्रतिवेदनअनुसार विकासोन्मुख छिमेकी मुलुक भारत र चीनले मात्र होइन, विकसित अमेरिका र युरोप पनि यसको समाधान खोज्ने काममा केन्द्रित छन्।

अचम्म लाग्ने कुरा के भने कामकाजी मानिसहरूका निम्ति उपयोगी भनिएको मोबाइल निजी आयस्रोत नै नभएको अहिलेको पुस्ताका निम्ति अभिन्न अंग बन्ने तरखरमा छ। स्कुल, कलेज जानेहरूका हातमा पनि अहिले विभिन्न मोडलका मोबाइल सेट र रिङटोनका विषयमा घण्टौं छलफल हुने गरेको छ। 'उपकरणहरूको मूल्यमा आएको ह्रास पनि प्रयोगकर्ताको संख्या बढ्नुको एउटा कारण हो,' क्यानका अध्यक्ष सिंह भन्छन्- 'त्यसपछि समयअनुसार फेसनको कुरा पनि आउँछ। सिंहका अनुसार प्रविधिलाई नजिकबाट बुझ्ने काम किशोरवयले गर्ने भएकाले भविष्य पनि उनीहरूकै हातमा हुने भएकाले त्यसबाट उनीहरूलाई अलग्याउन मिल्दैन।

त्यसको सट्टा उनीहरूलाई साइबर सेक्स र क्राइमका विषयमा सचेत गराउनु आवश्यक छ। मोबाइलकै कुरामा हिमालयन ह्वाइट हाउस कलेजमा बीबीए अध्ययनरत कृति गौतम भन्छिन्- 'थोरै खर्चमा कम्युनिकेसन सम्भव छ भने विद्यार्थीले पनि यसको सदुपयोग गर्नुलाई इस्यु बनाइनु हुँदैन। कृतिका अनुसार सूचना प्रविधि सम्बद्ध उपकरणको सहायताबाट आफूलाई आवश्यक पर्ने कुरा कति ग्रहण गर्ने र अनावश्यक कुरातर्फ कति ध्यान दिने भन्ने कुरा महत्त्वपूर्ण हो। कृतिकै अनुसार पनि यो उद्योगको नियन्त्रणमा उपभोक्ता पर्ने होइन, बरु उपभोक्ताले यी कुरालाई नियन्त्रण गरेर चलाउन सक्नुपर्छ।

भर्चुअल संसारमा आफ्नो समाज बनाउन रुचाउने एक सदस्य हुन् रमेश सिंखडा। रमेशका अनुसार उनलाई यी साधनबाट टाढा राख्ने हो भने स्वाभाविक रूपमा उनी तनावमा हुन्छन्। 'दिउँसो २ बजेदेखि ६ बजेसम्म प्रायः म इन्टरनेटमा हुन्छु,' रमेशले भने- 'देशमा भएका साथीदेखि विदेशकाहरूसम्म त्यहीं कुराकानी हुन्छ। विदेश जाने तरखरमा भएकाले इन्टरनेटमार्फत विभिन्न कलेजको जानकारी पनि उनी लिइरहेका छन्। रमेशसँग नजिकका साथीहरूको नाम सोध्दा औंलामा गन्न सकिने नाम बताउन पनि उनलाई गाह्रो भयो, तर भर्चुअलमा त्यस्ता धेरै नाम छन् स्वदेशीदेखि विदेशीसम्म। थाइल्यान्डकी एउटी युवतीसँग विवाह गर्ने चरणसम्म कुराकानी भयो, रमेशले भने- 'म नेटमा खुलेर बोल्न सक्छु तर बाहिर गाह्रो लाग्छ। रमेशको पछिल्लो भनाइले पनि इन्टरनेटको मोहले राम्रा कुरा सिकाउनुका अतिरिक्त उनीहरूलाई असामाजिक बनाइरहेको पनि प्रस्ट्याउँछ।

त्रिभुवन विश्वविद्यालयमा वातावरण विज्ञानमा स्नातकोत्तर अध्ययनरत विनोद ढुङ्गानाको बुझाइमा भने सूचना तथा सञ्चार प्रविधिको महत्त्व छुट्टै छ। विनोदका अनुसार उनले अध्ययन गरिरहेको विषयका थुप्रै जानकारी सर्च इन्जिनहरूबाट जुटाउन सम्भव भएको छ। 'अहिले छोटो समयमा धेरै जानकारी राखेर प्रोजेक्ट वर्क तयार गर्न सकिन्छ,' विनोदले भने- 'प्रविधि थिएन भने लामो समय लगाएर थोरै जानकारी राख्न सकिन्थ्यो, कतिपयले नसकेर कसैको सारेरै बुझाउनुपर्ने हुन्थ्यो।'मोडलिङ क्षेत्रमा क्यारियर खोजिरहेकी मलिना तामाङका अनुसार उनको परिवारका सबै सदस्य दिल्लीमा भएकाले उनीहरूसँग नियमित सम्पर्क राख्न पनि इन्टरनेट उपयोगी भएको छ। मेरो जस्तै धेरैका आफन्त बाहिर छन्, मलिना भन्दै थिइन्- 'मनिटरमा उनीहरूलाई हेर्दै गफ गर्नुको मज्जै छुट्टै छ।'

**फेरि कुरा एम जेनेरेसनकै**

'एम-जेनेरेसन' भनिने यो समूहमा ५ वर्षीय बालकदेखि २८ वर्षसम्मका युवालाई समेट्न सकिन्छ। कार्टुन नेटवर्क हेर्नेहरूबाट प्रारम्भ हुने एम जेनेरेसन विश्वविद्यालयको अध्ययनपश्चात्को रोजगारी नपाउन्जेलको अवधि हुनसक्छ। घरमा टेलिभिजन सेट छ, त्यसमा केवल जोडिएको छ र परिवारमा साना उमेरका सदस्य छन् भने कार्टुन हेर्नकै लागि उनीहरूले महत्त्वपूर्ण कार्यक्रम हेर्नबाट वञ्चित गराइदिन्छन्। ५ वर्षीय उमेर सानो लाग्छ, तर कार्टुन हेर्ने यो उमेरका बालबालिका एम जेनेरेसनका पहिलो समूह हुन्। त्यसपछि बिस्तारै उमेर बढेपछि पोर्टेबल गेम र कम्प्युटर मोनिटरमा गेम खेल्ने क्रम सुरु हुन्छ। किशोरवय भएपछि धेरै कुरा जान्न खोज्ने उत्सुकताकै कारण प्रायः सबै जानकारी उनीहरूले राख्न सक्छन्।

विद्यालयस्तरदेखि कलेजसम्मको अध्ययनमा पनि कम्प्युटर विषय जोडिएकाले कम्प्युटरको राम्रो ज्ञान आवश्यक भैसकेको हिमालय ह्वाइट हाउसकी विनिता भट्टराई बताउँछिन्। विनिताका अनुसार चौबीसै घण्टा कम्प्युटर मात्र भन्नेहरूको तुलनामा प्रविधिका यी सबै सुविधालाई उपयोग गर्न उनी सक्षम छन्। विनिता भन्छिन्- अध्ययन पहिलो प्राथमिकतामा पर्छ, त्यसपछि कम्प्युटर। एम जेनेरेसनको विकाससँगै अब छोराछोरीलाई डाक्टर, इन्जिनियर मात्र बनाउँछु भन्ने सोच पनि अन्त्य हुँदै गएको सूचना प्रविधिविज्ञ सुब्बा बताउँछन्। प्रविधिमा धेरै सूक्ष्म विषयमा गहिरो अध्ययन र अन्य सामान्य भनिएका विषयमा पनि व्यावहारिक शिक्षा हासिल गर्ने परिपाटी विकास भएकाले अब अभिभावकहरूले पनि सन्तानले रोजेको बाटोमै सहयोग गर्नुपर्ने स्थिति विकसित हुँदै गएको छ।

### हिंसात्मक खेलको संख्या धेरै

कम्प्युटर तथा भिडियोमा झुन्डिने एम जेनेरेसनको भविष्यको चिन्ता गर्नेहरूलाई अर्को चिन्ताले पनि सताएको छ। त्यो हो कम्प्युटर तथा भिडियो गेम। 'प्रायः सबै खेल हिंसात्मक छन्' सूचना तथा सञ्चार प्रविधि विज्ञ राजीव सुब्बा भन्छन्- जसका कारण उनीहरूमा मानसिक असर पर्न सक्छ। बन्दुक, गोला बारुद तथा अश्लील खेललाई अहिलेको पुस्ताले रूचिपूर्वक लिन्छ। त्यसैले अभिभावकहरूले यो विषयमा पनि त्यत्तिकै ध्यान दिनु आवश्यक छ।

## केही अत्याधुनिक मोबाइल सेट



- पेडोमिटर, क्यालोरी मापक, हृदय गति मापकजस्ता स्वास्थ्य सेवा परीक्षण गर्ने सुविधासमेत भएको सोनी एरिक्सन पी ९९० आई बजारमा उपलब्ध छ।
- मोबाइलमा खेल खेल्ने उपभोक्ताहरूलाई लक्षित गरी ब्ल्याकबेरी तथा नोकिया एन ९३ मा क्वेर्टीको बोर्डको माध्यमबाट मल्टिप्लेयर सम्भव भएको छ।
- स्लिम तथा ट्रिमको अहिलेको चाहनालाई पूरा गर्न धेरै मोबाइल कम्पनीहरू अनुसन्धानमा लागेका छन्। सोनी एरिक्सनका केही नयाँ सेट त्यसमा पर्छन्। यसैगरी स्यामसुङ कम्पनीको अल्ट्रा एडिसन, ६.९ मिमि फोनमा २ मेगा पिक्जल क्यामेरा, एमपीथ्री डिटेक्ट टीबी आउट तथा ८० एमबी मेमोरी छ।
- स्यामसुङ आई ३१० मा २ हजार गीत राख्न सकिन्छ। एमपीथ्री संगीत सौखिनहरूका लागि अन्य कम्पनीहरूले पनि त्यस प्रकारकै उत्पादनमा ध्यान दिन थालेका छन्।
- थ्रीजी अर्थात् तेस्रो पिंढीको मोबाइल सेवा सुरु हुने भएपछि मोबाइल ह्यान्डसेटमै टेलिभिजन जसरी नै भिडियो देख्न सकिन्छ। नेपालमा पनि चाँडै नै थ्रिजी मोबाइल वितरण गर्ने टेलिकमले बताउँदै आएको छ।
- थ्रिजीपछिको फोरजी प्रविधिको प्रयोगसँगै मोबाइल सेटको माध्यमबाटै भविष्यमा विभिन्न घरेलु उपकरणमाथि नियन्त्रण गर्न सकिनेछ। अहिले पनि सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोगका रूपमा निर्माण भएका स्मार्ट सिटीहरूमा यस्तो प्रविधिको सहायताले घरबाहिरैबाट मोबाइलमार्फत नै फ्रिज अन अफ गर्ने, ओभन अनअफ गर्ने, ढोकाको डिजिटल पासवर्ड आदानप्रदान गर्ने काम हुने गरेका छन्।

# ताररहित फोन प्रयोग १० लाख नाघ्यो

मुलुकभर मोबाइललगायत ताररहित प्रविधिको फोन संख्या साढे १० लाख पुगेको छ। नेपाल दूरसञ्चार प्राधिकरणको तथ्यांकअनुसार अधिराज्यभरि प्रयोग भएका फोनमध्ये दुईतिहाइ ताररहित प्रविधिका छन्। यिनमा प्रिपेड मोबाइल सर्वाधिक लोकप्रिय देखिएको छ। देशभर १५ लाख ३८ हजार ८ सय ८७ लाइन फोन छन्, जसमा ४ लाख ९५ हजार ५ सय ६९ लाइन मात्र आधारभूत (ल्यान्ड लाइन) तारसहितका छन्। मोबाइललगायत तार नचाहिने फोनको संख्या १० लाख ४३ हजार ३ सय १८ पुगेको छ। करिब ९० वर्षअघि तारवाला टेलिफोन सेवा सुरु भए पनि ताररहित प्रविधिका फोन तीन वर्षमै निकै बढी लोकप्रिय भएका छन्।

सरकारी स्वामित्वको नेपाल टेलिकम तथा निजी लगानी भएको मेरो मोबाइलले ९ लाख १६ हजार ६ सय ३९ सेलुलर मोबाइल बिक्री गरेका छन्, जसमध्ये ७ लाख ९९ हजार ४ सय ३१ प्रिपेड मोबाइल छन्। यो संख्याले अहिले ८ लाख नाघेको छ।



प्राधिकरणका प्रवक्ता कैलाश न्यौपानेले दूरसञ्चारका क्षेत्रमा सरकारी तथा गैरसरकारी कम्पनीहरूबीच सेवा दिने र शुल्क घटाउने प्रतिस्पर्धा सुरु भएकाले ताररहित प्रविधिमा आधारित फोनको संख्या ह्वात्तै बढेको बताए। सीडीएमए (कोड डिभिजन मल्टीपल एक्सेस) प्रविधिका १ लाख ५ हजार ८ सय ८५ फोन बिक्री भएका छन्। भारत तथा नेपालको संयुक्त लगानी भएको युनाइटेड टेलिकम लिमिटेड एवं नेपाल टेलिकमले ताररहित प्रविधिमा आधारित फोन सञ्चालन गर्दै आएका छन्। यस्तो फोन सीमित क्षेत्रमा बिनातार सञ्चालन गर्न सकिन्छ।

यसैगरी उपत्यकाभित्र मोबाइलका रूपमा प्रयोग गर्न सकिने 'लिमिटेड मोबिलिटी' युक्त ताररहित फोन १९ हजार ८ सय ४३ वटा बिक्री भएका छन्। यस्तो फोन सेवा युनाइटेड टेलिकम तथा नेपाल टेलिकम दुवैले प्रदान गर्दै आएका छन्। स्याटेलाइट मोबाइल फोन नेपालबाट ९ सय ५१ वटा बिक्री भएका छन्। सरकारले कन्स्टलेसन तथा एभ्को इन्टरनेशनललाई स्याटेलाइट मोबाइल बिक्री गर्ने अनुमति दिएको छ।

देशका कुना-कुनासम्म टेलिफोन पुग्ने क्रम बढ्दै गएको छ। अधिराज्यका ३ हजार ९ सय १४ गाविसमध्ये २ हजार २८ गाविसमा फोन पुगेको छ। यो अधिराज्यको ५१ दशमलव ८१ प्रतिशत हो।

## नेट प्रयोगकर्ता ४६ हजार

नेपाल दूरसञ्चार प्राधिकरणको तथ्याङ्कअनुसार मुलुकभर इन्टरनेट प्रयोगकर्ताको संख्या ४६ हजार पुगेको छ। प्राधिकरणको बुलेटिन व्यवस्थापन सूचना प्रणाली (एमआईएस) मा उल्लेख भएअनुसार निजी क्षेत्रको प्रतिस्पर्धात्मक बजार र नेपाल टेलिकमको मुलुकभित्रको विस्तार क्रमसँगै पूर्व मेचीदेखि महाकालीसम्म इन्टरनेट प्रयोगकर्ताहरूको संख्या बढ्दै गएको छ। प्राधिकरणले इन्टरनेट तथा इमेल सेवा प्रदान गर्न ३९ वटा सञ्चालक कम्पनीलाई इजाजत दिएको छ, जसमध्ये हाल ३२ वटा कम्पनीले सेवा दिइरहेका छन्।

तथ्याङ्कअनुसार यसमध्ये सबैभन्दा धेरै ग्राहक वर्ल्ड लिङ्क कम्युनिकेसन्सका छन्। असार मसान्तसम्म उक्त कम्पनीका १४ हजार ९ सय ९५ ग्राहक पुगेका छन्, जसमध्ये डायल अप प्रविधिबाट इन्टरनेट प्रयोग गर्नेहरू १२ हजार १ सय ३२ छन्। पछिल्लो अवधिमा आएको केबुल प्रविधिमार्फत २ हजार ७ सय ५५ तथा वायरलेस ग्राहक १ सय ८ छन्। वर्ल्ड लिङ्कका पवन शाक्यका अनुसार यो संख्यामा अझै वृद्धि पनि भैसकेको छ। शाक्यले भने- 'हरेक महिना करिब १० प्रतिशत प्रयोगकर्ता बढेका छन्। यस्तै दोस्रोमा मर्कन्टाइल सोलुसन छ। गत असारसम्ममा मर्कन्टाइलका इन्टरनेट-इमेल ग्राहकको संख्या १० हजार २ सय ३६ थियो।

तेस्रोमा नेपाल टेलिकम छ। टेलिकमबाट असोज मसान्तसम्म इन्टरनेट, इमेल सेवा लिनेको संख्या ८ हजार ९ सय छ। टेलिकममा डायल प्रविधि प्रयोग गर्नेहरूको संख्या अत्यधिक छ। ताररहित सीडीएमए प्रविधिमा छुट्टै इन्टरनेट लाइन जोड्नुपर्ने नभएकाले त्यसबाट इन्टरनेट सेवा लिनेको संख्या थप करिब ६ हजार हुनसक्ने टेलिकमले बताएको छ। प्राधिकरणको प्रतिवेदनले अहिले पनि प्रति एक सयमा शून्य दशमलव १८ को इन्टरनेटमा पहुँच छ। एक अन्तर्राष्ट्रिय प्रतिवेदनअनुसार सन् २००६ मा विश्वभरमा सबैभन्दा बढी इन्टरनेट प्रयोगकर्ता अस्ट्रेलियामा छन्। जहाँ प्रति १ सयमा ७० जना इन्टरनेट प्रयोगकर्ता छन्। त्यसपछि जापान छ। छिमेकी मुलकहरू चीनमा प्रति १ सयमा ९ जना तथा भारतमा करिब ६ जनाले इन्टरनेट प्रयोग गरेका छन्।

# यस पटकको इन्फोटेकका आकर्षणहरू

काठमाडौं- यस वर्षको क्यान इन्फोटेक-२००७ मा पनि विभिन्न नयाँ उत्पादन तथा सेवाहरू सार्वजनिक हुने क्रममा छन्। दर्शकहरूको उल्लेख्य उपस्थिति रहने इन्फोटेक अवधिभरमा सूचना एवं सञ्चार प्रविधि (आईसीटी) सम्बद्ध कम्पनी तथा संस्थाहरूले आफ्ना उत्पादन तथा गतिविधिहरू सार्वजनिक गर्ने प्रचलन नै बसिसकेको छ। 'यसपटक पनि सूचना तथा सञ्चार प्रविधिमा आएका नयाँ उत्पादनहरू आउँदैछन्,' मेला संयोजक सीएन उपाध्याय भन्छन्- 'तर धेरै कम्पनीले प्रदर्शनीमै मात्र सार्वजनिक गर्ने ट्रेन्ड बसेको छ।' आगामी मंगलबारदेखि प्रारम्भ हुने मेलाका सुरुका दुई दिन उत्पादक व्यवसायी तथा उपभोक्ताबीच हुने व्यापारिक कारोबारका लागि बिजनेस डे राखिएको छ।

मोबाइलमा तस्बिरयुक्त सन्देश पठाउन तथा प्राप्त गर्न एमएमएस प्रविधि सञ्चालनमा ल्याएको स्पाइस नेपालले क्यान इन्फोटेकको अवसर पारेर दर्शकहरूलाई आफ्ना सेवाको जानकारी गराउँदैछ। त्यसैगरी आफूलाई मन पर्ने संगीतलाई रिङटोनमा राख्न सक्ने पर्सनालाइज्ड रिङ ब्याक टोनको सुविधाका सम्बन्धमा पनि जानकारी उपलब्ध गराइने कुरा स्पाइस नेपालले बताएको छ। स्पाइस नेपालका बजार प्रबर्द्धक सनत शर्माका अनुसार मेरो मोबाइलको स्टलमा मुलुकका सेवा पुगेका तथा चाँडै पुग्ने स्थानको डिजिटल्ली म्याप प्रस्तुत गरिनेछ। सनत भन्छन्- ब्रान्ड नेम प्रबर्द्धन गर्नु हाम्रो उद्देश्य हो, त्यसैगरी स्पाइसले आफ्ना सेवाहरूका बारेमा सूचना-प्रविधिसम्बन्धी प्रतियोगिता पनि गराउनेछ।

नेपाली भाषाको कम्प्युटर सञ्चालन प्रणाली नेपालीनक्स विकास गर्ने मदन पुरस्कार पुस्तकालयले पनि इन्फोटेककै अवसरमा 'नेपाली ओपन सिडी' सार्वजनिक गर्दैछ। माइक्रोसफ्ट विन्डोजका प्रयोगकर्ताहरूलाई फ्रि एन्ड ओपन सोर्सका सफ्टवेयरको प्रयोगमा अभ्यस्त गराउन पुस्तकालयले यो सिडी ल्याएको हो। यो सिडीले नेपाली तथा अंग्रेजी दुवै भाषा प्रयोग गर्नुका साथै नेपाली हिज्जे परीक्षणसमेत गर्छ। यस्तै पुस्तकालयले यसै वर्ष अपडेट गरेको नेपालीनक्स एक दशमलव एक, निरक्षरहरूका लागि तयार गरिएको संवाद सञ्चालन प्रणाली, कम्प्युटरकृत अक्षरलाई आवाजमा रूपान्तर गर्ने टेक्स्ट टु स्पिच सफ्टवेयर, नेपाली भाषा अनलाइन शब्दकोशको पाठसंग्रहजस्ता अनकौं विषयमा जानकारी उपलब्ध गराइने पुस्तकालयकी सम्पर्क अधिकृत एकता सिलवालले बताइन्।

यसैगरी कम्प्युटर नेटवर्कसम्बन्धी सामग्रीहरूको विकास एवं प्रवर्द्धन गर्दै आएको शास्त्र नेटवर्कले इन्टरनेट सेयरिङ गर्नका लागि आवश्यक जानकारीहरू उपलब्ध गराउने योजना बनाएको छ। उक्त नेटवर्कले इन्टरनेट सेयरिङ गर्नका लागि एउटा नयाँ सफ्टवेयर प्रणालीको विकास गरेको छ। होटल अथवा कुनै व्यावसायिक संस्थामा कुनै ग्राहकलाई केही समयका लागि इन्टरनेट उपलब्ध गराउनुपर्दा यो प्रणाली उपयोगी हुन्छ। कुनै ग्राहकले केही समयका लागि इन्टरनेट उपलब्ध गराउनुपर्‍यो भने उसलाई निश्चित युजर नेम र पासवर्ड उपलब्ध गराइन्छ। उक्त युजर नेम र पासवर्डको सहायताबाट ग्राहकले आफ्नो ल्यापटप अथवा कुनै विद्युतीय सामग्रीमा सजिलैसँग तारविहीन इन्टरनेट चलाउन सक्छ। यो सेवा ग्राहकले आफ्नो इच्छाअनुसार प्रिपेड अथवा पोस्टपेड जुनसुकै तरिकाबाट पनि लिन सक्छन्।


सामसुङ ब्रान्डको अधिकृत वितरक इशान इन्फोसिसले सामसुङ सिटीको अनुभव गराउनका लागि सामसुङ डिस्प्लेको निर्माण गर्दैछ। मूल भवनको माथिल्लो तलामा सामसुङ सिटी रहनेछ। डिस्प्लेमा सामसुङका आइसीटी सम्बद्ध विभिन्न उत्पादन प्रदर्शनीका लागि राखिनेछन्। उक्त अवसरमा चलनचल्तीका विभिन्न सामसुङ सामानहरूदेखि लिएर यही वर्ष बजारमा आएको सानो साइजको कलर मल्टिफङसन प्रिन्टरका बारेमा पनि जानकारी प्रदान गरिनृछ। यो प्रिन्टरबाट फोटोकपी, फ्याक्सका साथै अन्य कार्यहरू गर्न सकिन्छ। अन्य उत्पादनहरूका बारेमा ग्राहकलाई सामान्य जानकारी भैरहेको हुनाले खास गरी सामसुङ ब्रान्डको प्रवर्द्धन गर्नु नै आफ्नो मुख्य उद्देश्य हुने कुरा सञ्चालक रामशरण पाण्डे बताउँछन्। इशानका प्रबन्ध निर्देशक पाण्डेका अनुसार ताररहित एमपिथ्री तथा विभिन्न क्षमताका पेनड्राइभ इशानका आकर्षण हुन्। पाण्डे भन्छन्- 'ताररहित एमपिथ्री गाडीमा राखेपछि एफएम ट्युन गर्दा एफएमबाटै उक्त गीतहरू सुन्न सकिन्छ। यो सुविधा नजिकको दूरीमा रहेका अन्य सवारीका एफएमले पनि क्याच गर्न सक्छन्।

अनलाइन सपिङको कार्य गर्दै आएको तथा आफूलाई इन्टरनेट मर्चेन्टका रूपमा चिनाउने मुञ्चा डटकमले सधैंका वर्षहरूभन्दा आफ्नो स्टलमा फरकपना ल्याउँदैछ। अन्य कम्पनीभन्दा आफूमा फरकपन ल्याउनका लागि यसले आफ्नो स्टललाई जंगलको धारणामा विकास गर्दैछ। दर्शकहरू त्यहाँ पुग्दा आफू जंगलमा पुगेको अनुभव गर्नेछन्। ग्राहकको चाहनाअनुसारका विभिन्न घरायसी सामानसमेत उपलब्ध गराउँदै आएको मुञ्चाले आफ्नो ब्राण्डका बारेमा दर्शकहरूलाई अधिकतम जानकारी गराउने उद्देश्य लिएको छ।

त्यस्तै साइबर नेटिक्स प्रा.लि.ले ताररहित सिसी क्यामेरा, डोर अलार्म, सेक्युरिटी ब्रिफकेस आदि सामग्री ल्याउँदैछ। साइबर नेटिक्सका प्रबन्ध निर्देशक जेम्स न्याछ्योंका अनुसार इन्फोटेक अवधिभर आउने बिग्रिएका ल्यापटपको निःशुल्क मर्मत गरिनेछ। साइबर नेटिक्स भ्याट विलिङ गर्ने मेसिनको आधिकारिक विक्रेतासमेत हो।

मर्कन्टाइल कम्युनिकेसनले आफ्ना विभिन्न उत्पादनका बारेमा इन्फोटेकमा जानकारी गराउने कार्यक्रम बनाएको छ। 'हाम्रा उत्पादनहरूका बारेमा स्टलमै विस्तृत जानकारी पाउनेहुनेछ,' मर्कन्टाइलका बजार प्रबन्धक कवीन्द्र जोन्छें भन्छन्- नयाँ प्रिन्टर, फोटो प्रिन्टर, प्रोजेक्टर, स्क्यानर, मर्कन्टाइल ल्यापटप, ब्रान्डेड डेस्कटप, आइपड, नेटवर्किङ उत्पादनहरूको प्रदर्शन मर्कन्टाइलका आकर्षण हुनेछन्। त्यसैगरी अप्टिकल फाइवर तथा इमेल इन्टरनेटका बारेमा आवश्यक जानकारी पनि प्राप्त गर्न सकिनेछ।

मुलुकभर सबैभन्दा धेरै इन्टरनेट ग्राहक बनाउन सफल इन्टनेट सेवा प्रदायक संस्था वर्ल्डलिंक कम्युनिकेसनले केवुल नेटवर्क सिस्टमलाई फोकस गरी विभिन्न योजना दर्शकलाई उपलब्ध गराउनेछ। खासगरी कर्पोरेट हाउसहरूलाई आफ्ना सेवाहरू बिक्री गर्ने लक्ष्यका साथ वर्ल्डलिंक स्टलमा उपस्थित हुनेछ। त्यसैगरी इन्टरनेटलाई कसरी ग्रामीण स्तरसम्म पनि पुर्‍याउन सकिन्छ भनेर गरिएको अध्ययन-प्रतिवेदनलाई अवलोकनकर्ताहरूसमक्ष प्रस्तुत गरिनेछ। वर्ल्ड लिङ्कका सम्पर्क निर्देशक पवन शाक्यका अनुसार केबुल नेटवर्कका वारेमा आवश्यक जनसम्पर्कको प्रवर्द्धन गर्ने उद्देश्य वर्ल्डलिंकको छ।




यसैगरी इन्फोटेकलाई नै लक्षित गरेर झकास सोलुसनले लोडसेडिङ भएको अवस्थाका लागि प्रयोग हुने झकास पावर सिस्टमलाई स्टलमा राख्ने भएको छ। त्यसैगरी नियोटेरिक प्रा.लि.ले आफ्ना ब्रान्डका विभिन्न उत्पादनका साथ केही नयाँ उत्पादनलाई पनि दर्शकसामु प्रस्तुत गर्नेछ।

ज्योति समूहको स्याकार कम्पनीले १५ इन्चदेखि ४२ इन्चसम्मका मोनिटर, फिलिप्सका उत्पादनहरू प्रदर्शनमा राख्ने भएको छ। स्याकारका निर्देशक सौरभ ज्योतिका अनुसार डिभिडी कम्बो, आगो लादा नजल्ने क्यासिङ, कम विद्युत् ऊर्जा खपत हुने आफ्ना उपकरणलाई दर्शकमाझ प्रस्तुत गरिनेछ। स्मार्ट म्यानेज प्रणालीलाई पनि इन्फोटेकमा प्रदर्शन गरिनेछ। पूरै घुमाएर काम गर्न सकिने मनिटर स्याकारको स्टलको प्रमुख आकर्षण हुनेछ।


इजरायल! के तपाई इजरायल जाँदै हुनुहुन्छ ? यदी जाँदै हुनुहुन्छ भने हिब्रु (Hebrew) भाषा तथा तालीम लिई दक्ष भई जानुहोस्।
हाम्रा सेवाहरू:
१) हिब्रु (Hebrew) तथा अंग्रेजी (English) भाषा।
२) केयर गिभर, Housekeeping तथा Orientation तालिम।
३) Hebrew पुस्तक शलोम उपलब्ध छ।
४) डकुमेन्ट समेत Forward गरीन्छ।
पाइथागोरस एकेडेमी, 4260632

!!! महिलाहरूको लागि सुवर्ण अवसर !!! निःशुल्क ब्युटीसियन तालिम
N.G.O. को सहयोगमा नेपाल सरकारबाट मान्यता प्राप्त साथै वरिष्ठ प्रशिक्षकद्वारा निःशुल्क ब्युटीसियन कोर्ष Basic, Advance Diploma र Special Course हरुमा धमाधम भर्ना लिइदैछ।
नेपाल ब्युटीसियन टेनिङ इन्स्टिच्युट

होटल तालिम
कुक, बेकरी, वेटर, हाउस किपिङ्ग, केयर गिभर, बारमेन आदि 80% छुट
विदेशी सिस्टमको किचेनमा तालिम दिइने।
५ तारे होटलका सेफहरुद्वारा तालिम दिइने।
Theory तथा Practical सँग-सँगै गराइने
होटल तालिम पछि तारे होटलहरुमा पठाउने व्यवस्था
बेस्मेटिक होटल ट्रेनिङ्ग सेन्टर
फोन : ५५५३३६६
पुल्चोक दमकल अफिस सँगै

होटल तालिम
* Cook * Bakery
* Waiter / Waitress
* Barman / Captain
* House keeping
* Receptionist / Bell Boy
विदेश जानेहरूको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ
MAN POWER TRAINING CENTER
PACIFIC 4232196
JAMAL, NACHGHAR, KATHMANDU

जागिर चाहियो ?
कुक/वेटर/वेट्रेस/बारमेन/क्याप्टेन सेक्युरीटी साथै मार्केटिङ्ग तालिम लिनुहोस्
रोजगारी ग्यारेन्टी
होटलमै तालिमका साथै बिदेशको छुट्टै प्याकेज
क्रिष्टल ट्रेनिङ्ग प्लस जब लिङ्क
मो. ९८०३२४३०५९ फो. ४४१७४३८

Learn English
Own course books, audio-visual, self-practice lab
TOEFL/IELTS Preps.
Chinese, Japanese, German, French, Spanish, Korean & Hebrew languages
O'seas Language C. Bag Bazar, 4-268945, Jamal 4-244741
Language Books/Cassettes/CDs Sold here. OLC, 4-247897
Interactive English-Language Video CD releasing on 3rd Feb, 2007!

HOME BASED P/F ONLINE JOBS
Earn $ 500 +
Per week from Top Internet Companies.
www.onlinejobnepal.com
New Baneswor, Ktm. (Near BICC west gate)
Ph.2043540, 2090507

होटल तालिम
Cook :- 3,999/-
Waiter :- 1,499/-
रुमब्वाई, हाउसकिपिङ्ग, डोमेष्टिक हेल्पर, बेलब्वाई साथै होटल सम्बन्धि सम्पुर्ण ट्रेनिङ्गहरु साथै अंग्रेजी भाषा निशुल्क. ट्रेनिङ्गपछि 90% रोजगारको ग्यारेन्टी तु-सम्पर्क गर्नुहोला।
त्रिवेणी ट्रेनिङ्ग सेन्टर, मैतिदेवी
फोन: ४४१६५१९, ९८४१३८७८१५

होटल तालिम
५ तारे होटलमा पठाउने व्यवस्था सहित होटल तालिम खुल्यो।
कुक, वेटर, हाउस किपिङ्ग, सेक्युरिटी गार्ड, केयर गिभर आदि 80% छुट
५ तारे होटलका सेफहरुद्वारा तालिम दिइने।
Typical अन्तर्राष्ट्रिय परिकारहरु सिकाइने।
मयुर होटल ट्रेनिङ्ग सेन्टर
फोन : ४४६१७१७
चावहिल, बौद्ध जाने बाटो

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग अंग्रेजी भाषा बोल्न सिक्ने क्लासमा धमाधम भर्ना लिइदै छ, साथै Chinese, Spanish, Japanese, र French भाषा कक्षाहरु पनि सञ्चालन गरिदै छ।
याद रहोस् हाम्रा सबै ट्रेनरहरू अनुभवी र तालीमप्राप्त छन्।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel:- 4249576

होटल तालिम
कुक : कन्टिनेन्टल, इण्डियन, चाइनिज, इटलियन, बेकरी आदि।
वेटर, वेट्रेस, वारमेन, क्याप्टेन, रिसेप्सनिष्ट, सुपरभाईजर, रुम ब्वाई, हाउस किपिङ, रुम मेड आदी।
विदेश जानेहरुका लागी विशेष कक्षाहरु धमाधम संचालन भईरहेका छन।
रजनिश होटल व्यवस्थापन तालिम केन्द्र प्रा.लि.
मिनभवन, नित्य गल्ली (शान्तिनगर पेट्रोलपम्प सँगै)
फोन: ४४६१२२२, ९८४१३२३८३२

# केही डिजिटल उत्पादन

*सूचना तथा सञ्चार प्रविधिसँग सम्बद्ध उपभोग्य सामग्रीहरूको प्रयोगमा नेपालीहरू पनि पछि छैनन् । नेपाली बजारका अतिरिक्त विदेश गएर फर्कनेहरूले पनि यस्ता उत्पादनहरू नेपाल भित्र्याउने गरेका छन् । यहाँ तल केही डिजिटल उत्पादनहरूका बारेमा संक्षिप्त जानकारी प्रस्तुत गरिएको छ, जुन नेपालीहरूको पहुँचमा छ :*

**कम्प्युटर**



यो यस्तो साधन हो । जसको प्रयोगविना अहिलेको संसारको कल्पना पनि गर्न सकिँदैन, अर्थात् कम्प्युटर हरेक क्षेत्रसँग जोडिएको छ । डाक्टर, इन्जिनियरजस्ता पेसाकर्मी मात्र होइन, उद्योग, व्यवसाय, सेवा हरेक क्षेत्रमा कम्प्युटर आवश्यक भैसकेको छ । मानिसको क्षमताभन्दा कैयौं गुणा ठूला काम कम्प्युटरले केही समयमै समाधान गर्न सक्छ । कम्प्युटरमा डेस्कटप र ल्यापटप कम्प्युटर प्रयोगमा छन् ।

**डिभिडी**

भिडियो क्यासेटलाई सिडीको आगमनले विस्थापन गरेजस्तै अहिले सिडीलाई डिभिडीले विस्थापन गर्दैछ । डिजिटल भर्साटाइल डिस्क (डिभिडी) को आवाज तथा तस्बिर असर थियटर बराबर छ ।

**डिभिडी राइटर**

डिभिडीसँगै अहिले डिभिडी राइटरको प्रयोग पनि बढेको छ । यसको कम्बो सेटको सहायताले डिभिडी रिड तथा राइट गर्न सकिन्छ । विभिन्न मोडलमा उपलब्ध डिभिडी राइटरको राइटिङ स्पिड पनि अलग हुन्छ ।

**कार टेलिभिजन**

अन्तर्राष्ट्रिय बजारमा एलसिडी मोनिटरको टेलिभिजन आमरूपमा प्रयोग हुन थालेको छ । फुर्सदको समयमा कारमै बसेर टेलिभिजन हेर्न सकिने भएकाले यसको उपयोग अझ बढ्ने आशा लिइएको छ । नेपाली बजारमा पनि यसले चाँडै बजार ओगट्न सक्ने सम्भावना छ ।

**इन्भर्टर**

नेपालजस्तो लोडसेडिङ बेहोरिरहने मुलुकका लागि इन्भर्टर उपयोगी उपकरण सावित भएको छ । बिजुली गएको समयमा अँध्यारो हटाउन इन्भर्टर प्रयोग हुन्छ । ब्याट्रीको सहायताले चल्ने इन्भर्टरको माध्यमबाट बिजुली कम उपयोग हुने समयको ऊर्जालाई लोडसेडिङ भएको समयमा उपयोग गर्न सकिन्छ ।

**एमपीफोर**

संगीतपारखीहरूका लागि नै भनेर बजारमा एमपीथ्री आयो । त्यसलगत्तै बजारमा आयो एमपीफोर । म्युजिक भिडियोसमेत हेर्न मिल्ने एमपीफोर सानो उपकरण भएकाले यसलाई खल्तीमा बोकेर चाहेको समयमा प्रयोग गर्न सकिन्छ । त्यतिमात्र होइन, आफ्ना सामग्रीहरू पनि पेन ड्राइभजस्तै बोक्न सकिन्छ ।

**पेन ड्राइभ**



फ्लपी ड्राइभलाई सजिलै विस्थापन गर्न सफल पेनड्राइभ कार्यालयमा काम गर्नेहरूका लागि बहुउपयोगी साधन बनेको छ । विभिन्न विवरणदेखि तस्बिरहरूसमेत राख्न सकिने पेनड्राइभको सहायताले महत्त्वपूर्ण कागजात आफ्नो साथमा राख्ने तथा अन्य स्थानमा जाँदासमेत त्यहाँको कम्प्युटरमा राखेर काम चलाउन सकिन्छ । बजारमा विभिन्न गुणस्तरका पेनड्राइभहरू पाइन्छन् ।

**डिजिटल क्यामेरा**

नेपाली बजारमा यतिखेर सबैभन्दा बढी बोकिने इलेक्ट्रोनिक उपकरणमध्ये डिजिटल क्यामेरा अग्रपंक्तिमा पर्छ । मध्यम तथा उच्चस्तरको परिवारको आकर्षणमा परेको डिजिटल क्यामेराबाट चलाउन नजान्नेहरूले समेत राम्रो तस्बिर खिच्न सक्छन् । किनकि यसमा मनिटरको सहायताले राम्रो तस्बिर राख्ने र नराम्रो डिलिट गर्न सकिन्छ । डिजिटल क्यामेराको सहायताले मुभीसमेत खिच्न सकिन्छ ।

**ह्यान्डीक्याम**

आकारमा सानो र बोकेर लैजान सजिलो प्रविधि ह्यान्डीक्याम्प बिदाका दिन तथा आफ्ना विभिन्न कार्यक्रमलाई भिडियोका रूपमा क्यामेरामा कैद गर्ने प्रविधि हो, जसको सहायताले पुराना क्षणहरूलाई यादगार बनाउन सकिन्छ । यसको सहायताले डिभिडी मात्र होइन, तस्बिरसमेत खिच्न सकिन्छ । ह्यान्डी क्याम केही अघि नै आइसकेको भए पनि अहिले मूल्यका दृष्टिकोणले सस्तो भएकाले यो सर्वसाधारणको प्रयोगमा आउन सकेको छ ।

**आईपड, डिजिटल म्युजिक प्लेयर**

वाकम्यान तथा डिस्कम्यानका दिन अब गए भन्दा फरक नपर्ला । तपाईंले भनेजस्ता गीत तथा त्यसका म्युजिक भिडियोलाई आईपडमार्फत सुन्न तथा हेर्न सकिन्छ । आईपड यति लोकप्रिय छ कि सबैले यसलाई खरिद गर्ने चाहना राख्छन् । आईपडको विकाससँगै आइसिटी (सूचना तथा सञ्चार प्रविधि) आईस (सूचना, सञ्चार र मनोरञ्जन) मा परिणत भएको छ । बोकेर हिंड्न सकिने आईपडको विकास एप्पल कम्पनीले गरेको हो ।

**जीपीएस रिसिभर**



यो उपकरण हेर्दा मोबाइल जस्तै देखिन्छ । साथै यसको मूल्य पनि कम छ । जीपीएस रिसिभरले तपाईं पृथ्वीको कुन भागमा हुनुहुन्छ, त्यो बताउनेछ । जीपीएस सर्वेक्षण, मानचित्र निर्माण एवं वैज्ञानिक अनुसन्धानका लागि उपयोग हुन्छ ।

**डिजिटल भ्वाइस रेकर्डर**

पत्रकारहरू जस्तै अध्ययन-अनुसन्धानमा संलग्न व्यक्तिहरूका लागि डिजिटल भ्वाइस रेकर्डर उपयोगी छ । हेर्दा पेनड्राइभभन्दा अलिकति मात्र ठूलो यो उपकरणको सहायताले राम्रो गुणस्तरको आवाज रेकर्ड गर्न सकिन्छ । यसमा टेपमा जस्तो रेकर्ड गर्दैगर्दा क्यासेट सकिने समस्या पनि हुँदैन । बजारमा एक जिबी मेमोरी रेकर्डर उपलब्ध हुन थालिसकेको छ, जसमा २ सय ८२ घण्टासम्मको भ्वाइस रेकर्ड गर्न सकिन्छ ।

**ब्लु-रे डिस्क**

दीर्घकालीन भण्डारण (स्टोरेज) का लागि सोनी कम्पनीले दुई रेकर्डर बजारमा ल्याएको छ । बीडीजैड-बी ९ मा ५ सय जीबी ड्राइभ तथा बीडीजेड-बी ७ मा २ सय ५० जीबी ड्राइभको सुविधा छ । यी रेकर्डरहरूमा दुईवटा डिजिटल ट्युनर पनि राखिएको छ । जसले दुई हाई डेफिनेसन रेकर्डरलाई एकसाथ रेकर्ड गर्न सक्छ ।

**प्रिन्टर**

हाई क्वालिटी प्रिन्ट तथा



ग्राफिक्सको राम्रो छपाइका लागि बजारमा विभिन्न कम्पनीका प्रिन्टरहरू उपलब्ध छन् । उच्च गुणस्तरका लेजर तथा फोटो प्रिन्टरहरूले डिजिटल क्यामेराबाट खिचिएका तस्बिरको उत्कृष्ट प्रिन्ट निकाल्छन् ।

**१० एमपी क्यामेरा फोन**

तीनवटा अप्टिकल जुम लेन्स, अटो फोकस, म्यानुअल फोकस तथा फल्यासको सुविधा भएका यस्ता फोन सेटले अन्तर्राष्ट्रिय बजारमा राम्रो पकड जमाएका छन् । १० मेगापिक्जलको यो क्यामेरा सामसुङ कम्पनीले बजारमा ल्याएको हो । ट्युनर, ब्लुटुथ, एमपीथ्री प्लेयर, बिजनेश कार्ड रिडर तथा टेलिभिजन आउटपुट यसका प्रमुख फिचर हुन् ।

**पेडोमिटर**

यसलाई स्टेप मिटरको नामले पनि चिनिन्छ । जगिङका सौखिनहरूका लागि यो उत्तम उपकरण हो । यसले तपाईंले कति दूरी र कति क्यालोरी बर्न गर्नुभयो बताउँछ ।

**थिन टेलिभिजन**


साना घरहरूमा ठूला टेलिभिजन सेटहरूका कारण स्थान अभावको समस्या हुने गरेको छ । यो समस्यालाई हटाउन थिन टेलिभिजन बजारमा आएको छ । यो टेलिभिजन सेटलाई भित्तामा टाँग्न सकिन्छ । नेपाली बजारमा अहिलेसम्म नदेखिएको यो टेलिभिजनले छिट्टै यहाँको बजारमा पनि स्थान जमाउने आशा गरिएको छ । ४ सेन्टीमिटर मोटाइका यस्ता टेलिभिजनको दृश्य तथा आवाजमा खोट लगाउने ठाउँ छैन ।

## ब्लुटुथको भविष्य




डाटा ट्रान्सफरका लागि अत्यन्तै उपयोगी पछिल्लो प्रविधि ब्लु टुथको प्रयोग अझ बढ्ने भएको छ । मोबाइल फोन सेटमा ब्लु टुथको प्रयोग त सामान्य नै भएको छ । रिङटोन, सन्देश तथा अन्य डाटाहरू ब्लुटुथयुक्त मोबाइलमा बिना खर्च सार्न सकिन्छ । अब ब्लुटुथको प्रयोग कम्प्युटरमा पनि हुन्छ । यदि कम्प्युटरमा ब्लुटुथ छैन भने बजारमा खरिद गरेर कम्प्युटरमा पनि ब्लुटुथ राख्न सकिन्छ । पेनड्राइभको आकारमा पाइने ब्लुटुथलाई पेनड्राइभ राख्ने सिपियुको पोर्टमा राखेर सफ्टवेयर इन्स्टल गरेपछि मोबाइल, आइपड, एमपिफोर, पेनड्राइभका डाटा कम्प्युटरमा तथा कम्प्युटरका डाटा सजिलै सार्न सकिन्छ । यसले गर्दा छिटो छरितो तरिकाले प्रयोगकर्ताले आफ्नो काम गर्न पाउनेछन् । ब्लुटुथ प्रविधि डाटा ट्रान्सफरका लागि अत्यन्तै उपयोगी भएकाले आईसीटी विज्ञहरू यसको भविष्य देख्छन् ।

## लहर आईटी शिक्षाको




करिब आधा दशकअघि एउटा लहर नै चल्यो । उच्च शिक्षामा सूचना प्रविधि विषय लिएर अध्ययन गर्ने । अध्ययनपश्चात राम्रो अवसर पाइने भएकाले पनि यसतर्फ धेरैको ध्यान केन्द्रित भयो । त्यति मात्र होइन, त्यसबेला सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा उल्लेख्य प्रगति हुन सक्ने सम्भावना देखिन्थ्यो, तर देशको द्वन्द्व तथा आईसिटी उद्योगको ढिलो विकासका कारण युवाहरूले स्वदेशमा भन्दा विदेशमा गएर श्रम गर्नुपर्ने स्थिति बन्यो । उत्तीर्ण केही विद्यार्थीले यहीं राम्रोसँग काम गरेर पैसा पनि राम्रै कमाएका हुन् तर धेरै विद्यार्थी अहिले पनि कम तलबमा काम गर्न बाध्य छन् । नेपालमा आईटी शिक्षा दिने कलेजको संख्या डेढ दर्जनको हाराहारीमा छन् । एक तथ्याङ्कअनुसार नेपालमा बर्सेनि करिब चार हजार आईटी जनशक्ति उत्पादन हुन्छ ।


पछिल्लो अवधिमा मुलुक पनि शान्तितर्फ उन्मुख हुँदै गएकाले सूचना प्रविधिविज्ञहरू नेपालमा आईसिटी उद्योगले कल्पना गरेको त्यो बाटो पकड्ने बताउँछन् । एनसिआइटी कलेजका प्रिन्सिपल राजेन्द्र अधिकारी भन्छन्- 'आशा गरौं, हाम्रा विद्यार्थीहरूले अध्ययनपश्चात् रोजगारी पाउने मात्र होइन, उनीहरूले यो विषयको अध्ययनपश्चात् राम्रो आम्दानी पनि गर्न सकून्' ।




शिव न्यौपाने
२०५७ पुस २५



सुलभ थापा
२०५६ पुस २१




सुदीप पाठक
२०५७ पुस २१




आशीष गुरुङ
२०५६ पुस २४



रिवास्मी शाक्य
२०५९ पुस २५



अबिना पराजुली
२०५७ पुस २७



ऋतिक घिमिरे
२०५८ पुस २३



अनिमेष रानाभाट
२०६२ पुस २२



समीर गुरुङ
२०५८ पुस २३



साईव्रत आचार्य
२०५७ पुस २१



सन्देस धामी
२०५७ पुस २५



फारम

## जन्मदिनको शुभकामना

नाम :.................................................

जन्म मिति :.................................................

स्कुल :.......................................

ठेगाना : .......................................

**तस्बिर अनिवार्य**

## आमाबाबुले के गर्नुपर्छ ?



• आफ्ना सन्तानलाई नयाँ उपकरण विशेष गरी कम्प्युटरको अत्यधिक प्रयोग गर्न नरोक्नुहोस् । यदि तपाईंले रोक्नुभयो भने उसले आफ्नो पुस्ताका साथीहरूबाट अलग्गिनुपर्ने हुनसक्छ । कम्प्युटर अध्ययनका निम्ति अत्यन्तै आवश्यक वस्तु हो ।

• छोराछोरी जतिखेर अनलाइनमा हुन्छन्, त्यसबेला उनीहरूमाथि निगरानी राख्नुपर्छ । उनीहरूलाई के आवश्यक छ भन्ने कुरातर्फ पनि ध्यान दिएर परामर्श दिनुहोस् । आफूले गर्न नसक्ने भए कसैको सहयोग लिनुहोस् ।

• उनीहरूसँगै बसेर कम्प्युटर चलाउने दैनिक रुटिन बनाउनुहोस् । समय नियन्त्रण गर्ने यो राम्रो उपाय हो । इलेक्ट्रोनिक उपकरणमा मात्र अल्झिने वातावरणलाई रोक्न तथा अनुशासन र लिप्ततालाई सन्तुलन गर्न पनि रुटिन आवश्यक छ ।

• आमा-बाबुलाई छोराछोरीको उपकरणसँग लत बसिसकेको थाहा नहुन सक्छ । यस्तो बेलामा उनीहरूलाई नियन्त्रण गर्न प्रविधि नबुझी बुझेजस्तो गरेर जथाभावी कराउनुको सट्टा आफ्नै भाषामा प्रविधिलाई उपयोग गर्न जान्नुपर्ने भन्दै नियन्त्रण गर्न सक्नुपर्छ ।

• होसियार हुनुपर्ने पक्ष भनेको कतै छोराछोरी इन्टरनेटको गलत प्रयोग गर्दै पोर्नोसाइटमा बढी समय बिताइरहेका त छैनन् ? अथवा हिंसात्मक गेम त खेलिरहेका छन् कि ? लामो समयसम्म उनीहरूले यस्ता कुरा हेर्दा वा प्रयोग गर्दा उनीहरूको मानसिक सन्तुलनमा नराम्रो असर पुग्नसक्छ । यसमा आमाबाबुले निगरानी गर्नुपर्छ ।


• अभिभावकले घरमा छोराछोरीले निश्चित समय उपकरणमा बिताउने र बाँकी समय परिवारका साथ बिताउने वातावरण तयार गर्नुपर्छ । यसका लागि उपकरणबाट टाढा राख्न आकर्षक गतिविधिको आयोजना गर्नुहोस् ।

• सन्तानले यस्तो व्यक्तिसँग संगत गरोस् कि जसलाई उसले भित्रैदेखि मन पराउँछ र ऊ उसका लागि प्रेरणादायी हुनसक्छ । यसका लागि पारिवारिक वातावरण महत्त्वपूर्ण हुन्छ । घरेलु रुटिनजस्तै खाना खाने समयमा उनीहरू साथै रहून् । साथै त्यसबेला मोवाइल वा पोर्टेबल गेम निषेध गर्नुहोस् ।

• विद्युतीय उपकरणका अतिरिक्त सामाजिक जीवनमा उनीहरूलाई अभ्यस्त बनाउन शारीरिक व्यायामशालालगायतका गतिविधिमा समेत संलग्न गराउनुहोस् । समय-समयमा चलचित्र, नाटक, खेलकुदजस्ता बाहिरी गतिविधिमा उनीहरूलाई सहभागी गराउनुहोस् ।

• यदि तपाईं आफैं लामो समयसम्म टेलिभिजनअगाडि बस्न रुचाउनुहुन्छ भने छोराछोरी पनि कम्प्युटर स्क्रिनमै अलमलिन खोज्छन् भन्ने कुरा पनि ख्याल गर्नुहोस् ।

साप्ताहिक झल्को
शुक्रबार, पुस २१, २०६३



## बुहारीकै लागि फिट

नारायण पुरी निर्देशित चलचित्र 'कर्तव्य' हेर्ने धेरै दर्शकले अभिनेता निखिल उप्रेतीको गुणगान गाएका थिए, उनको अभिनयभन्दा पनि स्टन्टले बढी चर्चा पाएको थियो त्यतिबेला, तर सोही चलचित्रमा मुख्य भूमिका निर्वाह गर्ने अर्की पात्रको भने सापेक्षिक चर्चा भएन। अर्की पात्र अर्थात् नायिका निरुता सिंह नेपाली चलचित्रमा बुहारीको भूमिका राम्रोसँग निर्वाह गर्छिन्। यही कारणले होला, धेरै निर्माताले अचेल उनलाई कुशल बुहारीकै भूमिकामा प्रस्तुत गर्न थालेका छन्। दक्षिणाबाट अभिनय यात्रा प्रारम्भ गरेकी निरुता ए पण्डित बाजेसम्म आइपुग्दा धेरैपटक बुहारी बनिसकेकी छिन्, तर वास्तविक जीवनमा भने उनले त्यस्तो अवसर अहिलेसम्म पाएकी छैनन्। विवाह भन्ने कुरा देखेर होइन लेखेरै हुन्छ भन्ने निरुताले पर्दामा बुहारीको भूमिका निर्वाह गर्दा भने खासै अप्ठ्यारो महसुस गर्नुपरेको छैन।

प्रायः चलचित्रमा कुशल बुहारीको भूमिका निर्वाह गर्दै आएकी निरुतालाई भने आ□नो चरित्रप्रति कुनै गुनासो छैन। दर्शकले आ□नो भूमिका सहज रूपमा स्वीकार गरेको उनको अनुमान छ। बुहारीका अतिरिक्त केही चलचित्रमा स्कुले छात्रा बनेर अभिनय गरेकी निरुताले उक्त भूमिकाबाट पनि राम्रै प्रशंसा पाएकी थिइन्, तर अचेल स्कुले छात्राका लागि सुहाउँदा पात्र धेरै भैसकेकाले निरुताको भागमा चाहिँ बुहारीकै चरित्र आइपुगेको छ। यतिसम्म त ठीकै छ, भोलि कसैले आमाकै भूमिका निर्वाह गर्ने प्रस्ताव राख्यो भनेचाहिँ उनलाई अप्ठ्यारो नपर्ला भन्न सकिन्न।

## दंग पारे शेरचनले

उपप्रधानमन्त्री अमिक शेरचन चलचित्र कलाकार चिन्न खप्पिस देखिए। केही समयअघि सम्पन्न चलचित्र पत्रकारहरूको एक कार्यक्रममा प्रमुख अतिथिका रूपमा उपस्थित उपप्रधानमन्त्री शेरचनले आँखाअगाडि देखिएका कलाकारको नाम मात्रै उच्चारण गरेनन्, भटाभट उनीहरूको प्रशंसा पनि गरे। नयाँबजारको 'स्पिकर्स कर्नर' मा सम्पन्न उक्त कार्यक्रममा कलाकारहरूको उल्लेख्य उपस्थिति थियो।

उपप्रधानमन्त्री शेरचनले सबैभन्दा पहिले नक्कली अर्थात् वसुन्धरा भुषालको प्रशंसा गरे। प्रशंसा नम्बर दुईमा निरुता सिंह परिन्। उपप्रधानमन्त्रीले निरुताको सुन्दरताको बयान गरे। उनले रातामकै केसीलाई सम्बोधन गरे भने युवराज लामालाई इंगित गर्दै भने- लामाजीको फाइटिङदेखि त सबै डराउँछन्। उनले यसअघि नै कार्यक्रम छोडेर लुसुक्क भाग्ने महजोडीलाई समेत छोडेनन्। त्यसैगरी हरिहर शर्माको अभिनय क्षमताको प्रशंसा भयो। शेरचनले अरू कलाकारको पनि प्रशंसा गरे।

शेरचनले यसरी आँखाअगाडि देखिएजति सबै कलाकारको प्रशंसा गर्दा उपस्थित सबै आश्चर्यचकित भए। कलाकारको नाम मात्रै होइन, उनीहरूको गुणगानसम्म गाउने उपप्रधानमन्त्री ? तर बुझ्दै जाँदा कुरो खुल्यो, उनले त मञ्चमा बसेका बेला चलचित्र पत्रकार संघका अध्यक्षबाट पो यी सबै कुरा रटेका रहेछन्। उपप्रधानमन्त्रीले कलाकारको नाम लिन सकेकोमा भने सबै कलाकार दंग थिए।

## भगवान् कसम

चलचित्र 'चिनो'का खुङ्खार खलनायक राते काइँला अर्थात् सुनील थापाको थेगो 'मलाई यो कुरा मन परेन' ले अहिलेसम्म थापालाई पहिचान दिलाइरहेको छ। यद्यपि उनले आफ्नो त्यो थेगो पछि कुनै पनि चलचित्रमा दोहोऱ्याएनन्। पछिल्लो समयमा खलनायकको पुस्तामा एकपछि अर्को चलचित्रमा व्यस्त उमेश खड्काले भने आफ्नो पहिलो चलचित्र 'माया नमार'मा अपनाएको थेगो 'भगवान् कसम'लाई अर्को चलचित्रमा पुनः प्रयोग गरेका छन्। नायक रमित ढुंगानाले अभिनय गरेको तथा उनलाई चलचित्र क्षेत्रमा स्थायित्व दिलाएको चलचित्र 'माया नमार'बाटै खल अभिनय थालेका उमेश उक्त चलचित्रमा आफ्नो उपस्थिति हुनेबित्तिकै कुटिल अनुहार बनाउँदै बोल्छन्– 'भगवान् कसम।' उक्त चलचित्रका निर्माता अमित ढुंगानाले उमेशको अजंगको ज्यान र संवाद बोल्ने शैलीबाट प्रभावित भै उक्त थेगो फुराएका थिए। चलचित्र 'माया नमार' लाई व्यावसायिक रूपमा सफल चलचित्र मानियो। त्यसपछि रमित नायक र उमेश खलनायकको भूमिका निर्वाह गर्न व्यस्त भए। छ वर्षपछि सुशील पोखरेलबाट निर्माण भएको चलचित्र 'जीवनदाता'मा एक जना नायक रमित थिए भने खलनायकमा उमेश। रमितलाई देख्नेबित्तिकै उमेशलाई फेरि त्यही थेगोको सम्झना आयो। उपत्यकाबाहिरबाट प्रदर्शन भैरहेको चलचित्र 'जीवनदाता'मा उमेश फेरि आफ्नो कुटिल मुस्कान छर्दै धोक्रे स्वरमा भन्छन्– 'भगवान् कसम...!'



## जम्का भेट



## म दिनेश डिसी हो खाली सिसी होइन

*दिनेश डिसी खासगरी कार्यक्रम प्रस्तोता हुन् तर चलचित्र सावधानको निर्देशनपछि उनको माग निर्देशकका रूपमा पनि बढ्दो छ। उनी हाल तीन चलचित्रमा निर्देशकका रूपमा अनुबन्धित छन्। दिनेशले निर्देशन गर्ने टुंगो लागेका चलचित्र हुन्– दाइको ससुराली, खलनायक तथा धर्मगुरु। थुप्रै टेलिचलचित्रको निर्देशन पनि गरिसकेका डिसीसँग भएको जम्काभेट :*

**दयाराम दाहालले निर्देशन गर्ने भनिएको चलचित्र दाइको ससुराली फुत्काउनुभयो रे नि ?**

–योअफर मलाईनिर्माताले राख्नुभएको हो। आफूले विवाह गर्न लागेकी केटीको ब्वाइ फ्रेन्ड को थियो भनेर खोज्दै हिंड्ने हो भने जिन्दगी कृष्णप्रसाद भट्टराई र राजेश हमालकै जस्तो हुने सम्भावना हुन्छ।

**सावधानका कारण तपाईंलाई निर्देशनको आफर आएको हो ?**

-हो, पर्दामा निर्देशकीय क्षमता स्पष्ट देखिएको महसुस गरेर होला सात जना अन्य निर्माताको अफर मसँग छ।

**सावधानले निर्मातालाई बढी फाइदा भयो कि निर्देशकलाई ?**

-व्यावसायिक मूर्खताका कारण निर्मातालाई फाइदा भएन तर घाटा पनि भएन। सावधानबाट निर्देशकलाई मात्रै फाइदा भयो।

**दिनेश डिसी अब कार्यक्रम प्रस्तोता कि निर्देशक ?**

म सिर्जनामा विश्वास गर्छु। जहाँ सिर्जना गर्न पाइन्छ त्यहाँ म हुन सक्छु। म दिनेश डिसी हो, खाली सिसी होइन।

**तपाईंको नाम महिलाहरूसँग जोडिएर चर्चामा आइरहन्छ नि ?**

म सम्बन्ध लुकाउँदिन। नलुकाउँदा कहिलेकाहीं चर्चामा पनि आइन्छ।

**सम्बन्ध नलुकाएको कि लुकाउन नसकेको ?**

नलुकाएको, चाहने हो भने यो सब रोकिन सक्छ।

## गफै त हो

# ज्यान बच्यो

'नाच्न जान्दैन आँगन टेढो' यो उखान 'नचनियाँ' नायक दिलीप रायमाझीमाथि लागू हुन नसक्ला, किनकि उनलाई नाच्न आउँछ। नाच्ने ठाउँ टेढो होस् कि सीधा, उनी जहाँ पनि नाच्न सक्छन्। निखिल उप्रेती, विराज भट्टजस्ता उनीभन्दा पछि नायक भएकाहरू द्वन्द्व र स्टन्ट गरेको भरमा एकपछि अर्को चलचित्रमा व्यस्त हुन थाले। यद्यपि नाचेकै भरमा नायक भएका दिलीप पनि सानातिना स्टन्ट आफैं गर्छन्। नाच्न आउने यी नायकलाई उनका द्वन्द्व गुरु योगेन्द्र श्रेष्ठले सिकाएजति द्वन्द्वकला आउँछ। चलचित्रमा नायक भएपछि खलतत्त्वहरूलाई दुई-चार लात-मुक्का हानेर ढालेन भने हलमा ताली नै बज्दैन। त्यसैले सिकेजति द्वन्द्वकला प्रयोग गरेर भए पनि उनी नायकका रूपमा टिकेका छन्।

दुईवटा पाइन्ट लगाएर सुकेको तिघ्रा फुकेको देखाउने, सामान्य किक हान्नुपर्‍यो भने पनि डुप्लिकेटको सहारा लिने अन्य एक-दुई जना नायकको तुलनामा दिलीपले तै बरु द्वन्द्व कला सिकेकासम्म छन्। त्यसो त नृत्यमा पोख्त यी नायकलाई जति नाच्न निखिल र विराजलाई आउँदैन। त्यसो भन्दैमा उनले निखिल र विराजले जस्तो स्टन्ट गर्ने प्रयत्न पनि त गर्नु हुँदैनथ्यो। झन्डै ज्यान गएको □ हालैको घटना हो। ललितपुरको भैंसीपाटीमा द्वन्द्वनिर्देशक एन.बी. महर्जनले भनेजस्तो गर्दै दिलीप चलचित्र 'कानुन'को छायाङ्कनका क्रममा एक जना फाइटरसँग 'खुकुरी फाइट' खेल्दै रहेछन्। खुकुरी साँच्चैको परेछ।

फाइटरले हानेको खुकुरी दिलीपले छल्न जानेनन्। फलस्वरूप खुकुरीको धारले दिलीपको टाउकोमा छोयो। मैनजस्ता कमला यी नायकको टाउकोबाट रगत बग्न थाल्यो। अस्पताल पुर्‍याएपछि थाहा भयो– घाउ खासै गहिरो रहेनछ, तर चिकित्सकले पाँच दिनका लागि एन्टिबायोटिक खाने सल्लाह दिए। त्यसपछि दिलीपलाई अर्को आपत् पर्‍यो, एन्टिबायोटिक सेवन गरुन्जेल मदिराजन्य पदार्थ पिउनु हुँदैन। परेन त आपत् ?



## केवल एक प्रश्न



### जीवनको अविस्मरणीय झगडा कसरी सम्झिनुहुन्छ ?

-म कक्षा ७ मा पढ्दा एक जना भारतीय विद्यार्थीले मलाई हेप्यो (भारतमै केरुकुण्डा स्कुलमा)। ऊ स्थानीय दादा थियो, तर मैले होटलको चक्कु देखाएर 'म नेपाली हुँ खुकुरी चलाउन, चक्कु घुम्माउन जान्दछु' भनेर गफ दिएपछि ऊ मेरो खुट्टा परेर गुरु भनेर रोयो, त्यसपछि त म आफैं जबर्जस्ती दादा भएँ त्यो स्कुलको।

**–सुनील थापा, अभिनेता**

झगडै त याद छैन। मैले त्यति झगडा गरेको छैन। साँच्चै, पत्याउनुस् न यार □ मैले नाटक गरेको होइन।

**निखिल उप्रेती, अभिनेता**

घटना वीरगन्जको हो, कलेज पढ्दाको। हामीलाई प्रेमा शाह (जल शाहकी आमा) ले पढाउनुहुन्थ्यो। उहाँ अति नै सुन्दरी। केटाहरूले जिस्क्याउँथे। गर्दागर्दै एक दिन अलि बढी नै जिस्क्याएछन्। त्यसपछि पर्‍यो झगडा, सुरुमा सिंगल-सिंगल र पछि ग्याङ फाइट।

**युवराज लामा अभिनेता/निर्माता/निर्देशक**

त्यस्तो त कति छ कति □ तर म एउटा भन्छु। पञ्चायतकालको कुरा हो। मैले दुई जना सैनिक जवानलाई एक-एक मुक्का हानेको, दुवै बेहोस भए। उनीहरूले पछि ज्यान मुद्दा लगाए। मलाई सिडिओले एक वर्ष कैद राख्ने भन्थे, तर पछि मैले कुरा मिलाएँ। त्यसपछि मेरो जीवनमा टर्निङ प्वाइन्ट आयो र म कलाक्षेत्रमा लागें।

**राजेन्द्र खड्गी, द्वन्द्व निर्देशक**

याद छैन, भगवान्को कृपाले अहिलेसम्म झगडा पनि गरेको छैन। रिसचाहिँ अलि-अलि उठ्छ। झगडा गर्दा ऋषि लामिछानेसँग हो। त्यो पनि चुरोट छुटाउन। (एकछिन हाँसेर) किन मैले झगडा गरेको तपाईंले थाहा पाउनुभएको छ र ?

**सरिता लामिछाने, अभिनेत्री**

# शान्तिको खुसी न्यू इयर इभमा

**साप्ताहिक समाचार**

काठमाडौं– रातको १२ बज्न लागेकै थियो। पुतलीसडकमा एक हूल ठिटा ८० किलोमिटर प्रतिघण्टाको गतिमा 'बाइक' कुदाउँदै हुइँकिए। उनीहरू पाँचवटा बाइकमा दुई-दुई जनाको दरमा सवार थिए। उनीहरू बाटोमा देखे र भेटेजति सबैलाई रातको शान्ति भंग गर्ने स्वरमा चिच्याउँदै कराइरहेका थिए- 'ह्याप्पी न्यू इयर।' यो इस्वी संवत् २००६ को बिदाइ र नयाँ वर्ष २००७ को आगमनको खुसीयाली नेपालीहरूमा पनि छाएको संकेत थियो। राजधानीका ठमेल, दरबारमार्ग, पुतलीसडक, न्युरोड आदि स्थानमा नयाँ वर्ष मनाउनेहरूको भीड थियो। राजधानीका सेकुवा कर्नर, फास्ट फुड, क्लब, रेस्टुराँ जताततै डिसेम्बर ३१ तारिख अर्थात् गत आइतबार साँझ घाम अस्ताएदेखि नै नयाँ वर्षको रमाइलो गर्नेहरूको ताँती थियो।

१२ बज्यो, पेरिसको एफिल टावर झिलिमिली भयो। सिड्नी हार्बर मा अहिलेसम्मकै सबैभन्दा भव्य आतिशबाजी गरियो। हङ्कङमा एउटा ठूलो घण्टा बजाउन थालियो। ताइपेईको ५ सय ८ मिटर अग्लो भवनको हरेक तलाबाट संगीतको तालमा आतिशबाजी हुन थाल्यो। टोकियोको जोजोजी मन्दिर परिसरबाट हजारौं बेलुन उडाइए। मुम्बईमा कामुक नायिका मल्लिका शेरावतको नाच अझ 'हट' हुन थाल्यो। यस्ता खबरहरूबाट टाढा राजधानीको ठमेल भने रातको १२ बजेपछि गाडी र मोटरसाइकलको अत्यधिक चापले ट्राफिक जाममा परेको थियो।

कान्तिपथको क्लब १९०५ मा 'डिस्को फिभर' शीर्षकमा सत्तरी र असीको दशकका डिस्को संगीतमा नाच्नेहरू रमाइरहेका थिए। म्याक्स इन्टरटेन्मेन्टले आयोजना गरेको उक्त पार्टीमा मस्ती गर्नेहरू फुर्ती बेग्लै थियो। दरबारमार्गको क्लब पेज थ्रीमा रेज इन्टरटेन्मेन्टले आयोजना गरेको म्युजिकल ब्लास्ट पार्टीमा ठीक १२ बजे बेलुन फुटाएर एक अर्कालाई शुभकामना व्यक्त गर्दै नाच्नेहरू पनि कम थिएनन्। एकैछिनअघिसम्म द युनिटी समूहले आफ्ना गीत सुनाएर तताएको उक्त क्लबको भीड मध्यरातपछि भने स्वात्तै घट्यो। अधिकांश मानिस नयाँ वर्षको बहानामा आइतबारको रात सहर चहारेरै बिताउने मुडमा देखिन्थे। नजिकैको होटल याक एन्ड यतिमा नयाँ वर्षकै लागि 'सिनर्स इन हेवन' शीर्षकमा डान्स पार्टीको आयोजना भैरहेको थियो। उक्त पार्टीबाट फर्किएकाहरू भन्दै थिए- 'त्यहाँ नजानु नै बेस। खचाखच भएकाले नाच्ने ठाउँ नै पुग्दैन।' त्यहाँ दुबईका डिजे डेरिक र मुम्बईका डिजे प्रियाको डिजेइङमा सबै कम्मर मर्काउँदै थिए।

ठमेलको मरुन लन्जमा 'ट्रान्स' संगीत बजाउने उद्देश्यले 'ट्रान्स पार्टी'को आयोजना गरिएको थियो। म्याच मुभर्सद्वारा आयोजित उक्त पार्टीमा उपस्थित प्रायः सबै पिउँदै ट्रान्सको तालमा नाच्दै रमाइलो गर्दैथिए। होटल अन्नपूर्णमा मुम्बईका डिजे सौरभका साथ डिजे राजु तथा डिजे बिम्यानले नयाँ वर्षको स्वागत गर्दै संगीतको तालमा सबैलाई तताए। 'ग्लोबल वार्मिङ' शीर्षकको उक्त पार्टीमा केही आइटम नृत्य पनि प्रस्तुत गरिएको थियो। पुल्चोकस्थित होटल नारायणीमा भने गायिका रश्मि सिंह तथा किचा ब्याण्डले विभिन्न गीत सुनाएर दर्शकको 'न्यू इयर' संगीतमय बनाए।

यस पटकको नयाँ इस्वी संवत्को स्वागत गर्न आयोजित अधिकांश पार्टीमा मुम्बईका डिजेहरू नै हावी देखिए। यद्यपि स्वदेशी डिजेहरू पनि व्यस्त नै थिए, तर प्रायः सबै पार्टीमा उनीहरूले मुम्बइया डिजेहरूलाई सहयोग गर्नुपरेको थियो। यहाँका पार्टी घन्काउन स्वदेशी डिजेहरू नै पर्याप्त भएको कुरा बताउँदै केही नेपाली डिजेहरू चित्त दुखाइरहेका थिए। लैनचौरस्थित मल्ल होटलमा मुम्बईका डिजे जोनका साथमा स्वदेशी डिजे राज, डिजे शिशिर तथा स्वरूप थिए भने सधैं स्वदेशी डिजेहरूले घन्काउने होटल हायात रिजेन्सीको रक्सबार पनि भारतीय डिजेहरूकै कब्जा थियो। अन्य स्थानमा राति १२ बजेपछि नयाँ वर्ष २००७ लागेपछि पार्टी र जमघट पातलिँदै गए पनि ठमेल भने बिहान चार बजेसम्म जागेको थियो। ठमेलका तन्त्र, ल्हास्सा, केटु बियर बार, बाम्बु क्लब, सेन्टर प्वाइन्ट, टङ एन्ड टेल्स बार आदि दर्जनौं 'स्पट' मा मध्यरातपछि झन्डै बिहानसम्म नयाँ वर्षको रमझम चलिरह्यो।

कतिपय घरमा राति दाउरा बालेर 'क्याम्प फायर' गर्दै साथीभाइ तथा परिवारका सदस्यहरूसँग रमाइलो गर्नेहरू पनि निकै थिए। तीनकुनेको एउटा घरको छतमा साथीभाइहरूसँग त्यस्तै रमाइलो गरिरहेका सुमित शर्मा भन्दै थिए- 'अंग्रेजी नयाँ वर्ष त एउटा बहाना मात्र हो, साथीहरूसँग रमझम गर्ने। यस्तै रमझम हामी हाम्रो नयाँ वर्षमा पनि गर्छौं।'



## फेसनमय न्यू इभर इभ

अंग्रेजी नयाँ वर्षको स्वागतमा संलग्न भएर आनन्द लिने प्रचलन बढ्न थाले यता यो अवसरमा आयोजना हुने डान्स पार्टीहरूको संख्या विगतभन्दा निकै बढेको पाइयो, तथापि केही फेसन कार्यक्रमले न्यू इभर इभको मस्तीलाई ग्ल्यामरस बनाउने प्रयास गरे। गत आइतबार होटल याक एन्ड यतिस्थित रोयल क्यासिनोमा करिब डेढ दर्जन युवतीलाई समेटेर व्यवस्थापक प्रकाश प्रधानले क्यासिनोको वातावरणलाई फेसनको ग्ल्यामरले रंगाए।

साडीको सिक्वेन्सबाट प्रारम्भ भएको उक्त फेसन सोलाई कुर्ता-सलवार हुँदै विभिन्न क्याजुयल पहिरनले तताएको थियो। प्रायः र्‍याम्पमा देखिने अनुहारभन्दा नौला अनुहारको प्रस्तुतिले दर्शकहरू रोमाञ्चित देखिन्थे। विभिन्न स्टाइलका ज्याकेट, जिन्स, स्लिभलेस, टप, माइक्रोमिनी, स्कर्ट आदिको प्रस्तुति पनि समेटिएको उक्त सोमा व्यावसायिक मोडलको परिचय बनाएका रमिता भण्डारी तथा सब्बु साहले पनि क्याटवाक गरेका थिए। सोनु खड्काको कोरियोग्राफीमा नौवटा चरणमा विभाजित उक्त कार्यक्रमको बीच-बीचमा प्रस्तुत गरिएका आइटम डान्सले कार्यक्रमलाई थप ऊर्जा प्रदान गरेका थिए।

यसैगरी एभरेस्ट होटलको ग्रान्ड बल रुमलाई फेसनमय बनाउने काममा कोरियोग्राफर प्रबल श्रेष्ठ तथा उनका मोडलहरू सक्रिय रहे। सञ्चारकर्मीहरूलाई 'प्रवेश निषेध' गरिएकाले 'मिडनाइट हट' शीर्षकको उक्त कार्यक्रममा मोडलहरूलाई कस्तो किसिमले प्रस्तुत गरिएको थियो भन्ने कुरा सजिलै अनुमान लगाउन सकिन्छ। आयुषी शाह, आयुषा बस्नेत, नसीम प्रधान, सविता महर्जन, रमनी जोशी, मधु भट्टराईजस्ता नाम चलेका व्यावसायिक मोडलहरूको उपस्थिति रहेको उक्त फेसन कार्यक्रममा जाडो मौसमका लागि उपयुक्त विभिन्न शैलीका ज्याकेट, कटराइज पाइन्ट, ओभरकोट, स्कर्ट तथा टपहरू समावेश गरिएको थियो। ककटेल डिनरसहित प्रस्तुत उक्त सोमा विभिन्न आइटम डान्स पनि प्रस्तुत गरिएको थियो। फेसन प्रस्तुतिपछि डान्स पार्टीमा परिणत उक्त कार्यक्रममा उपस्थित सबैलाई डीजेले राति अबेरसम्म नचाएका थिए।

नयाँ वर्ष २००७ को स्वागतमै ग्यालेक्सी मोडलिङ एजेन्सीका मोडलहरूले पनि र्‍याडिसन होटलस्थित क्यासिनो र्‍याडलाई फेसनमय बनाए। सञ्जित श्रेष्ठको कोरियोग्राफीमा नयाँ वर्षलाई स्वागत गर्दै मोडलहरूले साडीमा पहिलो सिक्वेन्स प्रस्तुत गरे। पार्टी वेयर अन्तर्गत इभिनिङ गाउन, केही क्याजुयल पहिरन, स्कर्ट तथा हल्टर टपको सिक्वेन्ससँगै सातवटा विभिन्न सिक्वेन्समा विभाजित उक्त फेसन सोको अन्तिम सिक्वेन्समा मोडलहरूले डान्स गरी वर्ष २००६ लाई बाई-बाई गरेका थिए। केही नृत्य तथा गायिकाद्वय प्रीति कौर र पूनम सिंहको सांगीतिक प्रस्तुति पनि समेटिएको उक्त न्यू इअरइभ कार्यक्रम अन्ततः डान्स पार्टीमा परिणत भएको थियो।

# लभगुरू रेखा



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं । आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस् । ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ । यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन । आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला ।

**प्रश्न : म २२ वर्षीय युवक हुँ । म एउटी भारतीय युवतीलाई असाध्यै मन पराउँछु । उनी पनि मविना बाँच्न नसक्ने भएकी छिन् । हामी दुवैले विवाह गर्ने वाचासमेत गरिसकेका छौं । उनी पटक-पटक तिमी मेरो हुन सकेनौ भने आत्महत्या गर्छु भन्छिन्, तर मेरो घरमा अन्तर्जातीय विवाहको कुरा सुन्नेबित्तिकै सबै रिसले आगो हुन्छन् । हामीबीच चिठी मात्र आदान-प्रदान हुन्छ । हामी दुवै जना एक भएर आफ्नै घर-परिवारमा बस्न सक्ने कुनै सरल उपाय बताइदिनुहोला ।**

**-पी. शर्मा**

**उत्तर** : तपाईंले पत्रमा भारतीय युवती मात्र लेख्नुभएको रहेछ । भारतीय हुँदैमा अन्तर्जातीय हुने कुरा आउँदैन । तपाईंले आफ्नो थर शर्मा लेख्नुभएकाले तपाईं ब्राह्मण परिवारको हुनुहुन्छ भन्ने बुझियो । तपाईंका अभिभावकहरूलाई युवती भारतीय भएकोमा आपत्ति हो कि वास्तवमै उनीसँग विवाह गर्दा त्यो विवाह अन्तर्जातीय हुन्छ ? स्पष्टसँग लेख्नुभएको भए हुन्थ्यो । अहिले हुने गरेका प्रेमविवाहहरू प्रायःजसो अन्तर्जातीय वा अन्तधर्मीय हुने गरेको पाइन्छ । त्यसमा पनि त्यस प्रकारको अधिकांश विवाहमा अभिभावकको आपत्ति नै हुन्छ । जहाँसम्म तपाईंकी प्रेमिकाले विवाह भएन भने आत्महत्या गर्ने बताउँछिन् भन्ने प्रश्न छ, बरु उनका अभिभावकहरू तपाईंसँग उनको विवाह गराइदिन राजी छन् कि छैनन् ? चिठी आदानप्रदान गर्नुभन्दा एकपटक भेटेरै उनलाई सम्झाउनुहोस् र भन्नुहोस् कि समस्याको समाधान आत्महत्या होइन । समस्यासँग डराएर आत्महत्या गर्नेहरू त कायर हुन्छन् । तपाईं भर्खरै २२ वर्षको हुनुहुन्छ । विवाहजस्तो महत्त्वपूर्ण निर्णय अहिले नै गर्नु तपाईंहरूको भविष्यका लागि ठीक हुँदैन । बिस्तारै क्यारियर बनाउने कुरामा ध्यान दिनुहोस् । अभिभावकहरू अहिले रिसाए पनि तपाईंले आफ्नो अडान छाड्नुभएन भने उहाँहरू पनि सोच्न बाध्य हुनुहुनेछ ।

## फिल्मी खबर

-पुस महिनाको अन्त्यमा तीनवटा चलचित्रबीच भिडन्त हुने भएको छ । तीमध्ये पुस २५ गते सार्वजनिक हुन लागेको चलचित्र 'चोर सिपाही' तथा पुस २८ गते सार्वजनिक हुन लागेको चलचित्र 'तकदीर'बीच व्यावसायिक भिडन्त हुने पक्का भैसकेको छ भने अर्को चलचित्र 'दोबाटो'का निर्माता टंक लम्साल भने आफ्नो चलचित्र त्यही बेलामा सार्वजनिक गर्ने कि नगर्ने भन्ने दोधारमा छन् । सोभित बस्नेतको निर्देशनमा निर्माण भएको चलचित्र 'चोर सिपाही'मा भुवन केसी तथा रमित ढुंगाना चोरको भूमिकामा छन् भने राजेश हमाल तथा निखिल उप्रेती प्रहरीको भुमिकामा छन् । त्यसैगरी निर्माता सुनीलकुमार थापाको चलचित्र 'तकदीर'मा दिलीप रायमाझी, झरना थापा तथा विराज भट्टको त्रिकोणात्मक प्रेम देखाइएको छ ।


-सोभित बस्नेतद्वारा निर्देशित चलचित्र 'चोर-सिपाही' आगामी साता अर्थात् पुस २७ गतेदेखि उपत्यकाबाहिरका २३ स्थानमा सार्वजनिक हुनेछ । यसरी कुनै नेपाली चलचित्र एकैपटक यति धेरै स्थानबाट सार्वजनिक हुन लागेको यो पहिलो अवसर हो । चलचित्र 'चोर-सिपाही' मा चार जना नायक छन् । पपगायक सञ्जय श्रेष्ठको संगीतमा निर्माण भएको चलचित्र 'चोर-सिपाही' मा उषा पौडेल तथा अर्पणा सिंह नायिका छन् ।

-नेपाली 'क्रिस' भनिएको चलचित्र 'तकदीर' पुस २७ गते सार्वजनिक हुने तयारीमा छ । चलचित्रमा नायक विराज भट्टलाई बलिउडका नायक ऋतिक रोशनले चलचित्र 'क्रिस'मा मध्यान्तरअघि गरेको गेटअप दिइएको छ । उक्त गेटअपमा नायक भट्टले 'क्रिस'मा ऋत्विकले देखाएझैं एक्सन देखाउन खोजेका छन् । दीपक श्रेष्ठद्वारा निर्देशित उक्त चलचित्रमा एउटा कुकुर पनि महत्त्वपूर्ण भूमिकामा छ । नायिका झरना थापाले निर्माण गरेको चलचित्र 'तकदीर' मा दिलीप रायमाझी तथा नन्दिता केसीले पनि मुख्य भूमिका निर्वाह गरेका छन् ।

-नाटयकर्मी कृष्ण शाह 'यात्री'को पहलमा चलचित्र तथा मनोरञ्जनसम्बन्धी पाक्षिक पत्रिका 'शैली'को प्रकाशन प्रारम्भ भएको छ । उक्त पत्रिकाको प्रथम अंक सार्वजनिक कार्यक्रम हालै होटल दरबारमा सम्पन्न भयो । कार्यक्रममा चलचित्रकर्मी तथा रङ्गपत्रकारहरूको उपस्थितिमा पत्रिकाका कार्यकारी सम्पादक यात्री र सम्पादक तथा प्रकाशक मनोज मुडबरीले मनोरञ्जन पत्रिकाको कमी भएकाले उक्त पत्रिकालाई निरन्तर प्रकाशन गर्ने बताए । सोऱ्हपाने उक्त पत्रिका पत्रिकाको मूल्य दस रुपैयाँ राखिएको छ ।

-निर्माता, निर्देशक तथा नायक आकाश अधिकारीले हाल राजधानीमा प्रदर्शन भैरहेको चलचित्र 'क्रोध'मा दर्शकहरूको उपस्थिति बढाउन चलचित्र हेर्ने एक दर्शकलाई मोटरसाइकल उपहारको व्यवस्था गरेका छन् । अब उनले प्रदर्शनको ५१ औं दिन पूरा गराउन उपहारमा एउटा रेफ्रिजेरेटर र टेलिभिजन सेट पनि उपहार थपेका छन् । चलचित्र हेर्ने दर्शकहरूको टिकट नम्बरका आधारमा गोलाप्रथाद्वारा ती उपहार प्रदान गरिने कुरा अधिकारीले बताएका छन् । साथै थप सय जना दर्शकलाई पनि आकर्षक उपहार दिइनेछ ।

-निर्माता टंक लम्सालले निर्माण गरेको चलचित्र 'दोबाटो' प्रदर्शनको सँघारमा पुगेको छ । निकै वर्षअघि गायक उदितनारायण झाले निर्माण गर्ने भनिएको उक्त चलचित्रको अधिकार झासँग लिएर लम्सालले त्यसको निर्माण पूरा गरेका हुन् । चलचित्रमा राजेश हमाल, निखिल उप्रेती, रेखा थापा, गरिमा पन्त आदि कलाकारले अभिनय गरेका छन् भने दोबाटोका निर्देशक दयाराम दाहाल हुन् ।



-द्वन्द्व निर्देशक राजेन्द्र खड्गी यो वर्ष चलचित्र क्षेत्रमा दुई भिन्न रूपमा देखिँदैछन् । जयकिशन बस्नेतको निर्माण एवं सोभित बस्नेतको निर्देशनमा निर्माणाधीन चलचित्र 'बारुद'मा नायकका रूपमा देखिन लागेका खड्गीले नायिका रेखा थापाले निकट भविष्यमा निर्माण गर्ने एक द्वन्द्वप्रधान चलचित्रको निर्देशन पनि गर्दैछन् । उक्त चलचित्रमा रमित ढुंगाना, विराज भट्टलगायत अन्य तीन जना नायक रहनेछन् । महेश खड्काको संगीतमा हाल उक्त चलचित्रको गीत रेकर्डिङ भैरहेको छ ।

-चलचित्र 'कस्तो पागलपन' र 'बिन्तीपत्र'को निर्देशन गरिसकेका निर्देशक प्रमोद भण्डारी अर्को एक चलचित्रको निर्देशन गर्दैछन् । उक्त चलचित्रमा विराज भट्ट र रेखा थापाको जोडीले अभिनय तथा नृत्य निर्देशन वसन्त श्रेष्ठले गर्ने पक्का भैसकेको छ । चलचित्रको शीर्षक 'इलाका' राखिएको छ ।

## विराटनगरमा नयाँ वर्ष

**कमल रिमाल**

विराटनगर– विराटनगरको सगरमाथा पार्टी प्यालेसले नयाँ वर्षको खुसीयालीमा लाइभ कन्सर्टको आयोजना गरेको थियो । स्मृति ब्यान्डको सांगीतिक प्रस्तुतिसँगै दर्शकहरू नाचेका थिए । कार्यक्रममा उद्योगपति एवं व्यापारीहरू पनि सहभागी थिए । व्यापारी नन्दु राठीले मञ्चमा चढेर नेपाली लोकगीत गाउँदा उनका सहपाठीहरू पनि नाचेका थिए ।

नयाँ वर्षको रमाइलोमा रमाउन चाहनेहरूलाई एकै ठाउँमा भेला गर्न मुन होटलले नौलो कार्यक्रम सञ्चालन गरेको थियो । पाँच सय रुपैयाँको टिकट लिएपछि चिट्ठा, उपहार, बियर, रम, स्न्याक्स तथा गीत-संगीत त्यसभित्रै थियो । होटल सञ्चालक विजय प्रसाईंका अनुसार, उनले प्रत्येक वर्षको नयाँ वर्षका दिन यस्तै कायक्रम गर्दै आएका छन तर अघिल्ला वर्षहरूको तुलनामा यस वर्षको सहभागिता बढी थियो ।

विराटनगरका केही उद्योगपति-व्यापारीहरूले होटल रत्नाको हल रिजर्भ गरेर नाचगान गरेका थिए । मध्यरातसम्म नाचेका उनीहरूले नयाँ वर्ष लागेपछि विश्राम लिएका थिए । होटल नमस्कारमा भने दिउँसो २ बजेदेखि नै खाने-पिउनेमा रमाउनेहरूको एउटा समूह सक्रिय थियो । राति १२ बजे विराटनगरका युवाहरूले आतसबाजी र पटका पड्काएर नयाँ वर्षको स्वागत गरेका थिए ।

प्याराडाइज होटलको गजलमा रमाउनेहरूको भीड पनि उत्तिकै थियो । मदिरापान गर्दै गजलमा नृत्य गरेर नयाँ वर्षको स्वागत गरिएको थियो । रोडशेष चोकस्थित कृष्णा गजलमा भने नयाँ वर्ष मान्न भेला भएकाहरूको भगडाका कारण बेलुका ८ बजे नै होटल बन्द गर्नुपऱ्यो । सो होटलमा झगडाकै कारण चार जना स्टाफलाई राति प्रहरीले पक्राउ गरेको थियो ।



## सहर चर्चा

# मोडलिङमा पेमा

पेमा शेर्पालाई उनका साथीहरू अन्जुम भनेर बोलाउँछन्। भारतमा जन्मिएकाले पनि उनलाई भारतीय नामबाट बोलाइएको हुनसक्छ। ५ फिट २ इञ्च अग्ली पेमाको शारीरिक बनावट ३४×२९×३२ छ। खैरो आँखाकी धनी पेमाको केशको रंग सुनौलो छ। म्युजिक भिडियो तथा विज्ञापनमा मोडलिङ गर्न रुचाउने पेमा नृत्यमा पनि पारंगत छिन्। उनले सन् २००४ देखि मोडलिङ यात्रा प्रारम्भ गरेकी हुन्।

मोडलिङका अतिरिक्त उनी व्यापारमा पनि सक्रिय छिन्। नृत्य तथा घुमफिर उनका सौख हुन्। मिङ्मा शेर्पाका पपगीतहरू सुन्न मन पराउने पेमा फुर्सदमा चलचित्र हेर्छिन्, डान्सपार्टीमा सहभागी हुन्छिन्। झट्ट हेर्दा आकर्षक व्यक्तित्व भएको पुरुष मात्र उनको आँखामा गड्न सक्छ। डेटिङमा जानुपर्‍यो भने गायक मिङ्मा शेर्पालाई नै रोज्ने पेमा समझदार तथा सुन्दर युवकलाई मात्र जीवनसाथी बनाउन सक्ने धारणा व्यक्त गर्छिन्।

जिन्स तथा टिसर्ट उनलाई मन पर्ने पहिरन हुन्। पेमाले आफ्नो सुन्दर हेयरकटका कारण धेरैको प्रशंसा पनि पाएकी छिन्। चिनियाँ परिकारकी पारखी पेमा डान्सपार्टीहरूमा पनि सहभागि भैरहन्छिन्। पेमाका आकर्षक तस्बिरहरू मोडल संसार डट कममा उपलब्ध छन्।



# परम्परा र संस्कार प्रवर्द्धनमा

*आमा आँसु म हेर्न सक्दिनँ*
*माया र ममताविना म बाँच्न सक्दिनँ*

'आमाको माया यति धेरै छ कि उहाँको आँसु पुछ्न म जे पनि गर्न सक्छु। उहाँको खुसी नै मेरा लागि सबैभन्दा ठूलो कुरा हो। उहाँको मायामा म आफ्नोपनको आभास पाउँछु र मेरो जन्मभूमिलाई पनि म मेरो आमाको नजिक मान्दछु।'

कार्यक्रमका प्रमुख निर्णायक नरेशवीर शाक्यले 'आमाको आँसु र मायामध्ये आफू केबाट बढी प्रभावित हुनुहुन्छ र किन ?' भन्ने प्रश्नको लिखित जवाफमा कवितात्मक शैलीमा बौद्धिकताले भरिएको यो उत्तर थियो, डिजाइनर सुजाता जोशीले तयार पारेको पहिरनमा उभिएकी प्रतियोगी नम्बर २१ सुविता प्रधानको र यही उत्तरले सुविनालाई प्राप्त भयो मयजु नेवा २००६ हुने गौरव।

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको सगरमाथा सभाकक्षमा सजाइएको मञ्चअगाडिको पर्दा उघ्रिएपछि नमुना फेसन कलेजका विद्यार्थी डिजाइनरहरूले तयार पारेका कालो तथा रातो रंगको सम्मिश्रणमा परिमार्जित परम्परागत नेवार पहिरनमा सजिएका प्रतिस्पर्धी नेवार युवतीहरूले आकर्षक ढंगबाट स्वागत नृत्य प्रस्तुत गरेपछि प्रारम्भ भयो– मयजु नेवा २००६ को अन्तिम प्रतिस्पर्धा। स्यस्य: समाजको सहभागितामा नेप्लिज फेसन होमले आयोजना गरेको उक्त प्रतियोगिता गत वर्षदेखि मिस नेवा: शीर्षकमा



प्रारम्भ भएको भए पनि यस वर्षदेखि मयजु नेवा:का रूपमा परिमार्जित गरिएको छ।

रोहिया महर्जनको निर्देशनमा स्वागत नृत्यको प्रस्तुति दिएपछि मयजु नेवा: २००६ का ३३ जना प्रतिस्पर्धीले परिचयात्मक चरणमा नेवार भाषालाई नै आफ्नो परिचयको माध्यम बनाएका थिए। करिब पाँच साता लामो भाषा संस्कृति, अनुशासन, व्यक्तित्व-विकास, क्याटवाक, सौन्दर्य आदि विविध विषयको प्रशिक्षणपछि निखारिएका नेवार युवतीहरूको परिचयात्मक चरणको प्रस्तुतिपछि पालो थियो बेस्ट ड्रेस चरणको।

कोरियोग्राफरद्वय रोजिन शाक्य र राज फैजूको कोरियोग्राफीमा मञ्चमा उत्रिएका मयजु नेवा: २००६ का सहभागीहरूले बेस्ट ड्रेस चरणमा नेवार समुदायको कला, संस्कृति, संस्कार आदि प्रतिनिधित्व गर्ने पहिरनमा आफूलाई उभ्याएका थिए।

प्रतियोगिताको अन्तिम चरणमा सविता श्रेष्ठको उत्तरले दोस्रो स्थान पायो र उनी बनिन् फस्ट रनरअप। सेकेन्ड रनरअपको उपाधि भने सुजना राजकर्णिकारको हात पर्‍यो। प्रतिस्पर्धाका अन्य उपाधीहरूतर्फ बेन्जु शाक्य बेस्ट स्माइल, रेजिना मालाकार फ्रेन्डसिप, निरिना श्रेष्ठ डिसिप्लिन, अलिष्का तुलाधर बेस्ट स्किन, रविना शाही बेस्ट हेयर, श्वेता सैंजू चार्मिङ पर्सनालिटी र सहनशीला मुल्मी बेस्ट पर्फमेन्स उपाधि विजेता छानिएका थिए।

प्रतिभा प्रदर्शन चरणमा 'कुमारी' नृत्य प्रस्तुत गर्ने मेरिसा स्थापितले मिस ट्यालेन्टेड उपाधिमा कब्जा जमाइन् भने बेस्ट ड्रेसको उपाधि ललिता महर्जनको हात पर्‍यो, परम्परागत नेवारी पहिरन 'भन्टां लँ' को परिमार्जित शैलीमा प्रस्तुत भएको ललिताको पहिरनमा 'कुमारी' देवी र सं-झ्या प्रतिविम्बित थियो। परम्परागत गरगहना तथा छ्वालीको प्रयोगले ललिताले प्रस्तुत गरेको पहिरन अझ अर्थपूर्ण बनेको देखिन्थ्यो।

# मेलाको आकर्षण नै सांस्कृतिक कार्यक्रम



बुटवल– 'तपाईं बुटवलको मेलामा किन जानुहुन्छ ?' धेरैको पहिलो उत्तर हुन्छ– 'दोहोरीसँगै हुने रमाइलो सांस्कृतिक कार्यक्रम हेर्न।' हरेक वर्ष बुटवलमा आयोजना हुने राष्ट्रिय स्तरको औद्योगिक व्यापार मेला वा प्रदर्शनीमा दर्शकको आकर्षणको केन्द्रबिन्दु नै दोहोरी, चर्चित हास्यकलाकारको प्रस्तुति एवं विविध सांस्कृतिक कार्यक्रम नै हुन्। चाहे लोकदोहोरीका हुन्, चाहे आधुनिक गायनका, चाहे पपका हुन् वा हास्यकलाकार नै किन नहुन्, ख्यातिप्राप्त कलाकारलाई मेलामा उतार्ने परम्परा नै बनेको छ। दर्शक पनि के कम ? कलाकारको गीतसँगै नाच्न जान्नेहरू कम्मर मर्काई-मर्काई धीत मरुन्जेल नाच्छन्, गाउन जान्नेहरूले गाएर साथ दिन्छन्। यो मेलामा बीसौं हजार दर्शक तथा दर्जनौं कलाकारबीच घनिष्ठ सम्बन्ध गाँसिन पुग्छ।

आज शुक्रबारदेखि १० दिनसम्मका लागि सञ्चालन हुने मेलामा पनि लोकदोहोरीका हस्तीहरू पुरुषोत्तम न्यौपाने, प्रजापति पराजुली, नारायण रायमाझी, दुर्गा रायमाझी, कृष्ण देवककोटा, मिलन लामा, बद्री पंगेनी, भगवान् भण्डारी, देविका केसी, रमेश बिजी, रीता थापा आदिको जमघट हुनेछ भने कमलमान सिंह, सुदीप गिरीजस्ता पप हस्तीका साथै हिपहप गायक निर्णय श्रेष्ठले पनि मेलामा गाउने कार्यक्रम छ। आधुनिक गायक सुरेश अधिकारी, दृष्टिविहीन गायक कृष्णभक्त अधिकारी, एक खुट्टाले नाच्ने कलाकार रश्मि न्यौपाने, मेरी बास्सै श्रृंखलाका हास्यकलाकारहरू, होचा पुड्का कलाकारको प्रस्तुति पनि मेलामा हेर्न पाइनेछ। हजारौं दर्शकका बीचमा आफ्ना गीतको प्रचार गर्न पाइने भएकाले बुटवल औद्योगिक मेलामा आउन कलाकारहरू अन्यत्रका कार्यक्रमसमेत रद्द गर्छन्। मेलामा स्थानीय नवप्रतिभा कलाकारले पनि आफ्नो प्रतिभा देखाएर धेरैको मन जित्छन्। मेलामा हुने यस्ता सांस्कृतिक कार्यक्रम हेरेर मनोरञ्जन र आनन्द लिन लुम्बिनी अञ्चलका छवटै जिल्लाका अतिरिक्त स्याङ्जा, बाग्लुङ, दाङ, चितवनसम्मका दर्शकको ओइरो लाग्छ।

त्यसो त मेलामा थरीथरीका पिङ, सर्कस, जादु र बालउद्यानमा रमाउनेहरूको संख्या पनि कम हुँदैन। बर्सेनि आयोजना हुने यो मेलालाई बुटवलवासीले महोत्सवका रूपमा लिन्छन्। मेला चार लाखसम्म दर्शकले अवलोकन गर्ने र त्यहाँ करोडौंको कारोबार हुने बताइन्छ।

## नेपथ्यको धुम



'मलाई घटना गीतिसंग्रहको मैनापोखरी गीत साह्रै मन पर्‍यो,' उमेरले किशोर अवस्थाकी दमक-११ की संगीता राईले मंगलबार 'नेपथ्य संगीत यात्रा-दमक' हेरेपछि भनिन्- 'उक्त गीतमा २० दिने नाबालक टुहुरो भएको, त्यस्तै अनाहकमा विभिन्न मानिसको ज्यान गएको घटनालाई यथार्थ रूपमा प्रस्तुत गरिएकाले पनि मन परेको हो।' उमेरअनुसार मायाप्रेमका गीत मन पर्नुपर्ने भए पनि, संगीताका अनुसार यो गीतले सशस्त्र द्वन्द्वको समयमा नेपालीले भोगेको कटु यथार्थलाई जस्ताको तस्तै उतारेको छ। 'शान्तिका लागि शिक्षा' नाराका साथ मुलुकका विभिन्न स्थानमा आयोजना भैरहेको नेपथ्य संगीत यात्राको दोस्रो कार्यक्रम सम्पन्न भएपछि संगीताले भनिन्- 'मैनापोखरीको कथाले मजस्ता धेरैको मन रुवाएको हुनुपर्छ।

नेपालयको आयोजना तथा स्थानीय हिमालय माध्यमिक विद्यालयको सह-आयोजनामा स्थानीय दमक चलचित्र मन्दिरमा सम्पन्न उक्त कार्यक्रममा नेपथ्य ब्यान्डले पछिल्लो गीतिसंग्रह घटनाका अतिरिक्त करिब दुई दर्जन सांगीतिक कोसेली प्रस्तुत गरेको थियो। नेपथ्य सांगीतिक कार्यक्रममा प्रस्तुति दिँदादिँदै ब्यान्डका भोकलिस्ट अमृत गुरुङ भन्दै थिए- 'शान्तितर्फ उन्मुख भैरहेको अहिले संक्रमणकालीन अवस्थामा सबैको भूमिका महत्त्वपूर्ण हुन्छ। मेरो एउटै आग्रह छ, सबैले आफ्नो स्थानबाट शान्तिप्रति साँच्चीकै प्रतिबद्धता जनाऔं।'

यसअघि शान्तिका लागि शिक्षाअन्तर्गत नै नेपथ्यले वि.सं. २०५९ र २०६१ मा देशव्यापी सांगीतिक यात्रा तय गरिसकेको छ। तेस्रो पटकको यात्रामा अघिल्ला यात्राहरूजस्तो मानसिक तनाव छैन, अमृतले भने- 'यसपटक दर्शकहरूको मुहारमा पनि खुसी देखें। अमृतका अनुसार द्वन्द्वको समयमा जसरी विद्यालय क्षेत्र कुरुक्षेत्रका रूपमा परिणत हुन्थ्यो, त्यस्तो अब कहिल्यै नहोस् भनेर सबैले कामना गरौं।

'शान्तिका लागि शिक्षा' संगीत यात्राअन्तर्गत पूर्वी पहाडी नगर धनकुटामा सम्पन्न कार्यक्रममा ३ हजारभन्दा बढी संगीतप्रेमीको सहभागिता थियो। संगीत यात्रालाई सफल बनाउन स्थानीय आयोजकमा त्रिवेणी माध्यमिक विद्यालय र त्रिवेणी सांस्कृतिक समूहले संयुक्त पहल गरेका थिए। धनकुटा बजारस्थित त्रिवेणी माध्यमिक विद्यालयको प्राङ्गणमा आयोजित सांगीतिक कार्यक्रम हेर्न ठूलो संख्यामा धरान र हिलेसम्मका किशोर-किशोरीहरू भेला भएका देखिन्थे। दस वर्ष लामो द्वन्द्वको समाप्तिसँगै शान्तिको सास फेरेका धनकुटावासीलाई सांगीतिक कार्यक्रमले अझ उत्साहित बनाएको थियो।


सिराहाको लाहान बजारमा आयोजित चौथो कार्यक्रममा गायक अमृतले गीत सुनाउनुका साथै सांस्कृतिक भाइचाराले नेपाल र नेपालीलाई अझै बलियो बनाउनुपर्ने विचार व्यक्त गरे। लाहानवासीको तालीले उत्साहित अमृत भन्दै थिए– 'के पहाड, के मधेस, के हिमाल, के तराई हामी सबैले मिलेर बस्यौं भने मात्र हाम्रो सांस्कृतिक सम्पदाहरू जोगिनेछन्।' लाहानका निम्ति माँ दुर्गा भवानी क्लबले आयोजना गरेको उक्त कार्यक्रममा उच्च स्तरको रङ्गमञ्च, ध्वनि तथा प्रकाशको व्यवस्थाले दर्शकहरूलाई थप रोमाञ्चित तुल्याएको थियो।

## बुटवलमा किड्स ट्यालेन्ट शो

**टोपराज शर्मा**

बुटवल– १५ वर्षमुनिका बालबालिकामा लुकेर रहेको प्रतिभाको प्रस्फुटन एवं विकास गराउने उद्देश्यले आयोजित अञ्चलस्तरीय 'किड्स ट्यालेन्ट शो' प्रतियोगिता शनिबारदेखि बुटवलमा प्रारम्भ भएको छ। गायन, नृत्य एवं अभिनय गरी कलाका तीन विधामा चार चरणसम्म एकल प्रतिस्पर्धा गराइने प्रतियोगितामा लुम्बिनी अञ्चलका रूपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, गुल्मी तथा अर्घाखाँची जिल्लाका गरी ८० जना बालबालिकाले भाग लिएका छन्। गायनमा ४०, नृत्यमा ४५ एवं अभिनयमा ५ जनाले प्रतिस्पर्धा गरेको प्रतियोगिताको शनिबार सम्पन्न पहिलो चरणको सेल्फ राउन्डमा गायनमा २१, नृत्यमा ३० तथा अभिनयमा ४ जना छनौट भएका छन्। न्यू लुम्बिनी कला केन्द्रले आयोजना गरेको यो प्रतियोगितामा बालबालिकाले लोकसंस्कृति, राष्ट्रियता तथा जातीय मौलिकता झल्कने लोक, आधुनिक, पप वा प्रगतिशील जुनसुकै प्रकारका गीत, नृत्य तथा अभिनय प्रस्तुत गर्दैछन्।

पुस २२ गते दोस्रो चरण, २९ गते तेस्रो चरण र माघ ९ गते फाइनल प्रतिस्पर्धा गराइने प्रतियोगितामा गायन, नृत्य तथा अभिनयबाट एक-एक जना गरी ३ जनालाई 'सुपर ट्यालेन्ट'को उपाधि र एक जनालाई 'अडियन्स च्वाइस'को उपाधिले पुरस्कृत गरिनेछ। विजेता चारै जनालाई ५-५ हजारका दरले नगद पुरस्कार र सम्बन्धित विधामा एक वर्ष निःशुल्क प्रशिक्षण दिइनेछ, साथै गायनमा विजेता हुनेको एउटा गीत निःशुल्क रेकर्ड गरिदिने तथा अभिनयमा विजेता हुनेलाई स्थानीय केबुल टेलिभिजनमा अवसर प्रदान गरिने बताइन्छ।



## rnlrq

## ह्रोंसैं म्हिं



गुरुङ भाषा एवं संस्कृतिको संरक्षणमा मद्दत पुऱ्याउनुका साथै आफ्नो समुदायमा रहेका गलत संस्कार, परम्परा र प्रवृत्तिलाई उजागर गरी युवा पुस्तालाई सचेत बनाउने रूपन्देहीमा गुरुङ भाषाको एउटा अर्को चलचित्र बनेको छ । खेमा प्रोडक्सन प्रा.लि.को ब्यानरमा बनेको यो चलचित्रको शीर्षक 'ह्रोंसैं म्हिं' अर्थात् आफ्नो मान्छे राखिएको छ । उक्त चलचित्र ल्होसारको अवसर पारेर पुस १५ गतेदेखि बुटवलमा प्रदर्शन भैरहेको छ ।

चलचित्रमा गुरुङ समुदायमा शिक्षालाई महत्त्व नदिई धनसम्पत्तिलाई मात्र सबै कुरा मान्ने, धन कमाउन देश छाडेर लाहुर जाने, धनको आडम्बरमा शिक्षित तर आर्थिक रूपमा विपन्न व्यक्तिलाई हेप्नेजस्ता गलत प्रवृत्ति उजागर गर्दै शिक्षा एवं राजनैतिक सचेतनालाई महत्त्व दिनुपर्ने सन्देश दिइएको छ । कृष्णबहादुर तमु, धनबहादुर तमु र सावित्री तमु निर्माता तथा भीम तमु कार्यकारी निर्माता रहेको चलचित्रको निर्देशन प्रितम तमु, कथालेखन धनबहादुर तमु एवं नृत्य निर्देशन गोरे तमुले गरेका छन् । बुटवल, भैरहवा तथा देवदहका कलाकारहरूले अभिनय गरेको चलचित्रको छायांकन पर्वत, स्याङ्जा तथा कास्कीका विभिन्न स्थानमा गरिएको छ । करिब आठ लाखको लागतमा निर्मित चलचित्रमा रोशन तमु तथा धनबहादुर तमुको गीत, दुर्गा तमुको संगीत तथा भीम तमुको संवाद सुन्न पाइन्छ । चलचित्रमा धनबहादुर तमु नायक, दुर्गा तमु नायिका, कुमार तमु एवं इन्द्र तमु सहनायक तथा मनीषा तमुले सहनायिकाको भूमिका निर्वाह गरेका छन् ।

– टोपराज शर्मा

## अभिमन्यू



आज शुक्रबार काठमाडौंमा सार्वजनिक हुने चलचित्र 'अभिमन्यू'मा नायक निखिल उप्रेतीको दोहोरो भुमिका छ । चलचित्रका नायक तथा खलनायक दुवै निखिल नै हुन् । निकै वर्षदेखि चलचित्र लेखकका रूपमा कार्यरत मौनता श्रेष्ठले निर्माण गरेको यो चलचित्रका निर्देशक नरेश पौड्याल हुन् । चलचित्रमा तीन जना नायिका छन्– अरुणिमा लम्साल, पुजाना र जेनी । उनीहरूबाट निर्देशक पौड्यालले चलचित्रमा भरपूर ग्ल्यामर प्रस्तुत गर्न खोजेका छन् । चलचित्रको कथाका सम्बन्धमा लेखक तथा निर्माता मौनता श्रेष्ठ भन्छन्- 'महाभारतका अभिमन्यू चक्रव्यूहमा परेपछि निस्कन सक्दैनन र मृत्युवरण गर्छन् । यो चलचित्रका मुख्य पात्र अभिमन्यू भने भ्रष्टहरूको चक्रव्यूहमा परेर पनि उनीहरूलाई सखाप पारेर बाहिरिन्छन् ।' चलचित्रमा हेमन्त बुढाथोकी, रवि गिरी, दिनेश शर्मा आदि कलाकारले पनि अभिनय गरेका छन् । एनबी महर्जनको द्वन्द्व, वसन्त श्रेष्ठको नृत्य तथा राजु थापाको छायाङ्कनमा तयार भएको यो चलचित्रमा चेतन सापकोटाको संगीत सुन्न पाइन्छ ।

## गेम



नयाँ वर्षको रमझमले दर्शक थाकेका होलान् भनेर यो साता बलिउडबाट ए ग्रेडका कुनै चलचित्र सार्वजनिक भएनन् । मणिरत्नमले निर्देशन गरेको चलचित्र 'गुरु' आगामी साता मात्र सार्वजनिक गरिने भएकाले यो साता 'सी' ग्रेडका दुईवटा चलचित्र सार्वजनिक हुँदैछन्-'कुडियोंका है जमाना' र 'गेम' । तीमध्ये दिव्या इन्टरप्राइजेजका लागि राम मिश्राले निर्माण गरेको चलचित्र 'गेम' दर्शकहरूका लागि रुचिकर हुनसक्छ । 'थ्रिलर' भनिएको उक्त चलचित्रमा नयाँ कलाकारहरूलाई अभिनय गराइएको छ, जसमा नायिका मोना चोपडाबाट निर्देशक शिवम यादवले पर्याप्त अंगप्रदर्शन गराएका छन् । नायक समीर धर्माधिकारीसँग उनले मल्लिका शेरावतलाई माथ गर्ने गरी यौनजन्य दृश्य दिएकी छिन् । चलचित्रको कथा कतै पनि उल्लेख छैन । चलचित्रमा प्रशान्त नारायण, मुकेश तिवारी, अभय भारंग, अनिल नागनाथ, गोविन्द नामदेव आदिले अभिनय गरेका छन् । सान, केके, सुनिधि चौहान, श्रेया घोषाल जस्ता नाम चलेका गायक/गायिकाहरूले पार्श्वगायन गरेको चलचित्र गेममा बप्पी लहरी तथा तुतुलले संगीत दिएका छन् ।

## फ्याक्ट्री गर्ल

सन् १९६५ मा अमेरिकाको कुनै सहरमा बसोबास गर्ने एउटी युवतीको रहनसहन तथा शैलीका बारेमा बनेको चलचित्र 'फ्याक्ट्री गर्ल'का निर्देशक जज हिकेनुपर हुन् । चलचित्रमा धनी, महत्त्वाकांक्षी एवं सुन्दरताकी धनी युवती एडी सेड्विकजस्तो बन्ने सपना हरेक युवतीको हुन्छ । जब उनले न्युयोर्कका एक जना प्रख्यात कलाकारलाई भेट्छिन्, उनको 'लक्जरी लाइफ स्टाइल'मा अनायसै परिवर्तन आउँछ । एन्डी वारोल नाम गरेका ती कलाकार कुनै उद्देश्यका लागि बाँचेका हुन्छन् । उनकै संगतबाट एडीले संगीतकार, चित्रकार, अभिनेताहरूको उत्पादन गर्ने एउटा कम्पनी सञ्चालन गर्छिन् । 'द फ्याक्ट्री' शीर्षकको उक्त कम्पनीबाट उनले चलचित्र पनि निर्माण गर्छिन् । हरेक युवती उनीजस्तो हुन चाहे पनि वा हरेक युवाले उनलाई आफ्नो नजिक बनाउन चाहे पनि एडी भने एण्डीलाई मन पराइरहेकी हुन्छिन् । नाटकीय जीवनकथामा आधारित यो चलचित्रमा गे पिरेस, साइना मिल्लर, हेडेन क्रिस्टिन, जिम्मी फलोन, मेरिडिथ ओस्ट्रोम आदि कलाकारले अभिनय गरेका छन् ।

## पोखरामा कन्सर्ट र डान्सको मस्ती

**शिव शर्मा**

पोखरा– चिसो मौसम न्यायो हुँदै गएको थियो । आगन्तुकहरूको भीड बढ्दै जाँदा साँग्रिला होटलको परिसरमा संगीतको धुन गुन्जिसकेको थियो । आगन्तुकहरू हूल बाँधेर होटल परिसरमा ओइरिँदै थिए ।

न्यू इयरको मौका छोपेर होटल साँग्रिलाले आयोजना गरेको कन्सर्ट तथा डान्स पार्टीको रमझममा रमाउनेहरू कम भएनन् । तन्नेरीदेखि पाकासम्म त्यहाँ भेला भएका थिए । कन्सर्ट तताउन राजधानीबाट आएका थिए गायिका प्राश्ना शाक्य तथा गायक धर्मेन्द्र सेवान ।

गायिका प्राश्ना शाक्यले आफनो हिट नम्बर आवाज देऊ बाट सबैलाई आफूतिर आकर्षित गरिन् । त्यसपछि



त के चाहियो र ?मनोरञ्जनपारखीहरू गीतको तालमा झुम्न थाले । चिसो रातमा पनि संगीतमा झुम्दाझुम्दै कतिपयको त पसिना चुहिरहेको थियो, तर पनि उनीहरू आफूलाई सम्हाल्न नसक्दा-नसक्दै पनि एकोहोरो मस्किरहेका थिए ।

त्यसपछि लगत्तै देखा परे पोखरेली कान्छा धर्मेन्द्र सेवान । रंगारंग कार्यक्रमको वातावरण त्यतिबेला अझ तात्यो, प्राश्नाको रिमिक्स गीत मन छाडे मैच्याङमा । प्राश्नालाई साथ दिएका थिए धर्मेन्द्रले । गीतमा कम्मर भाँच्दै ननाच्ने कोही बाँकी रहेनन् । रातको साढे दस बजे सकिएको थियो कन्सर्ट । स्थानीय थर्ड आई ब्यान्डले पनि आफ्नो परफर्मेन्स दिएको थियो । कन्सर्ट सकिएलगत्तै डिजेले दर्शकलाई नचाउन गीतहरू छान्न थाले । न्यू एयर भएकाले पनि होला, डान्स राति साढे एक बजेसम्म जमेको थियो । रंगीन रातलाई अझ रंगीन तुल्याउन उक्त डान्स पार्टी सफल पनि भयो ।

## नयाँ वर्ष मनाउने आ-आफ्नै शैली

**राजु घिसिङ**

धरान- नेपालीहरू जनवरी, वैशाख, तिहार र ल्होसारमा गरी चारपल्ट नयाँ वर्ष मनाउन अभ्यस्त हुन थालेका छन् । ल्होसार अर्थात् 'नयाँ वर्ष' शेर्पा, तामाङ, गुरुङहरू सबैभन्दा ठूलो पर्वको रूपमा मनाउँछन् । तिहारमा नेवारी समुदायले अनि वैशाख र जनवरीमा सबै नेपाली नयाँ वर्षलाई उल्लासमय बनाउन हतारिन्छन् ।

जुनसुकै पर्व पनि छुटाउन नचाहने धरानेहरूले यसपल्टको अंग्रेजी नयाँ वर्ष भव्य रूपमा मनाए । धरानमा व्यापार-व्यवसाय बिदाको दिन अर्थात् सोमबार नै नयाँ वर्ष परेकाले यसपालि उद्योग-व्यवसायीहरू विशेष रूपमा उत्साहित देखिन्थे । धरानका पुराना मोडल अमित श्रेष्ठ भन्छन्- 'सप्तकोसीको फाँट हेर्दै कोसी टप्पुमा रमाइलो गर्न पुग्यौं ।'

नयाँ वर्षमा धेरै धरानेको गन्तव्य स्थल हुन्छ भेडेटार । धरानभित्रकै यलम्बर पार्क, पञ्चकन्या रिसोर्ट, सप्तरंगी पार्क, बूढासुब्बा एरिया, शिवजट्टा क्षेत्र पनि नयाँ वर्ष मनाउनेहरूको भीड देखिन्थ्यो । कोही-कोही इलामको कन्यामसम्म पुगेका थिए । धरानबाहिर जान नभ्याउनेहरूले यहीका रेस्टुराँ तथा नातेदारहरूसँग घरमै पनि जमघटसहित नयाँ वर्षको स्वागत गरिरहेका थिए ।

मेघा मोडल-२००२ इरिना प्रधानाङ्गाले यसपल्ट आफैंले बनाएको केक काटेर घरमै नयाँ वर्षको स्वागत गरिन् । उनको दाजु मिस्टर धरान-२००५ का विजेता कबिरभगत भने भेडेटार पुग्न भ्याएका थिए । कबिर भन्छन्- 'नातेदारहरू आमन्त्रण गरी परिवारसँग घरमै मनाउँछौं, योपल्ट साथीहरूसँग भेडेटार पनि पुगें ।' घरमा समेत पार्टी भ्याएका कबिरको पत्नीसँग भेडेटारमा नयाँ वर्ष मनाउने आकांक्षा भने पूरा भएन ।

फेसन डिजाइनर दम्पती हेमा र ललित राईले भने घरमै नयाँ वर्षको स्वागत गरे । 'विराटनगरमा न्यू इयर इभ पार्टीको म्यानेजमेन्ट आफैंले हेर्नु परेकाले धरानबाहिर जाने मौका नै मिलेन,' -ललितले बताए । धरान, पोखरा तथा दमकमा स्प्लेन्डर बुटिक सञ्चालन गरिरहेका राई दम्पती अघिल्ला नयाँ वर्ष साथीहरूबीच मनाएका थिए । अर्का फेसन डिजाइनर उत्तम बनेपालीले परिवारसँगै कोसी टप्पुमा नयाँ वर्षको स्वागत गरे । उत्तम भन्छन्- 'सप्तकोसीमा डुंगा चढ्यौं, टप्पु अवलोकन गऱ्यौं ।' खचाखच भरिएकाले बनेपालीको समूहले राम्रो बस्ने ठाउँ भने फेला पार्न सकेन ।

भेडेटारमा डान्स पार्टीमा नाच्नेहरूको खचाखच भीड देखिन्थ्यो । शैलुङ्गे डाँडामा भ्यू टावर चढ्नेहरूको लस्कर पनि कम थिएन । सयौं समूह नयाँ वर्षको स्वागत गर्न भेडेटार पुगेका थिए । पिकनिक स्पट भरिएकाले उभिएरै रमाइलो गर्नेहरूको उपस्थिति सयौंको संख्यामा थियो । मयूर, धनेश, मृग, हरिण हेर्दै जंगलमा रमाइलो गर्नेहरूको भीड यलम्बर पार्कमा देख्न सकिन्थ्यो । कृत्रिम पोखरीमाथि निर्मित झोलुङ्गे पुलमा मच्चिँदै उफ्रँदै न्यू इयरको स्वागत गर्ने टिन एजर्सहरूको चिच्याहटको रमिता बेग्लै थियो ।

यलम्बर पार्कमा दिउँसो पुगेका व्यवसायी सुयोग पाख्रीन भन्छन्- 'अरू समूह बसेको स्थानमै मिलेर मनाउनुपऱ्यो, ढिलो भएकाले ठाउँ नै पाइएन ।' भेडेटार, कोसी टप्पु तथा पार्कहरूमा ढिलो पुग्ने धेरै समूहले राम्रो स्थान पाएनन् । न्यू इयर इभमा धरानमा डान्स पार्टीहरू पनि सम्पन्न भए । भेडेटार, कोसी टप्पु तथा पार्कहरूमा न्यू इयरको बहानामा भेला भएका युगल जोडीहरू पनि प्रशस्तै थिए । अघिल्ला नयाँ वर्षहरू पोखरा, दार्जीलिङजस्ता पर्यटकीय स्थान घुमेका डिजे मिराक भन्छन्- 'यसपालिको नयाँ वर्ष साथीहरूसँग धरानमै मनाएँ ।'



## खेल खेल्ने हात्ती

**साप्ताहिक समाचार**

चितवन– जंगल भ्रमण, गैंडा आदिका अतिरिक्त हात्ती सवारीका लागिसमेत प्रख्यात सौराहाको बाघमारा सामुदायिक वनको चौरमा गत साता हात्तीहरूको उत्सव लागेको थियो । आमा कर्णालीकलीसँग आएकी चार महिनाकी कान्छीकली छुनुमुनु गर्दै उत्सव हेर्न आएका हजारौं दर्शक तथा पर्यटकहरूको आकर्षणको केन्द्र बनेकी थिइन् । हिमालदेखि तराईसम्मका विभिन्न जातजातिका पहिरन एवं संस्कृतिको झलक देखाउँदै हात्तीहरूको लावा-लस्करका साथ सौराहा प्रवेशद्वारबाट 'तेस्रो अन्तर्राष्ट्रिय हात्तीदौड प्रतियोगिता'को आरम्भ भयो । उद्घाटनपश्चात् २४ वटा हात्ती दौडन तयार भए ।

दिनभरि एकातिर मिलन लामाको लोकगीत र अन्य सांस्कृतिक कार्यक्रम चलिरह्यो भने अर्कातिर फुडस्टलहरूमा थारु र नेवारी परिकारको स्वाद लिनेहरूको ताँती लागिरह्यो । दोस्रो दिन हात्तीका छवटा छावा फुटबल खेल्न थाले । तीन-तीनवटा छावाको उक्त फुटबल निकै रोमाञ्चक थियो । एकजना स्थानीय दर्शक भन्दै थिए- 'हात्ती पोलोभन्दा पनि रोमाञ्चक ।' त्यही दिन हात्तीदौडको सेमीफाइनल पनि गरियो ।

अन्ततः तेस्रो दिन छवटा हात्तीबीचको फाइनल खेलमा सबैभन्दा रमाइलो प्रतिस्पर्धा भयो, जसमा सबैलाई उछिन्दै हिमालयन डिस्टिलरीले प्रायोजन गरेको १२ वर्षको जंगबहादुर प्रथम भयो । मात्र ६४ मिली सेकेन्डको अन्तरमा उसलाई पछ्याउँदै हिमालयन इन्काउन्टर्सले प्रायोजन गरेको २६ वर्षीया पवनकली दोस्रो भइन् । सूर्य डिस्ट्रिव्युटर्सले प्रायोजन गरेको १३ वर्षीया कर्णालीकली तेस्रो स्थानमा रहिन् । कार्यक्रमकै सहायक आकर्षणका रूपमा खेलाइएको गोरु-गाडा दौडमा हेरो पावे, टाँगा दौडमा रामबाबु शाह, छावा दौडमा कर्णालीकली तथा नौका दौडमा भरत बोटे प्रथम भए । आयोजक क्षेत्रीय होटल संघका पदाधिकारी केशव पाण्डेका अनुसार नयाँ वर्ष तथा क्रिसमसले गर्दा यतिबेला सौराहामा पर्यटक आगमन कम हुने भए पनि हात्तीदौडको आयोजनाले गर्दा त्यहाँका सबै रिसोर्ट तथा होटलमा पर्यटकहरू टन्नै थिए ।

## युएईमा नेपालीहरूको संस्था

१ लाख ३० हजार नेपाली कामदार कार्यरत युएईमा नेपाली कामदारको हकहितका लागि सक्रिय दुई संस्था एकजुट भएका छन् । सन् १९९० सालमा प्रचण्डजङ्ग शाहको अध्यक्षतामा गठन भएको युएई नेपाली समाज सन् २००५ मा दुई भागमा विभाजित भएपछि ती संस्थाले नेपाली कामदारको मुद्दालाई फरक-फरक ढङ्गले उठाउँदै आएका थिए । सन् २००७ साल जनवरी १ का दिन विभाजित भएका दुईवटै संस्था एकजुट भएको घोषणा गरे । ती दुई संस्थाका अध्यक्ष कृष्ण ढकाल तथा रामेश्वर शाहले दुवैको लक्ष्य, उद्देश्य, कार्यशैली एवं विचार एउटै भएकाले दुई संस्था रहनुको कुनै औचित्य नभएको भन्दै एकीकरणको घोषणा गरेका हुन् । दुवै संस्थाको एकीकरणको युएईमा रहेका नेपालीहरूले स्वागत गरेका छन् ।

–बन्धु शर्मा

## ;fgf] kbf{

-हास्यश्रृंखला 'तीतो सत्य'का छन्दे अर्थात् गोपाल ढकाल तथा नीराजन सिग्देलले 'छनी' जोडी बनाएपछि एउटा हास्यश्रृंखला लेखेर त्यसमा अभिनय पनि गरेका छन् । नेपाल वान टेलिभिजनबाट केही समयपछि प्रसारण हुने उक्त श्रृंखलाको निर्माण श्याम कार्कीले गरेका हुन् भने यसका निर्देशक शंकर घिमिरे हुन् । 'ताई न तुई पारा उही' शीर्षकको उक्त श्रृंखलामा नीराजन र गोपालका अतिरिक्त प्रेम पाण्डे, विष्णुभक्त फुयाँल, राम नेपाल आदि कलाकारले अभिनय गरेका छन् । उक्त हास्यश्रृंखलाको छायाङ्कन नारायणघाट, सौराहा तथा काठमाडौंमा गरिएको छ ।

-कान्तिपुर टेलिभिजनबाट प्रसारण हुँदै आएको फेसनसम्बन्धी कार्यक्रम 'ग्ल्याम फ्याक्टर'ले प्रसारणको पच्चीस भाग पूरा गरेको छ । पूर्व मिस टिन नेपाल प्रियङ्का कार्कीद्वारा सञ्चालित उक्त कार्यक्रमको पच्चीसौं भागमा सञ्चालिकाले कान्तिपुर टेलिभिजनका आफ्ना सहकर्मीहरूलाई



कार्यक्रमका बारेमा सुझाव प्रस्तुत गर्न लगाएकी थिइन् भने २५ अंकित केक पनि काटिएको थियो ।

-फोटोग्राफर राजीव न्यौपानेले मुगु जिल्लास्थित रारा ताल क्षेत्रको भ्रमणसम्बन्धी एक सांगीतिक वृत्तचित्र तयार पारेका छन् । न्यौपानेले रारा महोत्सवका अवसरमा जुम्लाबाट पैदल हिंडेर रारा ताल पुग्दाका प्राकृतिक दृश्य तथा त्यहाँको जनजीवनलाई उक्त वृत्तचित्रमा उतारेका हुन् । आकर्षक रारा तालको प्राकृतिक सौन्दर्यलाई क्यामेरामा उतारेर उनले त्यसलाई चर्चित शास्त्रीय संगीत समूह कुटुम्बको संगीतमा दृश्य संयोजन गराएका छन् । 'रारा' शीर्षकको उक्त वृत्तचित्र भविष्यमा टेलिभिजनमा पनि हेर्न पाइनेछ । हाल त्यसको सिडी तथा डिभिडी तयार भएको छ ।

-नेपाल टेलिभिजनबाटै सञ्चालित अर्को च्यानल एनटिभी टुमा हरेक बिहीबार राति पौने नौ बजे नृत्य प्रतिस्पर्धा गराइने कार्यक्रम 'सरोबर' प्रसारण हुने गरेको छ । नेपाल टेलिभिजनमा 'तीतो सत्य' कै समयमा एनटिभी टुबाट प्रसारण हुने उक्त कार्यक्रमले प्रसारणको सय भाग पूरा गरेको छ । उक्त कार्यक्रममा विभिन्न विद्यालयका विद्यार्थी कलाकारहरूबीच समूह नृत्य प्रतिस्पर्धा हुने गरेको छ । कार्यक्रमको सञ्चालन विशाल पोखरेलले गर्छन् ।

## साताको स्वर



### साबु रवि

**तिम्रो याद कति मीठो.... गीतमा कस्ता शब्द छन् ?**

– विशेष गरी विछोडको बेला केटाको मनमा उत्पन्न हुने भावनालाई समेटेकी छु।

**महिला गीतकार भएर पुरुषको भावना समेट्नुको कारण ?**

– भावना त मेरै हो तर पुरुषका भावनाहरू कस्ता हुन्छन् भन्ने कुरा गीतमार्फत व्यक्त गर्न खोजेकी हुँ ।

**यो गीतका लागि गायक कर्णदासलाई नै रोज्नुको कारण ?**

– गीतका शब्दहरू उहाँकै स्वरका लागि सुहाउने भएकाले नै हो ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**

–गीतकार भए पनि यसको भिडियोमा मैले नै अभिनय गरेकी छु, जसमा गीतको भावनाअनुसार एउटा काल्पनिक कथा समेटिएको छ ।

**गीतका लक्षित श्रोता कसलाई बनाउनुभएको छ ?**

– खासगरी टिनएजरका लागि हो, तर आफ्नो मनपर्ने मानिस छुट्टिएको क्षणको अनुभव गर्ने सबैका लागि यो गीत प्रिय लाग्नसक्छ ।

-गायक नवीन के. भट्टराईले यस पटक अमेरिका भ्रमण कार्यक्रमका सिलसिलामा कीर्तिमान कायम गरेका छन् । गायक भट्टराईका अनुसार उनी अमेरिकाका सबैभन्दा बढी राज्यमा एकल सांगीतिक कार्यक्रम गर्ने नेपाली गायक बनेका छन् । तीन महिनाअघि अमेरिकामा बसोबास गरिरहेका नेपाली उद्घोषक रवि लामिछानेको आमन्त्रणमा गायक भट्टराई सांगीतिक टोलीसहित अमेरिका पुगेका थिए । उनले त्यहाँका नर्थ क्यारोलोना, फ्लोरिडा, बर्बिङ ह्याम, डेनभर, टेक्सास, मिनिसोटा, नेब्रास्का, एरिजोना, न्यूयोर्क, बाल्टीमोर, वासिङ्टन डिसी, लस एन्जलस्, सानफ्रान्सिस्कोलगायत १८ वटा राज्यमा एकल कार्यक्रम गरेको बताए । हरेक स्थानमा उनले दुईदेखि साढे दुई घण्टा एकल कार्यक्रम गरेका थिए, जसमा भट्टराईलाई 'द एल्जल्स'का वाद्यवादकहरूले साथ दिएका थिए । भट्टराईका अनुसार डेनभर, नेब्रास्का तथा सानफ्रान्सिस्कोका दर्शकबीच गीत प्रस्तुत गर्दा सबैभन्दा रमाइलो भएको थियो ।

-गत शुक्रबार नेपाल विद्यार्थी संघ, भक्तपुर बहुमुखी क्याम्पस इकाईले विभिन्न संगीतकर्मीलाई अभिनन्दन तथा सम्मान गरेको छ । इकाईका अध्यक्ष रोशनकुमार पौड्यालको सभापतित्वमा सम्पन्न कार्यक्रममा लोकगायक बुद्धिकृष्ण लामिछाने र गजल तथा आधुनिक गायक आनन्द कार्कीलाई अभिनन्दन गरिएको थियो भने पप गायकद्वय क्रान्ति आले र दीपेशकिशोर भट्टराई, गायिका रोशनी श्रेष्ठ एवं गायिका दिदीबहिनी शीतल-सुवानी मोक्तानलाई सम्मान गरियो । कार्यक्रमको अन्त्यमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

-गत शनिबार वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको परिसरमा १७ जना चर्चित गायक, गायिका तथा समूहले एउटै सांगीतिक कार्यक्रममा आ-आफ्ना गीत सुनाए । 'हार्मोनी नेपाल' शीर्षकको उक्त कार्यक्रम इश्वी संवत् २००७ को पूर्वसन्ध्यामा शुभकामनास्वरूप आयोजना गरिएको आयोजकले बताएका छन् । नेप्लिज अस्ट्रेलियन वेयलफेयर सोसाइटीले आयोजना गरेको उक्त कार्यक्रम झन्डै पाँच घण्टा चलेको थियो । कार्यक्रममा गायकहरू जेम्स प्रधान, दीपेशकिशोर भट्टराई, कमलमान सिंह, योगेश्वर अमात्य, सुगम पोखरेल, सरोज दत्त, बाबु बोगटी, मोहित मुनाल, अविनाश घिसिङ, रोज मोक्तान, गायिकाहरू रिजा उप्रेती, प्रीति कौर, पूजा राई, हिपहप समूह द युनिटी, नेप्साइडेज आदिले गीत-संगीत सुनाएका थिए ।

-गायक आनन्द कार्की आफ्नो एघारौं एकल एल्बम बजारमा ल्याउने तयारीमा छन् । आगामी साता कार्कीको एक एकल प्रस्तुतिका साथ नयाँ एकल एल्बम 'सुन्दरता' सार्वजनिक हुँदैछ । नयाँ संगीत उत्पादक अनुपम म्युजिकले पहिलो एल्बमका रूपमा बजारमा ल्याउन लागेको उक्त एल्बमका प्रस्तुतकर्ता मनोज विराज हुन् । गायक कार्कीका अनुसार एल्बमको एउटा गीतमा स्व. संगीतकार नातिकाजीको संगीत छ । यसका साथै एल्बममा शक्ति बल्लभ तथा मनोज सिंहले संगीत भरेका छन् । उक्त कार्यक्रमको लगत्तै गायक कार्कीको पहलमा गायिका सविना कार्की आफ्नो पहिलो एल्बम 'सिमल' सार्वजनिक गर्दैछिन् । गायक कार्कीलगायत सचिन सिंह र राजु सिंहद्वारा संगीतबद्ध उक्त एल्बमको सार्वजनिक समारोह होटल र्‍याडिसनमा हुनेछ ।

-'माझी दाइ पोखरा फेवातालको, लाम माया साँच्चैको नलाम माया ख्याल-ख्यालको...' भाकाको दोहोरी गीत गाएर पछिल्लो पटक चर्चामा आएका लोकगायक मिलन लामा गत साता सौराहामा सम्पन्न 'तेस्रो अन्तर्राष्ट्रिय हात्तीदौड प्रतियोगिता' का अवसरमा आयोजित सांस्कृतिक कार्यक्रममा उद्घोषकका रूपमा देखा परे । झन्डै दुई घण्टा चलेको उक्त कार्यक्रममा गायक लामाले आफ्ना लोकदोहोरी गीतहरू पनि सुनाए ।

-गायिका अभया सुब्बाको रक संगीत समूह 'अभया एन्ड द स्टिम इञ्जन्स'ले आफ्नो नाम परिवर्तन गरेर 'द स्टिम इञ्जन्स' मात्र राखेको छ । हाल दोस्रो एल्बमको रेकर्डिङ कार्यमा व्यस्त उक्त समूहले उक्त एल्बम दुई महिनाभित्रमा बजारमा उतार्ने तयारी भैरहेको बताएको छ । यसै क्रममा उक्त समूहका एक गीतारबादकले समूह छाडेका छन् भने उनको स्थानमा महिला गीतारवादक पायललाई लिइएको छ ।

-वर्षका दस उत्कृष्ट पप गीत संकलित गरेर तयार पारिएको संग्रह '२००७ एडी' नयाँ वर्षका अवसरमा यसै साता सार्वजनिक गरिएको छ । क्यासेट कभर डिजाइनर तथा फोटोग्राफर अनिल स्थापितले सन् २००० देखि हरेक वर्ष नौलो डिजाइन गरेर 'एडी' शीर्षकमा उक्त संग्रहको योजना बनाउने गरेका छन् । यस पटकको संग्रहमा इश्वी संवत् २००६ मा चर्चामा आएका १० जना गायक जबिक, मिग्मा शेर्पा, दिव्य सुब्बा, एडरिन प्रधान, गिरीश एन्ड द युनिटी, राजु लामा, राजीव लोहनी, सुदेश खवास, सुनील बर्देवा तथा कमलमान सिंहका चर्चित गीतहरू संकलन गरिएका छन् । दसवटा चर्चित गीतका लागि छुट्टाछुट्टै एल्बमहरू खरिद गर्नुभन्दा उक्त एउटै एल्बम खरिद गर्न श्रोताहरूलाई सजिलो हुने यसको उत्पादक म्युजिक डटकमको धारणा छ ।

-थाइल्यान्डको बैंककमा खिचिएको नलिना चित्रकारको म्युजिक भिडियो 'जिन्दगी' सार्वजनिक भएको छ । उक्त म्युजिक भिडियो खिच्नकै लागि निर्देशक सुरजसिंह ठकुरी आफ्नो युनिटसहित बैंकक पुगेका थिए । चलचित्र नायिका उषा पौडेललाई अभिनय गराइएको उक्त म्युजिक भिडियोमा सुरज आफैले पनि अभिनय गरेका छन् ।

-मोफसलमै रहेर विगत दुई दशकदेखि संगीत सृजनामा तल्लीन इलाम, फिक्कलका कलाकार पूजन प्रधानले हालै नयाँ गीतिएल्बम बजारमा ल्याएका छन् । आफ्नै रचना र संगीतमा तयार गरिएका प्रधानका आठवटा गीतमा गायक कुवेर राई, भूपेन राई तथा स्वयं प्रधानको स्वर सुन्न सकिन्छ । उक्त गीतिसंग्रहको शीर्षक 'परिकल्पना' जुराइएको छ । प्रधानले माइबेनी र कोसिस शीर्षकका दुई एल्बम यसअघि नै बजारमा ल्याइसकेका छन् । स्थानीय क्षेत्रमा हुने कार्यक्रमहरूमार्फत गायकका रूपमा पहिचान बनाइसकेका प्रधान गीत लेख्न र संगीत भर्न पनि उत्तिकै खप्पिस छन् ।





गायक रामकृष्ण ढकाल दम्पती विराटनगरको एक कार्यक्रममा इन्डियन आइडल अभिजित सावन्तसँग । अभिजितको काखमा ढकाल दम्पतीको सन्तान।

## लाइभ शो

-विजेश्वरीस्थित होटल बज्रको नागा थियटरमा तनानी भजन खला समूहले विभिन्न प्रकारका शास्त्रीय संगीत प्रस्तुत गर्छ । हरेक आइतबार साँझ छ बजेपछि उक्त समूहले त्यहाँ विशेष गरी परम्परागत शास्त्रीय संगीत सुनाउँछ ।

## नजिकबाट

## आनन्द कार्की



| | | |
|---|---|---|
| जन्ममिति | : | माघ ६ गते |
| नामको अर्थ | : | खुसी |
| तपाईंको परिचय | : | सबै विधाको गायक |
| जन्मस्थान | : | सोलुखुम्बु |
| तपाईंको गोप्य कुरा | : | समयअनुसार जुँगा छोट्याउन थालेको छु । |
| रुचि | : | संगीत, घुम्ने, खेलकुद |
| सांगीतिक गुरु | : | नरराज ढकाल, चन्दन श्रेष्ठ, धरमपाल सिंह (लखनउ) |
| पहिलो कन्सर्ट | : | राष्ट्रिय सभागृहमा, २०३९ सालमा |
| पहिलो प्रेम | : | म्युजिक स्कुल लखनउमा हुँदा, २०३५ सालतिर |
| पहिलो डेटिङ | : | म्युजिक स्कुलको लाइब्रेरी |
| हनिमुन | : | काठमाडौंमा |
| पहिलो प्रेमपत्र | : | २०३५ मा उनै भारतीय युवतीले लेखेको |
| नजिकको साथी | : | श्रीमती, एडी शेर्पा |
| पहिलो पटक बजाएको बाजा | : | हार्मोनियम |
| मनपर्ने परिकार | : | नेपाली खाना, चाइनिज परिकार, जापानिज |
| मनपर्ने रंग | : | कालो, नीलो, सेतो |
| मनपर्ने पहिरन | : | आफूलाई सुहाउने सबै |
| पहिलो उपहार | : | पाकिस्तानी फ्यानले दिएको एक लाख मूल्य बराबरको उपहार । |
| मनपर्ने मौसम | : | शरद् ऋतु |
| मनपर्ने खेल | : | फुटबल, क्रिकेट |
| फुर्सदमा | : | घुम्ने, पुस्तकहरू पढ्ने, खाना पकाउने |
| रिस उठेको बेला | : | बोल्दै बोल्दिनँ |
| मनपर्ने आफ्नै बानी | : | हाँसेर कुरा गर्ने |
| सबैभन्दा बढी माया | : | आफ्ना श्रोता अनि परिवारलाई |
| पहिलो चुम्बन | : | पहिलो प्रेमिकालाई |
| गर्लफ्रेन्ड | : | अहिले त छैन |
| रमाइलो क्षण | : | सन् १९९८ मा जिटिभीले लन्डनमा गराएको प्रतिस्पर्धामा प्रथम हुँदा |

# दृष्टिविहीनको सहयोगार्थ

**शिव मुखिया, सुदीप श्रेष्ठ**

इलाम– सांगीतिक कार्यक्रमहरूमा आक्कलझुक्कल मात्र देखा पर्ने चर्चित गायक कुवेर राई यसपटक इलामे दर्शकहरूमाझ झुल्किए । इलाम क्याम्पसको प्राङ्गणमा भरिभराउ दर्शकहरूलाई सांगीतिक खुराक पस्किन मञ्चमा उत्रिएका गायक कुवेरले थोरै गीत गाए पनि उनको उपस्थित र प्रस्तुतिले कार्यक्रममा बेग्लै स्वाद थपेको थियो ।

गएको शुक्रबार इलेभेन हर्ट म्युजिकल ब्यान्ड तथा जागृति युवा क्लब श्रीअन्तुको संयुक्त आयोजनामा भएको प्रत्यक्ष सांगीतिक सौगात कार्यक्रममा चिसो मौसमको पर्वाह नगरी दर्शकहरूले कार्यक्रमलाई रुचिपूर्वक हेरेका थिए । दृष्टिविहीनहरूको सहयोगार्थ आयोजित उक्त कार्यक्रममा अन्य कलाकारहरूले गीत तथा नृत्य प्रस्तुत गरेर थप मनोरञ्जन दिएका थिए । प्राय:जसो कार्यक्रममा म्युजिक ट्र्याकमा मात्र आफ्नो सांगीतिक प्रस्तुति दिने राईले यसपालि भने दार्जीलिङका वाद्यवादकहरूको सांगीतिक तालमा आफ्नो स्वर मिलाए ।

कार्यक्रममा गायक राईले आफ्ना दुई चर्चित गीत गाएका थिए । उपस्थित दर्शककै रोजाइमा उनले 'टाढा भए के भो मायालु......' गीतसँगै केही नयाँ र पुराना गीत गाएर भरपूर मनोरञ्जन दिए ।



नेपाली सांगीतिक वृत्तमा अलग्गै पहिचान बनाएका गायक राईले यसै कार्यक्रमबाट स्टेज कार्यक्रमहरूमा आफ्नो यात्रा थालनी गरेका छन् । कार्यक्रमबाट प्राप्त रकम दृष्टिविहीनहरूलाई हस्तान्तरण गर्ने योजनाअनुरूप सांगीतिक दौडमा उत्रिएका कुवेर राईको टोलीले गत आइतबार इलामकै श्रीअन्तुमा सांगीतिक कार्यक्रम प्रस्तुत गर्‍यो । सोही सिलसिलामा उक्त सांगीतिक टोलीले फिदिम बजारमा पनि कार्यक्रम प्रस्तुत गर्नेछ । 'फिदिमको कार्यक्रम सफलतापूर्वक सम्पन्न भए बाँकी ठाउँमा पनि दृष्टिविहीनहरूको सहयोगार्थ सांगीतिक कार्यक्रम गरिनेछ,' आयोजक टोलीका राम शाक्य बताउँछन् ।



डोरी अब कहिल्यै गाँस्न नसकिने गरी चुँडिसकेको छ । गाँस्न त धेरै चाहें तर सबै प्रयास असफल भए । तिमीलाई दोषी सम्झन्थें तर आज सबैतिरबाट म आफ्नो गल्ती भएको सम्झन्छु । हुनसक्छ भने मनमनै भए पनि माफ गरिदिएँ भनिदेऊ न, पश्चातापको राप र तृष्णबाट मुक्ति गराइदेऊ । आज जुन-जुन मन्दिरमा पुग्छु, ती ठाउँहरूमा म तिम्रो सफलताको वर माग्छु । गल्ती मबाट भएको छ । अब तिमीसँग कहिल्यै नभेट्ने गरी धेरै टाढा जाँदैछु ।

**ईश्वर**

पत्रमित्र साथीहरू सीता, दीना, इन्द्रकुमारी तथा पवित्रा, लम्जुङको ठेगानामा पत्राचार गर्न आग्रह गर्दछु ।

**प्रेम लिम्बु**

मुग्लिनबाट माइक्रोबसमा चढ्ने भगवती बहाल बस्ने, खैरो रंगको सर्ट-ज्याकेट लगाउने दाइलाई (मलाई) बदाम ख्वाउने मेरो काँधमा टाउको राखेर निदाए जस्तो गर्ने र स्वयम्भु नजिकै ओर्लने प्यारी सुन्दरीलाई भोलि शनिबार १-३ बजेको बीचमा स्वयम्भु अगाडि भेट गर्ने वाचाका साथ धेरै-धेरै सम्झना अनि मीठो माया ।

**जसको काँधमा टाउको राखेकी थियौ**

अरुणा, धेरै दिनदेखि तिम्रो केही खबर नपाएर साह्रै छट्पटिरहेको छु । जीवनयात्राको बीच आज किन टाढिँदै छौ । तिम्रो यादले पल-पल यो मुटु दुखेर जिउँदो लास नै भएको छ । बिन्ती गर्छु तिमी त्यति धेरै कठोर नबन, मलाई फोन गर, भेट अनि यो कहालीलाग्दो एक्लोपनबाट मलाई मुक्त गरिदेऊ ।

**टिएल**

काँकडभिट्टाबाट विराटनगरतर्फ जाने माइक्रोबसमा पहेंलो कुर्था-सुरुवाल लगाएकी, कालो तीन इन्च जति केश भएकी २-३ जना साथीहरूसँग भएकी । अन्य साथीहरू लास्ट सिटमा बसेका र उनी म बसको सिटमा बसेर इटहरीमा आएकी गोरी हल्का, हल्का मोटी जस्तो देखिने घाँटीमा पहेंलो सिक्री लगाएकी, इटहरी आएपछि माइक्रोबसबाट उत्रिएर म अगाडिको किराना पसलमा गएर फोन गर्दै साथीहरूसँग माइक्रोबसबाट उत्रिएर मलाई हेर्दै बाइबाइ गर्दै रिक्सामा चढेर विराटनगर जाने मोटी, फोन गर्नु ल ।

**पासाङ योञ्जन**

एस, अब हाम्रो भेट असम्भव नै होला । किनकि तिमीसँगको सम्बन्धको

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

प्रति सन्देश रु. २०/- अनिवार्य – सम्पादक

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..............................

उमेर : .................... उचाइ : ....................

पेसा : .................... शिक्षा : ....................

स्वभाव : .................... वैवाहिक स्थिति : ....................

अभिरुचि : ..............................

वर्ण : ....................

इमेल : ..............................

ठेगाना : ..............................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................

..............................

gf]6 M तस्विर र नगद रु. ५०।- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## जीवनको गोरेटो

### बिर्सन नसकेको माया

समय बलवान् रहेछ र त आज म आ□नै विश्वास र मायालाई कृत्रिम हो कि भन्न बाध्य भएको छु । म कसरी स्वीकार गर्न सक्छु अतीतमा भएको तिमीप्रतिको विश्वास र माया अनि विश्वासघात ? कसरी हटाउन सक्छु म आ□नै हृदयबाट तिम्रो प्रतिविम्ब ? कसरी भुल्न सक्छु म सारबिनाको भए पनि तिम्रो आवरणरूपी मायालाई अनि सिसारूपी विश्वासलाई ? कसरी भन्न सक्छु र म सूर्यमा हुने ताप र चन्द्रमामा हुने शीतलता क्षणिक सत्य मात्र हुन् भनेर तर विवशता र शंका त्यही विश्वास र मायाबीच नै पलाउँदोरहेछ । विश्वास, आफैमा कुनै घटना घटेपछि मात्र लाग्ने मानिसको स्वार्थी प्रवृत्ति नै होला र त आज आफैलाई आ□नै विश्वास एवं मायाले विश्वासघात गरेपछि कुनै गाढा निद्राबाट ब्युझिएझैं भएको छु म ।

परिचय आफैमा एक गर्विलो शब्द तर यसले नै मानिसको वर्तमान र भविष्यलाई शंकाको घेरामा राख्दो रहेछ भने अतीतलाई सम्झिएर रुवाउँदो पनि रहेछ । आज यस्तै भएको छ मलाई तिमीसँगको परिचय पनि । तिमीसँगको परिचयमा खुसीहरू निरन्तर बढ्दै जानेछन् र अविरल फैलँदै जानेछन् भन्ने विश्वास गरेको थिएँ । तिमी पूर्व क्षितिजको आशाकिरण अनि म पश्चिम क्षितिजको सन्ध्या । खै, हाम्रो परिचय आफैमा एक पूर्णता थियो जस्तो लाग्थ्यो मलाई । लाग्थ्यो हामी दुई पवित्र नदी दोभानमा आएर एक-अर्कालाई अँगालोभरि कस्दै माया र विश्वासका दुई किनाराबीच हुँदै एकाकार भएर बगिरहेका छौँ र बगिरहनेछौँ अनन्तसम्म तर समय सधैं कहाँ आ□नो अनुकूल हुँदोरहेछ र ? चिडियाखानाको पवित्र पोखरी हुँदै फैलँदै-झाँगिदै गएको हाम्रो माया शायद धरहराको प्रत्येक सिंढीलाई साक्षी राखेर धरहराकै टुप्पोसम्म पुगेको थियो । समयको प्रतिकूल प्रताडनाले मर्माहत त भएकै छु, अझ मेरो विश्वास र मायाप्रतिको तिम्रो विश्वासघातले त्यो प्रताडनालाई अझ मलजल गरेको छ । सायद, समयले जसरी चलाए पनि परिचयको नाममा कसैमाथि आ□नै मुटु टुक्रने गरी विशवास गर्नु पनि मेरो भूल रहेछ । अहिले त्यसको चोटले होला मर्माहत हुन पुगेको छु ।

हो, हिजोका दिनहरू कति रमाइला थिए, परिचयलाई पूर्णता दिएजस्तो । हामी एक-अर्कामा कति नजिक थियौं । सायद ती दिनका यादले मात्र पनि आज चारैतिरबाट भयानक आक्रमण गरेजस्तो लाग्छ । तिमीलाई ती दिनहरूमा नदेख्नुको अर्थ आफैमा अपूर्ण, एक्लो र बिरानो मान्थेँ म, र त हरतरहबाट तिमीलाई देख्ने र भेट्ने अभिलाषा निरन्तर जागिरहन्थ्यो हृदयभरि । तिमीलाई फूल सम्झिएर सजाउन खोज्थेँ आ□नो मनमन्दिरमा निश्चल भावले तर तिमीले मेरा यी हरेक भावनामा कुठाराघात गर्‍यौ । फूल सम्झिए काँडा भैदियौ, विश्वास गरें चोट दियौ, मुटुमा राखें धोका दियौ, आखिर किन ? मैले के त्यस्तो गल्ती गरेको थिएँ जब कि तिमीले आ□नै वाचाहरू लत्यायौ । तिम्रो सामीप्यता नपाए पनि हरेक दिन बिराई फोन गर्ने वाचा गरेकी थियौ र थियौ मौका पर्नासाथ भेट्ने प्रतिज्ञा तर आज ती सबै झूटा भए । ती सबै कुराहरू आखिर मेरो मुटुको रोग बनी हरपल मलाई नै खाइरहने भए तर साँचो मनले भन्नुपर्दा तिम्रो विगतको माया भने कहिल्यै बिर्सन नसकिने गरी मेरो हृदयमा ताजै रह्यो ।

**– काले**



## साप्ताहिक साथी



-स्नातक दोस्रो वर्षमा अध्ययनरत २१ वर्षीय अवाल अनिला ५ फिट ६ इन्च अग्ला छन् । खेलकुद, भ्रमण, संगीत एवं पत्रमित्रतामा रुचि राख्ने अनिला चाँडै नरिसाउने, दुःख-सुखमा साथ दिने तथा निःस्वार्थी भावनाका साथीको खोजीमा छन् । उनलाई anushadiljale@yahoo.com मा सम्पर्क राख्न सकिन्छ ।

-बिएड प्रथम वर्षमा अध्ययनरत स्मारिका शिवाकोटी मिजासिलो स्वभावकी छिन् । भ्रमण गर्नु तथा नयाँ-नयाँ साथी बनाउनु उनको रुचि हो । गोरो वर्णकी स्मारिका धनी-गरिबको भेदभाव नगर्ने तथा शिक्षित एवं जेहेन्दार साथीको खोजीमा छिन् । उनलाई सुरुङ्गा वडा नम्बर ५, झापामा पत्राचार गर्न सकिन्छ ।

# तमोरमा चुनौतीपूर्ण र्‍याफ्टिङ

**प्रदीप मेयाङ्बो**



धरान– चिसो पानीले शरीर लछेप्रै भिजे पनि कुनै वास्ता थिएन । अग्ला-अग्ला पहाडबीच रिसाउँदै बगेको तमोरको छालबीच छ जना पत्रकार र्‍या□टिङको मजा लुट्नमा व्यस्त थिए । जिन्दगीमा पानीको तेजधारसँग विरलै खेल्न पाएका सुनसरीका सञ्चारकर्मीहरूले पहिलो पटक र्‍या□टिङको रोमाञ्चक यात्रा गरे । पानीमा पौडिनसमेत नजानेका सञ्चारकर्मीहरूका लागि नीलो तमोरको तरङ्ग पाँच घण्टासम्म निकै चुनौतीपूर्ण भयो ।

आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले अरुण रिभर र्‍या□टिङ कम्पनीले तमोर नदीमा धनकुटाको मूलघाट देखि सुनसरीको बराहक्षेत्र चतराघाटसम्म पहिलो पटक व्यावसायिक रूपमा रोमाञ्चक र्‍या□टिङ सुरु गरेको छ । विश्वको तेस्रो अग्लो टाकुरा कञ्चनजंघा र कुम्भकर्ण हिमश्रृङ्खलाबाट बगेर आएको चिसो हिउँपानीको तेज धार र स्वास नै रोक्ने पानीको अराजक तरङ्गसँग पौंठेजोरी खेल्दै यो र्‍या□टिङको मज्जा लिन सकिन्छ ।

धनकुटाको मूलघाटबाट सुरु भएको र्‍या□टिङ यात्रामा जुसर्‍यापिडमा पर्दा पत्रकार ओम आस्था राई र सप्तकोसी एफएमकी सीता मादेम्बा रोमाञ्चित हुँदै चिच्याए । त्यस्तो खतरनाक छालमा आइपुग्दा र्‍या□टिङ गाइड अमृत गुरुङ भने सबैलाई प्राविधिक भाषा होल्डअन भनेर कराउँदै सतर्क बनाउँथे र सबैले छेउको लाइफरोप अठ्याउँथे ।

ढुङ्गामा ठोक्किँदै आएको पानीको खतरनाक र्‍यापिड कटेपछि चिसो छालले हानेर भिजेको लाइफ ज्याकेट सम्भाल्दै सीताले हाँस्तै भनिन् 'र्‍या□टिङ बोटलाई तीव्र छालले हानेर ठाडो बनाउँदा त मज्जासँगै डर पनि लाग्यो ।' सँगै चढेका बासुदेव बराल र आनन्द कोइराला पनि पहाड थर्कने गरी चिच्याउन पुगे र्‍या□टिङबोट छोप्ने गरी आएको छालमा परेपछि । बानी बस्दै गएपछि तीव्र भँगालो कहिले आउँछ भन्दै पर्खी बस्न थालेको सीताले बताइन् । यो जलयात्राका क्रममा अग्ला-अग्ला पहाडको बीच भएर बग्दा पाँच घण्टाको बाटो एकै छिनमा सकिएको अनुभव हुन्छ चतरा आइपुगेपछि ।

बानी नपरेका सञ्चारकर्मीहरू चढेकाले र्‍या□टिङ व्यवसायी प्रमोद लिम्बु गाइड गुरुङ, सहायक गाइड छविलाल श्रेष्ठ र कायाकर टंक लामालाई राम्रो बाटो भएर लान निर्देशन दिइरहन्थे । सौखिनहरूका लागि तमोर र सप्तकोसीको त्यो भयानक तरङ्ग चुनौतीपूर्ण आनन्द दिने माध्यम बन्ने गरेको छ । तमोरमा हेल्लो होल, ब्याड बिलो, एश्रम नाम गरेका रोमाञ्चक र्‍यापिडहरूले र्‍या□टरहरूको सातो लिन सक्ने भएकाले जोखिम उठाउनेलाई निकै मज्जा आउने गाइड अमृतले बताए । उनले यसअघि तमोरमा ब्रिटिस र अस्ट्रेलियन पर्यटकहरूलाई लिएर र्‍या□टिङ गरेका थिए । तैपनि उनका लागि तमोरको अराजक तरङ्ग सधैं नयाँ र जोखिमपूर्ण लाग्छ ।

नदीको र्‍यापिडअनुसार तमोरलाई पाचौं ग्रेड दिइएको छ । तीनदेखि माथि निकै तेजधारको तरङ्ग बग्ने गरेकाले तमोर चुनौतीपूर्ण भएको दुई दशकदेखि र्‍या□टिङ व्यावसायमा संलग्न प्रमोद लिम्बूले बताए ।

एक दशकसम्म चलेको हिंसात्मक द्वन्द्वको निकासका लागि भएको शान्ति सम्झौतापछि आन्तरिक पर्यटनको पनि सम्भावना बढेकाले साहसिक मनोरञ्जनको आनन्द लिनेहरूका लागि तमोरको तेजधार रोमाञ्चक लाग्ने अरुण रिभर र्‍या□टिङका सञ्चालक मदन ढकालले बताए । पश्चिम उत्तरबाट आएको अरुण धनकुटाको छिन्ताङ त्रिवेणीमा तमोरसँग मिसिएपछि बनेको सप्तकोसीमा पनि थुप्रै र्‍यापिड छन् ।

पूर्वाञ्चल भ्रमण गर्न आउने विदेशी तथा स्वदेशी पर्यटकहरूलाई लक्षित गरेर यो व्यावसाय सुरु गरिएको ढकालले बताए । तमोर नदी र्‍या□टिङका लागि उपयुक्त मानिए पनि राजधानी बाट टाढा भएकाले र पूर्वाञ्चलमा पर्यटन प्रवर्द्धन गर्न सरकारले चासो नदेखाएकाले ओझेल परेको हो ।

कायाकिङ र र्‍या□टिङ प्रतियोगितासमेत गर्न सकिने तमोर नदीमा यदाकदा मात्र राजधानीबाट र्‍या□टिङबोट ल्याएर विदेशीहरूले ताप्लेजुङको दोभानदेखि चतरासम्म पाँच दिनको यात्रा गर्दै आएका थिए । मध्यमवर्गीय नेपालीहरूलाई पनि लक्षित गरेर र्‍या□टिङ व्यावसाय सुरु गरिएको ढकालले बताए । यहाँ थप दुई र्‍या□टिङबोट ल्याउने तयारी पनि हुँदैछ । र्‍या□टिङ सुरु गरेलगत्तै विदेशी पर्यटकहरूले सम्पर्क गर्न थालेकाले आफू आशावादी भएको उनले बताए ।

धरानबाट मोटर चढेर भेडेटार हुँदै साढे एक घण्टामा मूलघाट पुगिन्छ । मूलघाटको पुलमुनिबाट र्‍या□टिङ सुरु भएपछि लगातार आनन्द बटुल्न सकिने एक्सन एडभेन्चर र्‍या□टिङ सर्भिसका प्रमोद लिम्बूले बताए । जोखिमपूर्ण र्‍या□टिङको मज्जा लिनेहरूका लागि तमोर सप्तकोसी उत्कृष्ट नदी भएको पनि लिम्बूले बताए । मूलघाटबाट धनकुटाको बेलहारा, महाभारत, अहाले, छिन्ताङ हुँदै सुनसरीको चतरा आइपुग्न साढे चार घण्टा लाग्ने गरेको छ ।

# विवाहपूर्वको यौनसम्बन्ध कतिको उचित हो ?

**अब हाम्रो पालो**

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. के गरे पैसा कमाइन्छ ?
२. सफल मान्छे हुन के गर्नुपर्छ ?
३. पुरुषको व्यक्तित्व केमा हुन्छ ?
४. रक्सी र युवतीमध्ये के को लत (नसा) खतरनाक ? किन ?
५. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
६. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
७. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
८. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
९. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
१०. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?



खै ? २१ औं शताब्दी लाग्यो भन्छन् ।

**दिनेश (२२), सिन्धुली**

बिल्कुलै उचित होइन, किनकि साथी (केटा वा केटी) लाई कुनै संक्रामक रोग लागेको हुनसक्छ अथवा गर्भ रहन सक्छ र पछि नकारात्मक प्रभाव पर्न सक्छ ।

**रामबहादुर केसी (१८), नेपालगन्ज**

सुरक्षित तरिकाले त उचित नै हो, तर जोसमा होस नपुऱ्याउँदा नराम्रो पनि हुनसक्छ ।

**लक्ष्मण लामा**

एकदम उचित हो, अनुभवी भइन्छ ।

**गंगाराम न्यौपाने**

एक प्रतिशत पनि ठीक होइन । यस्तो गर्नु त नारकीय जीवनमा धकेलिनु हो ।

**दीपेन्द्र देउवा, डडेलधुरा**

रूढिवादी समाजितिर गएर हेर्ने हो भने महापाप, अहिलेको २१ औं शताब्दीमा आएर हेर्ने हो भने स्वर्गीय आनन्द ।

**प्रमोद चौधरी (२२), घट्टेकुलो**

उचित त होइन, तर पनि कैयौं युवायुवती विवाहपूर्व नै त्यस्तो चाहना पूरा गर्छन् ।

**दुर्गाबहादुर माझी**

म के भन्छु भने, जसले यस्तो सम्पर्क राखिसकेका छन्, उनीहरूका लागि घरपरिवारले थाहा नपाएसम्म उचित हो । उचित होइन भनेर के गर्ने ? आजकालका ठिटाठिटीहरू उम्रिँदैका पाँचपात ।

**शशि देवकोटा (२५), सर्लाही**

अनुचित कार्य कहिल्यै उचित हुन सक्दैन । अनुचित कार्यले मानिसलाई उचित मार्ग पनि देखाउँदैन ।

**पेशल दाहाल**

इज्जत पैसाले किन्न पाइन्न । फेरि समाजबाट अपहेलित पनि भइन्छ ।

**प्रियंका खालिङ राई, धरान**

नेपाली संस्कारले त्यस्तो सम्बन्धमा बन्देज लगाएको छ ।

**टीकाराम अर्याल**

उचित हो, हिजोआज जहाँ पनि अनुभवी खोज्छन् त्यसैले ।

**नीरज अर्याल, (१६), कालिकानगर**

मायालाई प्रगाढा बनाउन आवश्यक छ ।

**सरोजकुमार अधिकारी**

एकदमै अनुचित, किनभने विवाहपछि त्यही त हुने हो ।

**संजयकुमार देव (२६), धरान**

सायद अनुचित नै होला । सम्पादकज्यू, तपाईंको प्रश्नमा रस छ, मैले पनि उत्तर दिएँ ।

**सरु शर्मा**

अहिले बजारमा निस्किएका अस्थायी साधनहरूको के काम भन्या ?

**विनोद पौड्याल**

आम्मै □ लाज लाग्छ, त्यसो हो भने त कुमार, कन्या खोज्न कहाँ जाने नि ?

**डी.पी. (२०), लोकन्थली**

यो नजानेको-नभोगेको कुरा पऱ्यो, यसको उत्तर झर्को नमानीकन सम्पादकज्यूले नै बताइदिनुहोला ।

**कुवेर विवश**

त्यो मान्छेअनुसार भर पर्ने कुरा त हो नि □ कि होइन ?

**दीपक सिलवाल (२२)**

राम्रै हो, किनभने यसले कुरा बुझ्न मद्दत पुऱ्याउँछ र विवाहपछिको सम्बन्ध राम्रो हुन्छ ।

**वसन्त शर्मा (१८)**

सुरक्षित सम्बन्ध राख्नु राम्रै हो, तर अत्यन्त गोप्य हुनुपर्छ ।

**शेरबहादुर भुजेल (२२)**

किन र सम्पादकज्यू ? तपाईंको विवाह भएको छैन र □

**सम्पूर्ण प्रजापति**

उचित होइन, किनभने विवाहपछि यस्ता कुरा थाहा भए असमझदारी उत्पन्न हुन्छ । हाम्रो पुरुषप्रधान समाजमा पुरुषभन्दा पनि महिलाले यस्तो कार्य गरेको थाहा भए बढी समस्या झेल्नुपर्छ ।

**प्रभुकुमार श्रेष्ठ (१८), रामेछाप**

खै, आफूलाई त्यस्तो परेको छैन त्यसैले उचित-अनुचित थाहा भएन ।

**निरोज भट्टराई**

पूर्णरूपमा गलत हो । यसले नराम्रो परिणाम ल्याउन सक्छ ।

**केदार चापागाईं (२०), पर्वत**

यदि दुवैजनाको मन मिले उचित नै होला तर जबर्जस्ती हो भने अनुचित नै हो ।

**कमल जीसी (२३), खोटाङ**

उचित होइन, किनभने यसले विकृति फैलाउँछ ।

**नोदनाथ त्रिताल (२५), धनकुटा**

नेपाली समाजमा नपच्ने भएकाले म यसलाई अनुचित भन्छु ।

**टीकाराम अर्याल, गल्कोट, स्याङ्जा**

तपाईंलाई जे लाग्छ त्यही हो मेरो पनि विचार, अर्थात्... ।

**समर्पण भट्टराई, जनकपुर**

अनुभव बटुल्न विवाहपूर्वको तयारीलाई भने... ।

**दीप पोखरेल, लोकन्थली**

एकदम उचित छ, किनभने विवाहपछिलाई राम्रो अनुभव हुन्छ ।

**राम त्रिपाठी**

यसको जवाफ दिन मलाई गाह्रो पऱ्यो, आफू पनि कुमार नै परियो भनेर भन्न मिलेन ।

**रमेश खड्का (२६), झापा**

एकदमै अनुचित हो, किनभने यसले सामाजिक, पारिवारिक लगायत चोखो प्रेममा समेत धक्का पुऱ्याउन सक्छ ।

**विनु सुब्बा (२१), दमक**

मलाई त उचित लाग्छ । किनकि मान्छेको जुनी एक पटकको हो । त्यसैले बितेको बैंस फेरि आउँदैन, तर जबर्जस्ती नभई सुरक्षित हुनुपऱ्यो ।

**चन्द्र खाती (१८), पथरी, मोरङ**

विवाहपूर्व रोग सार्न किन मन लाग्या हो सम्पादकज्यू ?

**राजु गौतम, खैरहनी, चितवन**

उचित होइन, मोरीले कति ट्राइ गरे पनि मैले सम्बन्ध राख्न दिइनँ । तपाईंले दिनुभयो भने म के जान्नु ?

**कमल**

यो आ-आ□नो विचारमा भर पर्ने कुरा हो तर केटीहरूका लागि नराम्रै भन्नुपर्छ ।

**अनिता चौधरी, मेदनीपुर, सिरहा**

सम्पादकज्यू, यो प्रश्न त पोइल जान पाम् भन्ने गायिकासँग सोध्नु राम्रो हुन्छ ।

**श्यामप्रसाद अधिकारी (२१), नुवाकोट**

यौन इच्छा एउटा प्राकृतिक एवं स्वाभाविक कुरा हो । सकेसम्म विवाहपूर्व यौनसम्बन्ध राख्नु हुँदैन । यदि राख्नैपरे विश्वासिलो साथीसँग सुरक्षित तरिकाले राख्दा खासै खराब हुँदैन ।

**बलराम दाहाल, बेलहारा, धनकुटा**

# संस्कारले दिएको यौन



धर्म-संस्कारले प्रेम जन्माउँछ । प्रेमको जन्म यौनमा नै हुन्छ । यसले हामीलाई बिगार्दैन । हामीले यसलाई बिगारिरहेका छौं अनैतिक कारणहरूले, किनकि यौन अहिले जबर्जस्ती भयो । यसलाई हेर्ने तरिका अलग भयो । यो बिनास्वादको तरकारी भयो । किनकि जे चीजको पनि एउटा कदर मूल्य हुन्छ, तर त्यसलाई बुझ्न नसक्नु राम्रो शिक्षाको कमी हो । यसले घातक रोग पनि निम्त्याउन थाल्यो । सेक्स अश्लील होइन । यो आवश्यकता र अनुभव मात्र हो ।

यौन अर्थात् सेक्स भन्नेबित्तिकै मानिसमा कताकता यस विषयमा थप जान्ने-बुझ्ने उत्सुकता जाग्छ । यो विषयमा कुरा गर्दा कतिको मन सिरिङ्ग पनि हुन्छ भने कसैलाई आनन्द लाग्छ । कसैले यस विषयमा सोधेर मात्र पनि आनन्द लिन्छन् । वास्तवमा यौन भन्नेबित्तिकै सबैलाई यसका बारेमा जान्ने इच्छा हुन्छ । कति यो विषयमा लुकेर जानकारी लिने प्रयास गर्छन् भने कति निर्धक्कसाथ कुराकानी गरी जिज्ञासा बटुल्ने प्रयत्न गर्छन् । यौन अर्थात् सेक्स मानवीय जीवनको एउटा पक्ष हो । जो-कोही पनि यसमा रमाउन चाहन्छन् । कोही खुलेर रमाउँछन्, कोही कल्पनामा रमाउँछन् ।

सहवास माया-प्रेम र आनन्दको गहिराइ पनि हो । एक-अर्काका लागि बाँच्ने प्रण गर्ने जीवनसाथीमा समर्पित भएर आनन्दको सागरमा डुब्ने एउटा बाटो पनि हो । यौन मानवीय एवं जैविक आवश्यकता हो । यद्यपि यति महत्त्वपूर्ण हुँदाहुँदै पनि यसले कहिलेकाहीं समस्याको रूप लिन्छ ।

वास्तवमा सेक्स सृष्टि सञ्चालनको मूल आधार हो । यो हरेकका लागि लागू हुन्छ । धर्मकर्मले पनि यसलाई स्वीकार गरेको छ । गाँस, बास, कपासझैं अपरिहार्य बनेको यौनलाई अहिले प्रयोगमा ल्याउने तरिका मात्र प्रयोग भएको छ र यो बोझ भएको छ । करोडौं वर्षअघि पनि यौनको रासलिला थियो, तर ती गतिविधि अपमानजनक ढंगले भएनन् । अहिले यौन अपमान र दुराचार बन्यो । मानिसहरू यौनका सम्बन्धमा पर्याप्त जानकारीको अभावमा पाखण्डी बने, खालि अपनाउने तरिकामा मात्र सीमित रहे । 'धर्मले त यौनलाई पवित्रताको नमुना मानेको छ, तर अहिले यौनलाई शारीरिक गतिविधिका रूपमा मात्र लिइन्छ । संस्कारले दिएको यौनलाई दूराचारतर्फ प्रेरित गरिएको छ ।

यौनलाई मानिसहरू दूराचारका रूपमा किन लिन्छन् ? खालि भोक मेटाउने साधनका रूपमा मात्र किन हेर्छन् ? एउटा राम्रो केटा देखेर वा एउटी राम्री केटी देखेर मन पराउनु, स्पर्श गर्नुमा मात्र त्यस्तो सम्बन्ध सीमित रहेन । कुरा सेक्समा गएर अडिन्छ अनि झगडा निम्तिन्छ । दुई-चार दिन भेटेको बहानामा प्रेम भयो भनेर सोच्ने अनि लुकीछिपी यौनसम्बन्ध राख्ने प्रवृत्तिले विनाश निम्त्याएको छ । आनन्दले दुई-चार दिन यौनमा भिज्यो, रहर पुग्यो अनि झगडा गरेर मित्रता तोड्यो । के यस्तो पनि सम्बन्ध हुन्छ ?

'संस्कारले दिएको प्रकृतिको रचना अथवा सुन्दर वरदानलाई कुल्चँदै सीमा नाघेर बाहिरिनु भनेको संस्कारको घेराबाट उम्कनु हो । यसले कसैलाई फाइदा गर्दैन । सुन्दर युवती देखेर कसैको आत्मा नरसाउने कुरै हुँदैन, तर त्यो सम्बन्धमा आत्मीयता खोज्नुपर्छ, अनि मात्र यौनले इज्जत पाउँछ । हामीले यौनलाई जति नकारात्मक ढंगले सोचिरहेका छौं, यथार्थ त्यो होइन । यसले जुगदेखि सम्मान पाएको छ । यसले राम्रो सम्मान पाउनुपर्छ । यसलाई दूराचार गरेर रोग निम्त्याउने, कठोर यातना पाउने होइन कि प्रकृतिले दिएको सुन्दर उपहार सम्झेर स्वीकार गर्नुपर्छ । उपहारलाई लथालिङ्ग पारेर अनैतिक बन्नुहुँदैन । यो संस्कारले दिएको सम्बन्ध हो । यसलाई सुन्दर चाहनाले सजाउने प्रयास गर्नुपर्छ ।

धर्म-संस्कारले प्रेम जन्माउँछ । प्रेमको जन्म यौनमा नै हुन्छ । यसले हामीलाई बिगार्दैन । हामीले यसलाई बिगारिरहेका छौं अनैतिक कारणहरूले, किनकि यौन अहिले जबर्जस्ती भयो । यसलाई हेर्ने तरिका अलग भयो । यो बिनास्वादको तरकारी भयो । किनकि जे चीजको पनि एउटा कदर मूल्य हुन्छ, तर त्यसलाई बुझ्न नसक्नु राम्रो शिक्षाको कमी हो । यसले घातक रोग पनि निम्त्याउन थाल्यो । सेक्स अश्लील होइन । यो आवश्यकता र अनुभव मात्र हो । जीवनका धेरै पक्ष छन् । ती पक्षहरूमध्ये यौन पनि एउटा हो । वास्तवमा यो हरेकका लागि मीठो भोजनझैं छ । यो एउटा सुन्दर फूलको वास्ना हो । प्रकृतिले सिर्जना गरेको उपयुक्त वरदान हो ।

यौनका विषयमा कुरा गर्दा यो त बिग्रिएकी केटी हो वा यो त कुख्यात केटी हो भन्दै धारे हात लगाउँछ हाम्रो समाज । चाहनामा मान्छे बाँच्छ, तर उसले त्यो चाहना गरे पनि भन्न सक्दैन । लोग्नेस्वास्नी र प्रेमी-प्रेमिका मात्र सम्बन्ध नराखेर अनैतिक सम्बन्ध बनाएर आफ्नै विनाश निम्त्याउनेहरू पनि प्रशस्तै छन् हाम्रो समाजमा । पाखण्डले नेपाली समाजलाई गाँजेको छ । धर्मले न्याय दिए पनि अहिले अन्यायमा फसेको छ यौन ।

खुलस्त रूपमा भन्नुपर्दा यो विषयमा कुरा गर्दा हामी डराउँछौं । यस्ता कुरा समाजमा निकै फैलिन्छ । हामी यो विषयमा जिज्ञासा हुँदाहुँदै पनि बुझ्न सक्दैनौं । हामी समाजमा यसरी बाँधिएका छौं कि नाटकीय पाराले अकमक्क परेका छौं । हामी यसलाई पर्याप्त महत्त्व, मर्यादा र सम्मान दिन सक्दैनौं । हामी यसका लागि आवश्यक इमान्दारी पनि बुझ्न सक्दैनौं । अनुभव, कुण्ठा, रहर र चाहनाको समग्र बनेको छ यौन । आजको २१ औं शताब्दीमा फराकिलो हुनुपर्ने यो विषय अझ अघिल्ला शताब्दीभन्दा पनि साँघुरिँदै गएको छ ।

समयअनुसार निश्चित अवस्थामा गरिने यौनले मात्र मानिसलाई जीवन्तता दिन्छ । जथाभावी, जबर्जस्ती र पेसाका रूपमा यौनलाई प्रयोग गर्दा यसले के-कस्ता विघ्न मच्चाएका छन् भन्ने कुराको उदाहरण हामीमाझ प्रशस्तै छन् ।

**–रेजिना पाण्डे**



## लामो छुट्टीमा

# बालबालिकाको हेरचाह

प्रश्नै प्रश्न □ जतिबेला पनि चकचक र कचकच हैरानै हुन्छु म, तर जब छोरो स्कुल जान्छ घर नफर्कुन्जेल शान्तपूर्ण जीवन बिताउँछु, –यो भनाइ लगनखेल ललितपुरकी सुजाता शाहीको हो ।

यो समस्या सुजाताको मात्रै नभई अधिकांश आमाको हो । आफ्ना बालबालिकाको चकचक र कचकचपूर्ण स्वभाव कसरी छुटाउने भन्ने कुरामा अभिभावकहरू संवेदनशील बन्नैपर्छ । बालबालिका गिलो माटो र अभिभावक कुमाले हुन्, त्यसैले आफ्ना सन्ततिलाई कुन मार्गतर्फ धकेल्ने भन्ने विषयमा अभिभावककै ठूलो हात हुन्छ ।

घरपरिवार, विद्यालय तथा समाजको वातावरणले बालबालिकाको शारीरिक, मानसिक एवं नैतिक विकासमा प्रत्यक्ष-अप्रत्यक्ष भूमिका खेल्छ । यतिबेला उक्त क्षेत्रहरूबाट बालबालिकाले जे-जस्तो सिक्छन् वा जस्तो बानी बस्छ त्यो नै उनीहरूको व्यवहारको पहिलो चरण हो । यो अवस्थाको प्रारम्भ छ-सात वर्षका बालबालिकाहरूमा देखिन्छ । बालबालिकाहरू जिज्ञासु, अटेरी तथा झगडालु हुन्छन् । उनीहरूलाई नयाँ-नौलो लागेका, चित्त नबुझेका कुरामा अरूसँग के, किन, कहिले, कसरी, कति, कहाँजस्ता दिक्क लाग्दा प्रश्न पनि गर्छन् यद्यपि उनीहरूको चाहना सामान्य र सीमित नै हुन्छन् । उनीहरू साथीहरू तथा दाजुभाइका जस्तै लुगा, जुत्ता, झोला, खेलौना रुचाउँछन्, साथै अभिभावक तथा साथीहरूसँग घुमघाम गर्नु, खेल्नु, खानु उनीहरूको चाहना हुन्छ । कतिपय स्थितिमा उनीहरू असामान्य माग पनि राख्न सक्छन् । त्यसका लागि अभिभावकले सीधै रोकटोक गर्नुभन्दा मनोवैज्ञानिक ढंगले सम्झाउने, बुझाउने तथा विभिन्न उदाहरण दिँदै समस्या समाधान गर्नुपर्छ ।

बालबालिकाको चौतर्फी विकासका लागि लामो छुट्टीमा अभिभावकको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुन्छ ।

3'd3fd M बालबालिकामा अभिभावक वा साथीहरूसँग नयाँ-नौलो ठाउँमा घुम्न जाने इच्छा हुन्छ । घुमघाममा निस्कँदा बालबालिकालाई घुमेको ठाउँको विशेषता, त्यहाँको विविधताका सम्बन्धमा सजिलो र मीठो भाषामा बताइदिनुपर्छ । जस्तो- बन्दीपुर जानुभएको छ भने सुन्तला ख्वाएर सुन्तला बगानमा डुलाएर त्यहाँको विशेषता सुन्तला भएको जानकारी गराउनुपर्छ ।

dgf]/~hg M बालबालिकाको उमेर भनेकै खेल्ने, खाने अनि मनोरञ्जनपूर्ण जीवन बिताउने उमेर हो । मनोरञ्जनका लागि बालबालिकालाई विभिन्न उद्यान, चिडियाखाना, बालक्लब आदि लानुपर्छ । त्यस्ता क्षेत्रमा गएर बालबालिकाले स्वीमिङ, हर्स राइडिङ, बोटिङ, बाइकिङ गर्न पाउँछन् । चिडियाखानामा पुस्तकमा देखेका जनावर प्रत्यक्ष आफ्नै आँखाले देख्न पाउँछन् । त्यस्तै, बालक्लबमा गएर बालगीत गाएर, सुनेर, नाचेर, चित्रहरू कोरेर आ-आफ्नै ढंगले मनोरञ्जन प्राप्त गर्छन् ।

cltl/Qm lqmofsnfk M बालबालिकाहरू काँचो माटो हुन् जसलाई जस्तो आकार दियो त्यही बन्छ । उसलाई चलाख, सक्षम, साहसी, अनुशासित एवं लगनशील बनाउनुपर्छ, त्यसका लागि नयाँ-नौला जानकारीहरू दिइरहनुपर्छ । विभिन्न आदर्श व्यक्तित्वहरूका सम्बन्धमा सरल भाषामा जानकारी दिनुपर्छ ।

3/fo;L sfdsfh M बालबालिकालाई घरआँगन, कोठा सफा राख्नुपर्छ अन्यथा विभिन्न रोग लाग्छ भन्ने कुरा बुझाइदिनुपर्छ, जसले गर्दा बालबालिकाले कम्तीमा आफ्नो कोठामात्रै भए पनि सफा र स्वच्छ राखुन् । त्यस्तै घरपरिवारको काममा सहयोगी बन्नुपर्छ भन्ने बोध गरून्, त्यसले उनीहरूलाई लगनशील एवं कर्तव्यपरायण बनाउँछ ।

cg';Gwfgdf lgoldttf M लामोछुट्टीमा बालबालिकालाई दैनिक बिहान र साँझ पढ्न प्रोत्साहित गर्नुपर्छ । कतिपय नर्सरी, केजी पढ्ने बालबालिका लामो छुट्टीमा बस्दा पढ्ने बानी नै छुटाउँछन् । अध्ययनमा नियमितता दिन खाजा खाएर ३ देखि ५ बजेसम्म नपढी कार्टुन हेर्न नदिने, बिहान ७ देखि ९ बजेसम्म नपढे दिउँसो डुलाउन, घुमाउन वा मीठा कुरा खान नदिने भनेर प्रलोभन देखाउनुपर्छ तर प्रलोभन मात्र देखाउँदा भोलिदेखि अटेर गर्नसक्ने भएकाले उनीहरूलाई वाचा अनुरूप मनोरञ्जनात्मक क्रियाकलापमा सामेल गराउनुपर्छ ।

JolQmTj ljsf; M टोल छिमेकका बालबालिकाहरू भेला भएर कुनै उद्यान वा शान्त क्षेत्रमा लगेर कुनै विषयमा बोल्न, गीत गाउन, नाच्न, कविता लेख्न तथा भन्न लगाउने, बालनाटक बनाएर विभिन्न पात्रमा नाटक गर्न लगाउने अनि उत्कृष्ट छनौट गरेर सानोतिनो उपहार दिने जसले गर्दा उनीहरूमा प्रतिस्पर्धात्मक भावना एवं धक खोलेर बोल्न सक्ने बानीको विकास हुन्छ ।

– महेशकुमार सिलवाल

# बाल विकासका लागि

–रेजिना पाण्डे

हामी आफ्ना छोराछोरीको भविष्यप्रति निकै चिन्तित हुन्छौं । आफना छोराछोरीलाई के बनाउने कस्तो बनाउने भन्ने सोच त सन्तान जन्मिएको दिनदेखि नै गरिरहेका हुन्छौं । उनीहरू, सफल र योग्य हुन् भन्ने हाम्रो चाहना हुन्छ । हामी उनीहरूबाट राम्रो व्यवहारको आशा पनि गरिरहेका हुन्छौं । बालविकासका निम्ति सानो प्रयासले मात्र हुँदैन । यसका लागि स-साना कुरामा पनि विचार पुऱ्याउनु आवश्यक छ । बालविकासका निम्ति आध्यात्मिक चिन्तनको पनि ठूलो भूमिका हुन्छ ।


जस्तै बिहान चाँडो उठ्न र प्रार्थना गर्न सिकाउने । म र तँ कम उपयोग गर्न सिकाउने किनभने परिवारमा बसेपछि म र मेरो भन्ने शब्दले धेरै असर पार्छ । दैनिक कार्यहरू सिकाउनुका साथै उनीहरूलाई राम्रो संस्कार दिने । यसो गर्दा उसले आफ्नो संस्कार बिर्सने मौका पाउँदैन । बालविकासका लागि भौतिक शिक्षा मात्र पर्याप्त हुँदैन । सन्तानले के चाहिरहेको छ, उसको मनोविज्ञान जान्ने प्रयास गर्नु आवश्यक हुन्छ । बालबालिका भनेका आँखाका नानी हुन् । आफ्ना बालबालिका खुसी हुँदा बाबुआमालाई पनि खुसी लाग्छ ।



आफ्ना छोराछोरीलाई राम्रो संस्कार दिनुपर्छ । उनीहरूको चाहनाअनुसार खाना तयार पार्नुपर्छ । कतिपय बालबालिकालाई माछा-मासु मन नपर्ने हुन्छ, त्यस्ता नानीहरूलाई जबरजस्ती गर्नुहुँदैन । जबरजस्ती गर्नाले बालमस्तिष्कमा असर पर्छ । नानीहरूलाई पढ्न दबाब दिनुहुँदैन, उनीहरूलाई भित्री मनदेखि नै बुझ्ने र पढ्ने बानी बसालिदिनुपर्छ । नानीहरूको मनमा प्रेममात्र भरिदिनुपर्छ । सबैलाई प्रेम, माया र स्नेह गर्नुपर्छ भन्ने भावना पैदा गर्नु राम्रो हुन्छ । आदर गर्ने कम बोल्ने, मीठो बोल्ने, कर्तव्यपरायण हुने शिक्षा दिनु आवश्यक छ ।

बालबालिकाहरूका अगाडि कर्तव्यपरायण बन्ने, कलह नगर्ने, उनीहरूको अगाडि मदिरा सेवन नगर्ने, तँ-तँ र म-म भन्ने भावना पैदा नगर्ने व्यवहार त छँदैछ, शान्त र मिजासिलो बोली-व्यवहारले बालमस्तिष्कको समुचित विकास पनि हुँदै जान्छ । आफ्ना नानीहरूलाई विभिन्न सिर्जनात्मक क्रियाकलापमा भाग लिन लगाउनुपर्छ । जन्मदिन, परीक्षाको सफलता जस्ता नानीहरूका स-साना कुरामा विचार पुऱ्याउनुपर्छ । आफ्ना नानीहरूलाई कर्तव्यपरायण नागरिक बनाउनु आवश्यक छ । विवेकशील नागरिकले धर्म र कर्म कहिल्यै छोड्दैन । त्यति भएपछि उसले आफ्नो कर्तव्य पनि भुल्दैन ।





# बालबालिकालाई घरमा एक्लै छाड्दै हुनुहुन्छ ?

घरमा साना सन्तान मात्र भएको समयमा यदि बाहिर जाने काम छ अथवा श्रीमान्-श्रीमती दुवैको अफिस छ भने घर बालबालिकाको जिम्मा र विश्वासमा बाहिर निस्कनुपर्ने हुन्छ । बालबालिकाको भरोसामा घर छोडेर हिंड्दा परिणाम नकारात्मक निस्कन सक्छ । त्यसैले बलाबालिका घरमा एक्लै छाड्नुअघि बालबालिकालाई सल्लाह-सुझाव दिनु आवश्यक छ । एक्लो भएका बालबालिकालाई फकाएर, झुक्याएर चोर्ने, बलात्कार गर्ने, बेच्ने जस्ता घटनाहरू घटिरहेको टेलिभिजन तथा पत्र-पत्रिकामा पढ्दै, हेर्दै आएका कुरा हुन् । यस्ता घटना विशेषतः गाउँभन्दा सहरमा धेरै घटेको पाइन्छ । त्यसैले यस्ता चोरी, ठगी र बलात्कार जस्ता घटनाबाट आफ्ना बालबालिकालाई बचाउन समयमै उनीहरूलाई सावधान गर्नु आवश्यक छ ।

बालबालिकालाई साधारण तरिकाले कुनै अपरिचितले बोलाए अथवा खानेकुरा दिए नखानु भनेर सावधान गर्न खोज्दैमा उनीहरू यस्ता घटनाप्रति सर्तक हुन्छन् भन्ने छैन । उनीहरूलाई कडाइका साथ यस्ता घटनाप्रति सजग गराउनुपर्छ । कुनै अपरिचितसँग नबोल्ने, घरभित्र छिर्न नदिने, ढोका नखोल्ने, दिएका खानेकुरा नखाने चेतावनी दिनुपर्छ । यदि घरमा आएको व्यक्ति परिचित भए पनि घरमा कोही छैन भनेर उनीहरूलाई घरभित्र पस्न दिनुहुन्न । बालबालिकाहरू खेल्दा-खेल्दै घरबाहिर पुग्छन् र विभिन्न घटना घट्न सक्छ ।

अपराधीहरूले बालबालिका चोर्ने तथा ठग्ने मौका खोजिरहेका हुन्छन्, यसरी बालबालिका घर बाहिर निस्कनु उनीहरूका लागि राम्रो मौका सावित हुन सक्छ । उनीहरूले बालबालिकालाई मिठाई, चकलेटजस्ता स्वादिला खाद्य पदार्थमा बेहोस गर्ने औषधी मिसाई खान दिन्छन् । घरका बहुमूल्य सामान एवं नगद लुट्ने, बलात्कार गर्ने, बालबालिका चोरेपछि आमाबाबुसँग पैसा माग्ने जस्ता अमानवीय व्यवहार गर्छन् । त्यसैले आफ्ना बालबालिकालाई आफू नभएको समयमा कुनै अपरिचित अथवा धेरै नचिनेको व्यक्तिले दिएको कुनै पनि खानेकुरा नखान सल्लाह दिनुपर्छ ।

बालबालिकालाई घरमा एक्लै नछोडी नहुने स्थिति आए उनीहरूका लागि सुरक्षाको व्यवस्था राम्रोसँग गरिदिनुपर्छ, जसले गर्दा घरमा कुनै दुर्घटना नहोस् । बालबालिकाले चलाउन नमिल्ने सामानहरू जस्तै- ग्याँस, स्टोभ, सलाईजस्ता सामानहरू सुरक्षित ठाउँमा राख्नुपर्छ । घरमा ल्याएको विषालु औषधी, छुरी, धारिला सामानहरू, घर सफा गर्ने कीटनाशक औषधीहरू बालबालिकाले नभेट्ने ठाउँमा सुरक्षित राख्नुपर्छ ।

बालबालिका भन्नेबित्तिकै साना र चकचके हुने भएकाले जति सम्झाउँदा पनि कहिलेकाहीं उनीहरू नचाहिंदो काम गर्न अघि सर्छन्, यस्तो समयमा यसो गर्नुहुँदैन भनेर सम्झाउने कोही भए ठूला-साना घटना रोक्न सकिन्छ । त्यसैले आफू नभएको समयमा आफ्नो घर र बालबालिकाको ध्यान पुऱ्याउन छरछिमेकलाई अनुरोध गर्न सकिन्छ । आफ्ना वरपरका छरछिमेकसँग राम्रो सम्बन्ध रहे बाहिर गएको समयमा छिमेकीले बालबालिकाको रेखदेख गरिदिन सक्छन् । यदि बालबालिका विद्यार्थी हुन् र उनीहरू स्कुलबाट फर्कंदा पनि घरमा भइँदैन अथवा अफिसबाट उनीहरूभन्दा ढिलो घर फर्किनु छ भने उनीहरूलाई ढोकाको साँचो दिनुपर्छ, साथै आफ्नो अफिसको फोन नम्बर पनि दिन बिर्सनुहुँदैन । आमाबाबुलाई आफ्ना बालबालिकालाई आफ्नो अफिसका साथै पुलिस र अस्पतालको फोन नम्बर पनि दिने अथवा उनीहरूले देख्ने ठाउँमा लेखेर राखिदिने । बालबालिकाको ज्ञान बढाएर उनीहरूलाई दुर्घटनाबाट बचाउन सकिन्छ ।

बालबालिका सधैं घरमा बसिरहन मन पराउँदैनन् । उनीहरू सधैं नयाँ कुरा हेर्ने, जान्ने प्रयास गर्छन् एवं यस्तैमा रमाउँछन् पनि । उनीहरू कहिले चलचित्र हेर्न खोज्छन् त कहिले जादू । उनीहरूलाई यस्ता मनोरञ्जन हुने कुरा आफ्नो उपस्थितिमा हेर्न दिनुपर्छ । आफ्नो कामबाट फुर्सद भए उनीहरूलाई नाटक, चलचित्र र जादू देखाउन लानुपर्छ । जसले गर्दा उनीहरू आफ्नो अनुपस्थितिमा घरबाट एक्लै यस्ता कुरा हेर्न जाँदैनन् । उनीहरूलाई घरमा एक्लै छाडेर यस्ता प्रदर्शन हेर्न जानु हुँदैन । बालबालिकाको स्वभाव एक-आपसमा मिलेर खेल्ने र एकैक्षणमा झगडा गर्ने हुन्छ । त्यसैले आमाबाबु नभएको समयमा झगडा गर्ने र चोटपटक लाग्ने डर हुन्छ । त्यसैले बालबालिकालाई झगडा भनेको नराम्रो कुरा हो, सधैं आफ्ना साथीभाइसँग मिलेर बस्नुपर्छ भनेर सल्लाह दिनुपर्छ ।

–अरुणा भट्टराई



# नेपाली खेलाडीहरूको दिनचर्या



फुर्सदको समय साथीहरूसँग बिताउने, घुम्ने, संगीत सुन्ने, पुस्तक पढ्ने– प्रायः नेपाली युवाहरूको दिनचर्या हो। राष्ट्रिय स्तरमा चर्चित नेपाली खेलाडीहरूको दिनचर्या पनि योभन्दा त्यति धेरै फरक छैन। केही हदसम्म उमेर तथा अन्य परिस्थितिले फरक पारे पनि उनीहरूको दिन बिताउने शैली प्रायः उस्तै देखिन्छ। आफू आबद्ध भएको खेलका कारण पनि उनीहरूको दिनचर्या केही फरक देखिनु स्वाभाविक हो।

उसु खेलाडी पञ्चमान महर्जन बिहान रंगशालामा आफूभन्दा कनिष्ठ खेलाडीहरूलाई प्रशिक्षण गराएपछि दिउँसो जलजला विद्यालयमा प्रशिक्षण दिन पुग्छन्। उनले एउटा सहकारी संस्थामा सेयर लगानी गरेका छन्। महर्जन त्यसको कार्यक्रम र मिटिङमा समय दिन्छन्। फुर्सदमा उनी साथीहरूसँग भेटघाट गर्ने, चलचित्र हेर्ने तथा संगीत सुन्ने गर्छन्। पञ्चमान संगीतप्रिय व्यक्ति पनि हुन्। पप गायक नीमा रुम्बा उनका पुराना साथी हुन्। उनी रुम्बासँग धेरै सांगीतिक कार्यक्रममा सहभागी हुन्छन्। उनी धेरैजसो पपगीत नै सुन्छन्। उनको झुकाव संगीततिर पनि छ। निमाका केही गीतमा पञ्चमानले सहयोगी भूमिका निर्वाह गरेका छन्।

पञ्चमान मात्र होइन, मार्सलआर्टका धेरै खेलाडीको दिनचर्या उस्तै छ। बिहान रंगशाला र दिउँसो प्रशिक्षणका लागि कुनै विद्यालय, उनीहरूको नियमित दिनचर्या हो। त्योभन्दा बाँकी समय अलि फरक ढंगले बित्छ।

भिन्न खेल अनि भिन्न उमेरका खेलाडीहरूको दिनचर्या पनि अलि फरक ढंगको हुने गरेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी महासंघका महासचिव कुमारबहादुर कार्की केही सामाजिक संघसंस्थामा पनि आबद्ध छन्। उनी त्यसैमा धेरै समय बिताउँछन्। ठमेलमा होटल-व्यवसाय गरेर बसेका कार्की धेरै समय त आफ्नो व्यवसायमा नै बिताउँछन्। कार्की एउटा विद्यालयमा खेलकुद शिक्षक पनि छन्। व्यस्त छ उनको दिनचर्या। त्यसैको कारण मनोरञ्जनतिर त्यति चासो पनि छैन। कहिलेकाहीं गीत सुन्ने, पत्रिका पढ्ने र घुमफिर गर्ने त स्वाभाविक नै हो।

कार्कीको व्यस्त दिनचर्या भने पछिल्लो समयमा आएर मात्र सुरु भएको हो। चार वर्षअघि वैवाहिक जीवन सुरु गरेका तथा तीन वर्षअघि होटल-व्यवसाय थालेका कार्की त्यसपछि नै आफ्नो दैनिकीमा परिवर्तन आएको बताउँछन्। 'म मात्र होइन, हरेक व्यक्तिको दिनचर्या उसको उमेरअनुसार बढ्ने जिम्मेवारीमै निर्भर रहन्छ,' कार्की बताउँछन्। उनको विचारमा मार्सल आर्टका धेरै खेलाडीको समय बिहान प्रशिक्षण गर्ने र दिउँसो प्रशिक्षण गराउने काममै बित्छ।

त्यसो त नेपालका नाम चलेका खेलाडीहरूको दैनिकी उनीहरू आबद्ध भएको खेलमा पनि भर पर्छ। साइक्लिस्ट सुरेश दुलालको दिनचर्या कार्की तथा महर्जनको भन्दा फरक छ। दुलालकै विचारमा पर्यटकीय खेलमा आबद्ध हुनेहरूको दिनचर्या अरूको भन्दा भिन्न हुन्छ।

साइकल चलाउनेबाहेक आफ्नो कार्यालयमा बसेर काम गररै दिन बित्छ उनको। सन् १९९९ मा होलीडे एडभान्चरमा जागिरे जीवन सुरु गरेपछि नै उनको नेपाल च्याम्पियन बन्ने आधार तयार भएको थियो। साइकिलिङको राष्ट्रिय विजेता दुलाल यतिखेर कामदारबाट मालिक बनिसकेका छन्। दुलालको विचारमा नेपालमा रहेका दुई सय जना राष्ट्रिय स्तरका साइकल चालकको दिनचर्या पर्यटन व्यवसायमै बित्छ– कि त कामदारका रूपमा, कि व्यवसायीका रूपमा। दुलालकै अनुसार साइकल चालक मात्र होइन, पर्यटन व्यवसायमा आबद्ध धेरै खेलका खेलाडीहरूको दैनिकी यही हो। दुलाल आफैं भने समय मिलाएर साथीभाइसँग घुमफिर गर्न तथा संगीत सुन्न मन पराउँछन्।

यसभन्दा अघि साइकल चलाउने दुई खेलाडी अहिले पर्यटकीय काम गर्दागर्दै अमेरिकी पुगेका छन्। 'पर्यटकीय खेलका खेलाडीहरूले फुर्सदको समय कसरी बिताउने भन्दा पनि फुर्सद कसरी निकाल्ने भन्ने कुरा महत्त्वपूर्ण हो,' -व्यावसायिक काममै व्यस्त रहने दुलाल भन्छन्।

सरकारी टिममा आबद्ध खेलाडीको दिनचर्या आफ्नै खालको छ। महेन्द्र पुलिस क्लबका ब्याडमिन्टन खेलाडी पशुपति पनेरुको केही समय प्रशिक्षणका क्रममा बित्छ। यसबाहेक उनको मनोरञ्जनको माध्यम बन्ने गरेका छन्– जगजीत सिंहका गजल। चलचित्रचाहिं यस्तै खालको हुनपर्छ भन्ने छैन। 'राम्रा भनिएका सबैजसो चलचित्र हेर्छु।' पनेरु बताउँछन्। साथीहरूसँगको गेट टुगेदर उनलाई रमाइलो लाग्छ। बाँकी समय उनी पुस्तक पढेर बिताउँछन्। खासमा खेलकुदसँग सम्बन्धित पुराना खेलाडीको बायोग्राफी पढ्नु पशुपतिको रुचि पनि हो।

फुटबल खेलाडी नवीन न्यौपानेको दिनचर्या अलि फरक छ। उनलाई दैनिक प्रशिक्षण पछि १२ बजे मात्र फुर्सद हुन्छ। त्यसपछिको समय बित्छ पुस्तक, चलचित्र र संगीतमा। बूढानीलकण्ठ बस्ने न्यौपाने साँझको समय नक्साल चोक आइपुग्छन्। आफ्ना साथीहरूसँग चिया पिउन र गफ गरेर बस्नका लागि। नक्सालको चोक आउनु उनको नियमितता हो। मेलोडियस गीत सुन्नु, चलचित्र हेर्नु तथा राति टेलिभिजनमा स्पोर्ट्स च्यानल हेर्नु उनको नियमित कार्य हो।

अलि कम चर्चित खेलाडीको दैनीकी त्योभन्दा फरक छ। सुटिङका चानस राई अहिले आफ्नै घर त्रिशूलीमा व्यापार गरेर बसेका छन्। खेलको क्लोज क्याम्प नभएको समयमा उनी त्रिशूली पुग्छन्। व्यापार-व्यवसाय नै उनको प्रमुख काम हो। राई पत्रिका तथा मनोरञ्जनप्रधान पुस्तकमा पनि धेरै समय बिताउँछन्। राम्रो गीत सुन्नु उनको सौख हो।

## मैदान बाहिर



### मार्टिनालाई विवाह लाग्यो

महिला टेनिसमा मार्टिना हिंगिस जस्ती अभागी महिला अरू नहुन सक्छन्। गत महिना प्रकाशित टेनिस म्यागजिनले मार्टिना हिंगिसको जीवनमा घटेका घटनाहरूलाई विस्तारपूर्वक व्याख्या गर्दै 'ब्ल्याक विडो' को संज्ञा दियो। उक्त पत्रिकाले मार्टिना हिंगिसले जति पुरुषलाई आफूतर्फ आकर्षित गरिन् वा आफू आकर्षित भइन् ती सबै खेलाडी बिरामी परे। हिंगिस आफैं पनि चोटका कारण तीन वर्षपछि टेनिस कोर्टमा फर्किएकी थिइन्। उनको पहिलो प्रेमी म्याग्नुस नोरम्यान थिए तर हिंगिससँगको प्रेमपछि म्याग्नुस कम्मरको चोटका कारण कोर्टमा फर्कन सकेनन्। त्यसपछि हिंगिसको मायापिरती अर्का टेनिस खेलाडी जुलियानो एलोनोस तथा जस्टिन गिम्स्टोभसँग भएको थियो। दुवै चोटका कारण कोर्टमा फर्किन सकेनन् भने जस्टिनले चोटका कारण टेनिसबाटै सन्यासको घोषणा गरे।


टेनिस पत्रिकाले हिंगिसका बारेमा लेखेको छ- उनी यति अभागी खेलाडी हुन् कि सन् २००३ मा उनले एन्ना कोर्निकोभालाई महिला डबल्समा आफ्नो सहयोगी बनाएकी थिइन् तर कोर्निकोभा पनि चोटका कारण कोर्टमा फर्किन सकिनन्। अहिले तिनै अभागी मार्टिना हिंगिसको नाम चेक खेलाडी रेडेक स्टेपेनेकसँग गाँसिएको छ तर अहिले रेडेक पनि चोटका कारण मैदानबाहिर छन्। हिंगिसको यो अभागीपनमा विश्वास नगरेका कारण रेडेक र हिंगिस चाँडै नै विवाहबन्धनमा बाँधिने भएका छन्। हिंगिस अहिले रेडेकलाई भेट्न अस्ट्रेलिया गएकी छिन्। मार्टिनाले स्वीजरल्यान्डका तर्फबाट खेले पनि उनको जन्म चेकोस्लोभाकियामा भएको हो र रेडेकले मार्टिनालाई गत महिना चेक गणतन्त्रको प्रागमा प्रेम प्रस्ताव राखेका थिए। मार्टिनाले नयाँ प्रेमीको विषयमा कुरा लुकाए पनि रेडेक भने यो विषयमा बढी नै खुल्ने गरेका छन्। चाँडै नै विवाह गर्ने वाचा गर्दै रेडेकले हिंगिसलाई विवाहको औंठीसमेत लगाइदिइसकेका छन्।

### १७ वर्ष लामो विवाहको अन्त्य

बास्केटबलमा माइकल जोर्डनलाई एउटा जिउँदो किंवदन्ती मानिन्छ, तर तिनै नायकको १७ वर्ष लामो सुमधुर वैवाहिक सम्बन्ध भने टुङगिएको छ। जोर्डनको वैवाहिक सम्बन्धविच्छेद अन्त्य क्रम सन् २००२ मै प्रारम्भ भएको थियो। त्यो बेला जोर्डनकी श्रीमती जुनिता जोर्डनले माइकलसँगको वैवाहिक सम्बन्धविच्छेद गर्न अदालतमा मुद्दा दायर गरेकी थिइन्, तर पछि जोर्डन दम्पतीले आफूहरूबीच समझदारी कायम भएका कारण मुद्दा फिर्ता लिएका थिए। सन् १९८९ मा उनीहरूबीच विवाह भएको थियो। जोर्डन दम्पतीका तीन छोराछोरी छन्।

उनीहरूले त्यो बेला अदालतसमक्ष समझदारी भएको बताए पनि उनीहरूबीच चिसोपन कायमै थियो। श्रीमती जोर्डनको आपत्ति भनेकै माइकलले घरको वास्ता नगर्नु थियो। ४३ वर्षीय जोर्डनले कार्लोट बोबकाटमा बास्केटबल क्लबमा लगानी गरेका थिए र उक्त क्लबले ६ पटक एनबीए उपाधि हात पारेको थियो। उनीहरूले आफ्नो पछिल्लो पारपाचुकेको विषयमा कुनै किसिमको जानकारी दिएका छैनन्। दुवैले वकिलमार्फत जारी गरेको प्रेस वक्तव्यमा उनीहरूबीच रहेको आन्तरिक मनमुटावका कारण वैवाहिक सम्बन्ध अन्त्य भएको जानकारी मात्र दिइएको छ।





### नयाँ उडको खुसी

गत वर्षस्वीडेनमा राइडर कप खेल्न जाने क्रममा स्थानीय एक म्यागजिनले टाइगर उडकी श्रीमतीको निर्वस्त्र तस्बिर प्राथमिकताका साथ प्रकाशित गरेपछि टाइगर उडको रिसको पारो नै छुटेको थियो। उनले आफ्नी श्रीमती बाहिर कतै ननाङ्गिएको जिकिर गर्दै मुद्दासमेत दायर गरेका थिए। विश्वकै चर्चित खेलाडीले यस्तो किसिमको जिकिर गरेको देख्दै पत्रिकाले माफीसमेत माग्यो, तर यो वर्षको आगमनसँगै उड आफ्नो उत्तराधिकारी आउने खबरले हर्षित भएका छन्। हालै आफ्नो ३१ औं जन्मदिन मनाउने क्रममा उनले उक्त कुरा सार्वजनिक गरेका हुन्। उडले आफ्नो वेबसाइटमार्फत आफ्नो सन्तान आउन लागेको कुरा सार्वजनिक गरेका हुन्।

सन् २००४ मा एलिन नोर्डेग्रेनसँग विवाह-बन्धनमा बाँधिएका टाइगर उडले यो वर्ष आयोजना हुने यूएस ओपन तथा ब्रिटिस ओपन प्रतियोगिताको बीचको समयमा आफूलाई पुत्रलाभ हुने अनुमान गरेका छन्।

## ५ प्रश्न



*सुरेन्द्र शिखाकार नेपाली फुटबलमा लोकबहादुर शाही, राजु शाक्य तथा गणेश थापा आदिका समकक्षी हुन्। त्यो समय नेपालमा फुटबल खेल्ने खेलाडीहरू विभिन्न विधामा गएपछि सुरेन्द्रले आफूलाई रेफ्रीका रूपमा परिणत गरे। सन् १९९७ देखि अन्तर्राष्ट्रिय फुटबल महासंघको आधिकारिक रेफ्री बनेका सुरेन्द्रले बितेका दस वर्षमा स्वदेशभित्र ५ सयभन्दा बढी प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरिसकेका छन् भने अन्तर्राष्ट्रिय प्रतियोगितामा ५० भन्दा बढी प्रतियोगिता खेलाइसकेका छन्। नेपाल वायुसेवा निगमका कर्मचारीसमेत रहेका सुरेन्द्रसँग साप्ताहिकले गरेको पाँच प्रश्न :*

**फुटबलमा निर्णायकको भूमिका निर्वाह गर्दा कस्तो लाग्छ ?**

अरू खेलको तुलनामा फुटबलमा निर्णायकको भूमिका निर्वाह गर्न निकै गाह्रो छ, तर यो काम रोमाञ्चक पनि छ। अरू खेलमा जस्तो फुटबलमा रेफ्री एउटा विषयमा मात्र पोख्त भएर हुँदैन। फुटबल प्रतियोगिताको अभिभारा निर्वाह गर्न फुटबलका नियमलाई सूक्ष्म रूपले जान्नुका साथै तेजिलो आँखा, सुन्न सक्ने एवं दौडन सक्ने क्षमता हुनुपर्छ। यसबाहेक वार्षिक रूपमा स्वास्थ्य परीक्षण पनि गराउनुपर्छ।

**यस्तो गाह्रो काम गरेबापत आम्दानीचाहिं कति हुन्छ नि ?**

नेपालमा फुटबलको रेफ्री भएर जीवन धान्न सकिने अवस्था छैन। अन्तर्राष्ट्रिय क्षेत्रमा पनि रेफ्रीहरूले अन्य कामलाई मुख्य पेसा बनाएर यसलाई साइड जबका रूपमा लिने गरेका छन् तर पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्दा केही आम्दानी हुन्छ।

**स्वदेशभित्र आम्दानी राम्रो नहुने हुँदा प्रतियोगिता विवादास्पद बनेको हो ?**

होइन, निर्णायक भैसकेपछि पैसाको कुरा आउँदैन, नियमको कुरा आउँछ। फुटबलमा भैरहेको नियम परिवर्तनका विषयमा जानकारी राख्नुपर्छ तर ती परिवर्तित नियमका सम्बन्धमा फुटबलका अरू निकायहरू त्यति जानकार हुँदैनन्। यही कुरा नबुझ्नेका कारण फुटबलमा विवाद आएको हो।

**रेफ्रीले गल्ती त गर्छन् होला नि ?**

मानिस भएपछि गल्ती त हुन्छ नै, तर रेफ्रीले जानी-जानी गल्ती गर्दैनन्। कहिलेकाहीं तालमेल नमिलेका कारण यस्तो अवस्था आएको हुन सक्छ।

**नेपाली फुटबलमा बढ्दै गएको विवादलाई कसरी कम गर्न सकिन्छ ?**

अन्तर्राष्ट्रिय क्षेत्रमा कुनै पनि प्रतियोगिता आयोजना हुनुअघि प्रतियोगिताका सबै पक्षबीच अन्तर्क्रिया हुन्छ, जसमा रेफ्रीले नयाँ नियमका सम्बन्धमा जानकारी गराउने, सम्भावित विवादलाई टिमको म्यानेजर, प्रशिक्षकले कसरी मत्थर गर्ने आदि विषयमा छलफल हुन्छ। यसबाहेक आयोजकले प्रत्येक प्रतियोगिताको भिडियो फुटेज तयार पारेको खण्डमा रेफ्रीले गल्ती गरे त्यसलाई देखाएर दण्डित गर्न सकिन्छ, जसका कारण विवाद कम हुन सक्छ तर यहाँ त्यसो हुन सकेको छैन।

# उपाधिको होडमा आर्मी र पुलिस



**हिमेश बज्राचार्य**

के लिग उपाधि विभागीय टिमले जित्नेछ ? यो नै सहिद स्मारक सानमिगेल लिग 'ए' डिभिजनमा उठेको टड्कारो प्रश्न भएको छ, जनस्तरका स्थानीय क्लबका लागि। लिगको पहिलो चरण समाप्त भएको छ। यसका ९१ खेलले आर्मी र पुलिसलाई शीर्ष स्थानमा राखेको छ। दुवैको समान ३५ अंक छ। आर्मी राम्रो गोल अन्तरले अगाडि छ। नबिल थ्री-स्टार २६ अंकका साथ तेस्रो स्थानमा छ। यो ९ अंकको अन्तर ठूलै हो। तेस्रो विभागीय टिम एपीएफ २५ अंकका साथ चौथो तथा एनआईबी फ्रेन्ड्स २४ अंकका साथ पाँचौं स्थानमा छन्। अविश्वनीय रूपमा काल्सबर्ग मनाङ-मर्स्याङ्दी २३ अंकका साथ छैटौं स्थानमा छ। यस्तो स्थितिमा आर्मी र पुलिसमध्ये दुवै उपाधिबाट वञ्चित हुने हो भने लिगमा ठूलै उथलपुथल हुनुपर्नेछ।

यी दुईलाई छाडेर बाँकीको उपाधि सपना गणितीय मात्र हुन सक्छ। दोस्रो चरणका बाँकी ९१ खेल हिजोदेखि प्रारम्भ भएका छन्। दोस्रो चरण बढी तनावपूर्ण एवं रोमाञ्चक हुन्छ। सबै प्रकारका नतिजा उत्तिकै सम्भव हुन्छन्। त्यसैले शीर्ष स्थानमा रहेका दुवै विभागीय टिमले आराम लिएर बसेका छैनन् र उनीहरू उपाधि अझै टाढै रहेको बताउँछन्। 'उपाधिसम्म पुग्न हामीले अझै धेरै लामो बाटो तय गर्नु छ,' आर्मी व्यवस्थापक विनोद विष्ट मान्छन्, तर आर्मीले अहिलेसम्मका खेलबाट सबैको प्रशंसा भने पाएको छ। सबै फिट खेलाडी, आक्रामक र जुझारुपन आर्मीले प्रदर्शन गरेको अहिलेसम्मको फुटबलको विशेषता हो। आर्मीका खेलाडीहरू खेलको पुछारतिर बढी खटेर खेल्न माहिर छन्।

लगातारको सफलतामा सबै खेलाडीको उत्तिकै योगदान छ। आर्मीसँगै पुलिस पनि पहिलो चरणमा अपराजित रह्यो। दुवैले एउटा खेल बराबरी खेलेका छन् र संयोगले त्यो एक-अर्काविरुद्ध नै रह्यो। पुलिसले आर्मीको जस्तो छरितो खेल प्रदर्शन गरेको छैन, तर उसका केही खेलाडी विषेशतः मिडमा हरि खड्का र डिफेन्समा राकेश श्रेष्ठ तथा देवनारायण चौधरीले राम्रो खेलिरहेका छन्। यी दुईको राम्रो प्रदर्शनले बाँकी टिमलाई विदेशी खेलाडी ल्याउन प्रेरित गरेको छ। विदेशी खेलाडीकै दममा पहिलो चरणको अन्तिम खेलमा मनाङले थ्री-स्टारविरुद्ध प्रभावशाली जित निकाल्यो। उक्त सफलताबाट प्रसन्न मनाङ प्रशिक्षक छिरिङ लोब्साङले भने– 'हाम्रो टिम लयमा फर्कंदै छ, त्यसैले आर्मी र पुलिसका लागि उपाधिसम्मको होड सहज छैन।'

यसका बाबजुद छिरिङ पनि मनाङले उपाधिको सपना बुन्ने हो भने अब आफूले मात्र राम्रो प्रदर्शन गरेर नपुग्ने निचोडमा पुगिसकेका छन्। छिरिङ भन्छन्– 'अब हामीले मात्र जितेर पुगेन्। अरूको खराब प्रदर्शनले मात्र हामीलाई सहयोग गर्नेछ।' थ्री-स्टार प्रशिक्षक बालगोपाल महर्जनको पनि यस्तै भनाइ छ– 'हाम्रो नतिजाले मात्र उपाधि समीकरण तलमाथि हुनेछैन।'एपीएफले आफूलाई उपाधिको उम्मेदवार मानेको छैन। राम्रो प्रतिद्वन्द्वीसँग राम्रै र खराब प्रतिद्वन्द्वीसँग खराबै खेल्ने उसको बानी छ। फ्रेन्ड्स भने लगातारको राम्रो प्रदर्शनले उत्साहित छ। फ्रेन्ड्ससँग राष्ट्रिय खेलाडी छैनन्, तर दोस्रो धारका राम्रा खेलाडी मिलेर बनेको टिम समन्वय गजब छ। पछिल्लो समयमा फ्रेन्ड्सको महत्त्वकाक्षा पनि चुलिएको छ। लिगको मध्यभागमा अपेक्षित रूपमा आरसीटी, एनआरटी, संकटा तथा मच्छिन्द्र इनरजाइजर छन्। यिनीहरू उपाधिको होडमा पनि छैनन् र रेलिगेसनमा पनि पर्नेछैनन्। बरु राम्रो खेलेको दिन उपाधि पछ्याइरहेका सबै टिमलाई हराउन सक्षम छन्। यसमध्ये विषेशतः आरसीटी र मच्छिन्द्रले अघिल्लो वर्षको तुलनामा राम्रो खेलिरहेको छ। परम्परागत रूपमै आरसीटी, एनआरटी तथा संकटा मिड-टेबलका टिम हुन्।

यु-१७ का खेलाडीले भरिएको संकटाले थ्री-स्टार र मनाङपछि बढी दर्शक तानेको छ। रेलिगेसनको संघर्षमा चार टिम छन्, जसमध्ये ब्रिगेड ब्वाइज र ब्वाइज युनियनको ९-९ तथा सरस्वतीको ६ र सामसुङ जावलाखेलको ५ अंक छ। ब्रिगेड ब्वाइज तथा ब्वाइज युनियनले आफू रेलिगेसनबाट बच्ने दावी गरिरहेका छन्। 'ढुक्क हुनुहोस्, ब्वाइज युनियन रेलिगेसनमा पर्नेछैन,' प्रशिक्षक श्याम माली बताउँछन्। ब्रिगेड ब्वाइज प्रशिक्षक हरिओम श्रेष्ठ पनि आफ्नो टिमले अर्को वर्ष पनि 'ए' डिभिजन खेल्ने बताउँछन्। यस्तो स्थितिमा दबाब भने सरस्वती र जावलाखेलमाथि नै छ। दुवै टिमका प्रशिक्षकले आफ्नो टिममाथि रेलिगेसनको दबाब बढेको कुरा स्वीकार गरेका छन्।

गत वर्ष 'बी' डिभिजन जितेर माथि आएको सरस्वतीका लोकेश थापा दोस्रो चरणमा आफ्नो टिमले केही राम्रो नगरे रेलिगेसनमा पर्ने बताउँछन्। त्यस्तै जावलाखेलका प्रशिक्षक मेघराज केसीले पनि रेलिगेसनबाट बच्न आफ्नो टिमलाई गाह्रो हुने बताए, तर यही गाह्रो काम सजिलो पार्न जावलाखेलले विदेशी खेलाडी भित्र्याएको छ र उनीहरूले टिमलाई 'ए' डिभिजनमै कायम राख्ने विश्वास जावलाखेलका अधिकारीहरूको छ।

## लिगमा विदेशी

गत वर्षको सहिद स्मारक ए डिभिजन लिगमा विदेशी (खास गरी अफ्रिकी) खेलाडीहरूको संख्या निकै बढी थियो, तर यस वर्ष भने त्यसमा कमी आएको छ। गत वर्ष धेरैजसो क्लबमा नाम मात्रका विदेशीहरू थिए। स्तरीयतालाई मध्यनजर राख्दै यसपटक अखिल नेपाल फुटबल संघले विदेशी खेलाडीहरूका लागि अन्तर्राष्ट्रिय सरुवा अनुमति (आईटीसी) तथा वर्क परमिट अनिवार्य गरेपछि यसपटक उनीहरूको संख्यामा निकै कमी आयो।

पहिलो चरणको समाप्तिसम्म तीनवटा क्लबले कम्तीमा सात विदेशीहरूलाई नेपाल भित्र्याइसकेका छन्, जसमध्ये गत वर्षको विजेता मनाङ-मर्स्याङ्दी क्लबले तीन तथा नबिल थ्रिस्टार एवं फ्रेन्ड्स क्लबले दुई-दुई अफ्रिकी खेलाडीहरूलाई टिममा सामेल गरिसकेका छन्।

उता दोस्रो चरणको सुरुवातमा बाँकी दुई विदेशीले दशरथ रंगशालामा खेल्न पाउने भएका छन्। पछिल्लो पटक विदेशीहरू भित्र्याउनेमा मच्छिन्द्र इनर्जाइजर क्लब छन्। क्लबले नाइजेरियाको लागोस घर भएका फरवार्ड ओटेगबोला सोला र मिडफिल्डर मिकेल ओलाकिटानलाई दोस्रो चरणको सुरुवातबाट खेलाउने भएको छ। यी दुवै खेलाडीले पछिल्लो सिजन माल्दिभ्समा व्यावसायिक फुटबल खेलेका थिए। नेपालको भन्दा उच्चकोटिको मानिने माल्दिभियन लिगमा सोलाले २१ खेलमा १९ गोल गरेर सर्वोच्च गोलकर्ताको सूचीमा दोस्रो स्थानमा आफ्नो नाम लेखाएका थिए।

यसबीच सरकारले चार अफ्रिकी राष्ट्र नाइजेरिया, घाना, जिम्बाबे तथा घानाका नागरिकलाई प्रवेशाज्ञा नदिने निर्णय गरेको बताइन्छ। नेपाली लिगमा यिनै मुलुकका खेलाडीको बाहुल्यता रहेको पृष्ठभूमिमा सरकारको यो निर्णयले भने विदेशीहरूको सहभागितामा प्रश्नचिह्न लगाइदिएको छ।

# डिपोटलाई पाँचौंपल्ट डिआईजीपी कप



धरान- छैटौं डिआईजीपी कपमाथि कब्जा जमाउँदै डिपोट मा.वि., धरानले कीर्तिमान पाचौंपल्ट पूर्वाञ्चलस्तरीय अन्तरविद्यालय फुटबल प्रतियोगिताको उपाधि चुमेको छ। गत शुक्रबार सम्पन्न फाइनलमा डिपोटले बिर्तामोडको इडन गार्डेन बोर्डिङ स्कुललाई टाईब्रेकरमा २ का विरुद्ध ४ गोलले पराजित गरेको थियो।

प्रतियोगिताको सबै संस्करणमा फाइनल खेलेको डिपोटका निम्ति टाईब्रेकरमा सुमन धमला, कुशल भुजेल, मनोज लिम्बू र कप्तान मन्दीप तामाङले गोल गरेका थिए भने सोलु चौधरीको प्रहार विपक्षी गोलरक्षकले असफल तुल्याएको थियो। योगेश गुरुङ र दर्शन लिम्बूको प्रहार गोलमा परिणत भए पनि हेमन्त कटुवाल र दिनेश गुरुङ चुकेकाले इडन गार्डेन लगातार दोस्रो वर्ष पनि उपविजेतामै रोकिएको हो।

दुवै टिमले फाइनलमा गोल गर्ने आधा दर्जनजति राम्रा अवसरको सदुपयोग गर्न सकेनन्। इडन गार्डेनले उपविजेता ट्रफीसँगै नगद सात हजार रुपैयाँमै चित्त बुझाउनुपर्‍यो। फाइनलको म्यान अफ द म्याच तथा प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी इडन गार्डेनका वसन्त लिम्बूले २ हजार रुपैयाँसहित ट्रफी हात पारे।

दीपेन्द्र प्रहरी स्कुलको आयोजनामा पुस ७ गते प्रारम्भ भएको प्रतियोगितामा पूर्वी नेपालका १९ वटा विद्यालयको सहभागिता थियो। २०६१ सालमा फाइनलमा राधिका मा.वि., उर्लाबारीसँग पराजित भएको डिपोटले डिआईजीपी कपको बाँकी सबै संस्करणमा उपाधि चुमेको छ।

– राजु घिसिङ

## छोटकरी समाचार

### इस्टर्न एन्फा लिग

विराटनगर– पूर्वाञ्चलमा पहिलो पटक एक लाख रुपैयाँ पुरस्कार राशि भएको फुटबल प्रतियोगिता आज पुस २१ गते शुक्रबार सुरु हुँदैछ। पूर्वाञ्चल क्षेत्रीय स्तरको उक्त 'इस्टर्न एन्फा च्याम्पियन लिग २०६३' मा एन्फा जिल्ला लिगमा जिल्लामा प्रथम हुने एक लिल्लाको एउटा टिमले भाग लिँदैछन्। अखिल नेपाल फुटवल संघले सञ्चालन गर्ने उक्त खेलमा मेची, कोसी तथा सगरमाथा अञ्चलबाट तीन/तीन जिल्लाका टिम सहभागी छन्। प्रतियोगितामा दोस्रो हुनेलाई ५० तथा तेस्रो हुनेलाई २५ हजार नगद पुरस्कार प्रदान गरिनेछ।

प्रतियोगिताका रेफ्री संयोजक किरण गिरीका अनुसार, एक टिमले अर्को टिमसँग दुई पटक खेल्नुपर्ने डबल लिग सिस्टमको खेलमा भाग लिने प्रत्येक जिल्लाका टिमले निर्धारण गरेको घरेलु मैदानमै खेल्नुपर्ने हुन्छ। यसरी खेलमा भाग लिने मेची अञ्चलका नगर ११ (इलाम) युनाइटेड क्लब, चौलुङ (पाचथर) ध्रुवतारा स्पोर्टिङ क्लब, दमक (झापा) कोसी अञ्चलका रमाइलो स्पोर्टिङ क्लब, रमाइलो (मोरङ) टेम्के क्लब, धरान (सुनसरी) रारा युवा क्लब, राजारानी (धनकुटा) र सगरमाथा अञ्चलका एकता समूह, कटारी (उदयपुर) त्रियुगा स्पोर्टिङ क्लब, फत्तेपुर (सप्तरी) तथा सिराहा युथ क्लब (सिराहा) छन्।

यी सबै गएको भदौदेखि कात्तिक महिनासम्म पूर्वाञ्चलका नौ जिल्लामा एन्फासँग आबद्ध क्लवहरूबीच भएको प्रतियोगितामा जिल्ला प्रथम हुने टिम हुन्। एक महिनासम्म चल्ने प्रतियोगितामा ४२ वटा खेल हुने एन्फाका केन्द्रीय सदस्य वसन्त अर्यालले बताए। खेलमा अनुशासित खेलाडीलाई ५ हजार तथा सर्वश्रेष्ठ खेलाडीलाई १० हजार नगद पुरस्कार प्रदान गरिनेछ। प्रतियोगितामा १० लाख रुपैयाँ खर्च हुने बताइन्छ। एन्फाले २०६५ सालदेखि सञ्चालन गर्ने राष्ट्रिय लिग देहोरो प्रणाली (होम एन्ड अवे) तयारीका लागि पूर्वाञ्चलमा च्याम्पियन लिग गराउन लागिएको हो।

– कमल रिमाल

### आफ्नै खेलमैदान

**शिव शर्मा**

पोखरा- मोफसलको फुटबल क्लबको नाम आउँदा सहारा क्लब अग्रपंक्तिमा छ। अन्तर्राष्ट्रिय स्तरको आहा गोल्ड कप आयोजनादेखि सामाजिक कार्यमा समेत हात हालेर क्लबले देश-विदेशमा चर्चा बटुलिरहेको छ। एकपछि अर्को फड्को मार्दै सहारा क्लब अहिले आफ्नै निजी मैदान बनाउन कस्सिएको छ।

मैदानका लागि क्लबले पोखरा उपमहानगरपालिका वडा नं. १७ स्थित दोविल्ला भन्ने ठाउँमा २६ रोपनी जग्गा खरिद गरेको छ। मैदान बनाउन क्लबले ३१ लाख ९ हजारमा उक्त जग्गा खरिद गरेको हो। सहारा क्लब आफ्नै खेलमैदान हुने नेपालकै पहिलो र एउटा मात्र क्लब बन्न पुगेको छ। क्लबका पूर्वअध्यक्ष वसन्त थकाली भन्छन्- 'मोफसलको एउटा क्लब निजी मैदान निर्माणमा लाग्नु चानचुने कुरा होइन।'

दुई वर्षअघि असहाय र विपन्न वर्गका अनाथ बालकहरूलाई लिएर सञ्चालन गरेको सहारा एकेडेमीका लागि मैदानको अभाव महसुस गरेर जग्गा किनेको क्लबले जनाएको छ। एकेडेमीमा २५ जना बालक छन्। उनीहरूलाई निःशुल्क रूपमा खाने, बस्ने, पढ्ने र फुटबलको तालिम व्यवस्था क्लबले गर्दै आएको छ। खरिद गरिएको जग्गामा फुटबल मैदान, आवासगृह, पौडीपोखरी, पुस्तकालय बन्नेछ।

# कान्तिपुर गाथा

किशोर नेपाल

मस्त मस्त... विपाला नयाँ वर्षको पूर्वसन्ध्यामा निकै उत्ताउलिएकी थिई । तीन दिनअघि नै उसले घरमा भनिसकेकी थिई, यसपटक त हामी पनि साथीहरू मिलेर नगरकोटमा इभ मनाउने हो । दाजुलाई विपालाको कुरा मन परेको थिएन । विपालालाई पनि दाजुको यो बोसी व्यवहार पटक्कै मन परेको थिएन । आफू दुनियाँभरका केटीहरूसँग घुमिरहेको हुन्छ । घरमा बाबा हजुरलाई के-के कुरा लगाइरहेको हुन्छ तर बाबा हजुर हुनुहुन्छ खानदानी भलाद्मी । उहाँबाट विपालाले इभको दिनका लागि साथीहरूसँग रात बिताउने छुट पाइसकेकी थिई, तर त्यो रात उसले साथीहरूसँग बिताइन । इभको अघिल्लो दिनसम्म पनि ऊ साथीहरूसँग नगरकोट जाने सुरमा थिई, तर सञ्जितको तर्फबाट न्यू इयरसँगै मनाउने अफर आएपछि उसको मन परक्क पल्टियो । उसले सञ्जितको शरीरको बनौट सम्झिई । उसको हातबाट आउने राप अनुभूत गरी र निर्णय गरी, यो न्यू इयर सञ्जितसँगै मनाउने । उमेरले होला, ऊ केटाहरूप्रति निकै आकर्षित हुन थालेकी थिई हिजोआज । त्यसमा पनि सञ्जितले धुलिखेल जाने कुरा उठाएको थियो र त्यसका लागि कारको प्रबन्ध गरेको कुरा सुनाएको थियो ।

तर पुतलीसडकको कुमारी क्याफेमा साँझ पाँच बजे भेटिएका उनीहरू धुलिखेल पुग्न सकेनन् । सहरमा यति बाक्लो भीड र यति लामो ट्राफिक जाम उनीहरूले कहिल्यै देखेका थिएनन् । उनीहरूलाई पुतलीसडकबाट माइतीघर छिचोल्नै लाग्यो डेढ घण्टा । त्यतिबेलासम्म विपालाको धैर्य टुटिसकेको थियो । उसले सञ्जितलाई भनी, भो नजाऊँ धुलिखेल । यस्तोमा त त्यहाँ पुग्दापुग्दै न्यू इयर्स लागिसक्छ । सञ्जितले गाडी त्रिपुरेश्वरतिर मोड्यो र विपालालाई सोध्यो, अब के गर्ने ? भोकाएकी विपालाले ब्लू बर्डको एउटा रेस्टुराँतिर इशारा गरी । बल्ल-बल्ल गाडीपार्क गरेर उनीहरू ओर्लिए । रेस्टुरांमा पैताला टेक्नेसम्म ठाउँ थिएन । बार टेन्डरलाई तातो-तातो रम पन्च सर्भ गर्दैमा फुर्सद थिएन । सञ्जितले बडो मुस्किलले दुई गिलास रम पन्च फेला पा¥यो, तर खानेकुरा लिन भने त्यति मुस्किल भएन । रम पन्चको धुनमा त्यहाँ आएका कसैले पनि खानेकुरा सम्झिएका थिएनन् ।

रमले रमरमाइ विपाला । उसले सञ्जितको हात समातेर भनी, अब कति बस्ने यहाँ ? ठमेल जाऊँ न । सञ्जितले विपालाको च्युँडो समातेर एक चुम्बन जड्यो ओठमा । विपालाले आनन्द मानी र भनी– देख्ला कसैले । त्यहाँ उनीहरूलाई देख्ने फुर्सद कसैलाई थिएन । सबै आफैंमा एकाकार र मग्न भएको अवस्था थियो त्यो । लाग्थ्यो, कान्तिपुरको रूपान्तर भएको छ युरोप र अमेरिकाको कुनै सहरका रूपमा ।

उनीहरू गाडीछेउ आइपुगे, तर समस्या थियो अघि बढ्ने । सञ्जितले जसोतसो गाडी निकाल्यो । विपाला त्यतिबेरसम्म बढी नै मस्ताइसकेकी थिई । भित्र उज्यालो भए पनि बाहिर सडक बजारमा थियो लोडसेडिङ । यस पटक विपालाले मौका छोपी र सञ्जितको ओठमा ओठ मिलाई । धेरै बेरपछि मोटरको हर्न जोडले बज्न थालेपछि मात्र उनीहरू सतर्क भए । गँड्यौला गतिमा गाडी अघि बढ्न थाल्यो । झन्डै एक घण्टापछि मात्र उनीहरूको गाडी गल्ली र गल्छेडा हुँदै ठमेल पुग्यो । सञ्जितका लागि यतिबेला विपाला र गाडी दुवैलाई हेन्डिल गर्नु थियो । गाडी पार्क भएपछि मात्र विपाला र ऊ पार्किङको खोजीमा लाग्न सक्थे । एउटा साथीको घर सम्झियो सञ्जितले र उसको घरैअगाडि लगेर गाडी पार्क ग¥यो ।

त्यसपछि ऊ आफ्नै पार्किङको एड्रेस खोज्न थाल्यो । ठाउँ फेला परेपछि उ दङ्ग प¥यो । मस्ताएकी विपाला मुसुक्क मुस्काई । रेस्टुराँ पुगेर आइरिस कफीको कप समात्नासाथ घडीले बजायो बारह । विपाला र सञ्जितले एक-आपसलाई भने– ह्याप्पी न्यू इएर ।

त्यसपछि कान्तिपुर रातभरि जागिरह्यो ।

# पच्चीस वर्षको रिसोर्ट

**साप्ताहिक समाचार**

काभ्रे– धुलिखेल बसपार्कबाट केही किलोमिटर उत्तरतर्फ लागेपछि पाँचखाल गाविसमा पर्ने खावा 'खावा रिसोर्ट' नामले चिनिने धुलिखेल माउन्टेन रिसोर्टले गत साता स्थापनाको रजतजयन्ती मनायो । इस्वी संवत् १९८१ मा समाजसेवी तथा पर्यटन व्यवसायी स्व. विष्णुबहादुर श्रेष्ठले स्थापना गरेको उक्त रिसोर्टका कारण स्थानीय क्षेत्रमा विकासको पूर्वाधार खडा भएको थियो ।

रजत जयन्तीका अवसरमा गत शुक्रबार उक्त रिसोर्टमा एक कार्यक्रम सम्पन्न गरियो । सांस्कृतिक कार्यक्रम तथा रिसोर्ट सञ्चालनमा योगदान दिनेहरूलाई सम्मान गर्दै सम्पन्न उक्त कार्यक्रममा सञ्चालक श्रेष्ठले २५ वर्ष पुगेको अवसरमा उक्त रिसोर्टमा समय व्यतीत गर्न आउने स्वदेशी पर्यटकहरूलाई प्रतिव्यक्ति रु. १५ सयमा आवत-जावत, एकरातको बसाइ, दिउँसो र बेलुकाको खाना, भोलिपल्ट बिहानको ब्रेकफास्टको 'प्याकेज' उपलब्ध गराइने बताएका छन । त्यसमा अन्य परिकार एवं पेय पदार्थमा पनि २५ प्रतिशतसम्म छुट दिइने पनि श्रेष्ठले बताए । रजतजयन्ती समारोहमा अवसरमा आयोजित कार्यक्रममा स्थानीय सांस्कृतिक समूहहरूले मौलिक नेपाली प्रस्तुति दिएका थिए ।

होटल तथा पर्यटन तालिम
★ Tour & Travel Mgmt
★ Tour Operation
★ Airlines & Travel (Manual, Amadeus & Abacus)
★ Hotel Management
★ F & B Management
★ Cook ★ Front Office
★ Waiter ★ Barman
★ Bakery ★ Housekeeping
SATS Course मा आधारीत तालीम
Compare our quality with the others
सम्पर्क:–सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
४४७५११३/४४७२५५३
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

होटल तालीम होटल खुम्जुङ्गमा
Cook-Indian, Chinese, Continental Waiter, Bar Man, Room Boy, House Keeping लगायत सम्पूर्ण होटल तालीममा भर्ना थमाधम लिईदैछ ।
तालिम विशेषताहरू
1. Cook Training गर्नेका लागि English तथा Waiter Training सित्तैमा
2. आफ्नै होटलमा सम्पूर्ण तालीम दिईने ।
HOTEL KHUMJUNG Training Centre
चक्रपथ, महाराजगंज, नारायण गोपाल चोकबाट ३ मिनेट पूर्व
Ph: 4-373411, 4-372194
City Office:- रानीपोखरी, जमल विश्वज्योती हलसँगै ,Ph:- 4249576

तालिम
❊ फोटोग्राफी
❊ भिडियोग्राफी
❊ कलरल्याब
❊ लेमिनेशन
❊ डिजिटल फोटोग्राफी
❊ डिजिटल भिडियोग्राफी
सम्पर्क:
अनुभवी दक्ष प्रशिक्षक द्वारा
वि.सं. २०५३ देखि निरन्तर.........
मान्यता प्राप्त पहिलो फोटो भिडियो इन्स्टिच्यूट
नेपाल फोटोग्राफी ट्रेनिङ इन्स्टिच्यूट
भोटाहिटी, साझा भण्डार माथिल्लो तल्ला, काठमाण्डौं
२२९१०३७, ४२१६२९१

# हुने नै भयो मिस नेपाल ?



**साप्ताहिक समाचार**

काठमाडौं- अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा विजयी नेपाल सुन्दरीलाई वर्ष २००६ को प्रतिस्पर्धामा सहभागी गराउन समयभाव भएको कारण देखाई आयोजक द हिडेन ट्रेजरले 'मिस नेपाल' सौन्दर्य प्रतियोगिता सञ्चालन गरेन । यो वर्ष भने काठमाडौं जेसिसको संयुक्त सहभागितामा द हिडेन ट्रेजरले 'डाबर वाटिका मिस नेपाल २००७' को आयोजना गर्ने भएको छ । नेपाल टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गर्दै आउँदो अप्रिल ७ अर्थात् चैत २४ गते शनिबारका दिन अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा उक्त प्रतियोगीताको आयोजना हुने भएको छ ।

आयोजकहरूद्वारा प्रेषित प्रेस विज्ञप्तिमा जनाइएअनुसार प्रतियोगितामा भाग लिन चाहनेहरूले यही जनवरी ३१ तारिखसम्म फारम बुझाइसक्नुपर्नेछ । धेरैको सहभागिता होस् भन्ने उद्देश्यले उपत्यकाबाहिरका चार ठाउँ वीरगन्ज, धरान, पोखरा तथा बुटवलमा पनि आवेदन फर्म भर्ने सुविधा राखिएको जानकारी पनि आयोजकहरूले दिएका छन् । आवेदन फर्मका साथै यससम्बन्धी सम्पूर्ण जानकारी प्रतियोगिताको आधिकारिक वेबसाइट 'मिसनेपाल डटकम डट एनपी' मा पनि राखिएको छ ।

प्रतियोगिताका लागि छानिएका युवतीहरूलाई चार साताको तालिम दिइनेछ भने व्यक्तित्व विकासका लागि न्यू एराले चार हप्ते व्यक्तित्वविकास तालिम उपलब्ध गराउनेछ । तालिमका अतिरिक्त प्रतियोगीहरूलाई छ दिनको 'क्लोज क्याम्प' मा पनि राखिनेछ । क्लोज क्याम्पमा अन्तिम 'सर्ट लिस्ट'मा परेका प्रतियोगीहरू मात्र समावेश हुनेछन् । हिडेन ट्रेजरले जनाएअनुरूप यस वर्ष विजयी हुनेहरूलाई १ लाख नगद एवं काइनेटिक नोभा स्कूटर प्रदान गरिनेछ । यसैगरी फस्ट रनरअपलाई ६० हजार नगद तथा सेकेनड रनरअपलाई ४० हजार नगद प्रदान गरिनेछ । डाबर वाटिका मिस नेपाल सौन्दर्य प्रतियोगितामा विभिन्न प्रकारका विधागत पुरस्कार पनि समावेश गरिएका छन्, जसमा प्रत्येक शीर्षक विजेतालाई दस-दस हजार नगद पुरस्कार दिइनेछ । यसका साथै 'बाटिका माई च्वाइस' अन्तर्गत सर्वसाधारणको मतका आधारमा विजेता छनौट गर्ने व्यवस्था पनि यस पटकको प्रतियोगितामा समावेश छ ।



# हेयर स्टाइल चेन्ज गर्न पोखरा

**शिव शर्मा**

पोखरा– आम्मै □ राजधानीदेखि हेयर स्टाइलकै लागि पोखरा आएको ? साप्ताहिकको जिज्ञासामा गायिका तथा नायिका पूजा लामा भन्दै थिइन् तपाईंहरूकै पत्रिका पढेर त आएकी नि । आफ्नो रेजर स्टाइलको केशलाई लामो बनाउन अर्थात् हेयर एक्सटेन्सन गर्न पोखरा आएकी पूजा निकै रोमाञ्चित देखिन्थिन् । व्युटिक्लब एसमा ऐनाअगाडि मुस्कुराउँदै आफ्नो छोटो केश लामो भएको देखेर उनी दंग पर्दै थिइन् । फरक-फरक हेयर स्टाइलमा आफूलाई बदल्न मन पराउने पूजालाई हेयर स्टाइलले पनि सेक्सी देखाउने गरेको छ । हेयर एक्सटेन्सन मेरो पहिलो अनुभव हो । अब उमेर ढल्कँदैछ, तन्नेरी देखिन छोटो केशलाई लामो बनाउनुपरेन त ? फिस्स मुस्कुराउँदै उनी भनिरहेकी थिइन्- 'ल हेर्नुहोस्, हेयर एक्सटेन्सनपछि म कस्ती देखिएँ ?'

कोरिया, जापान हुँदै पोखरामा पहिलो पटक भित्रिएको यो स्टाइल पूजालाई धेरै पहिल्यै मन परेको हो । बेफुर्सदीका कारण उनी पोखरा आउन भ्याइरहेकी थिइनन्, तर यस पटक फुर्सद निकालेरै उनी केश बनाउन यहाँ आइन् । नायिका बिपना थापाले जानकारी दिएपछि पूजामा हेयर एक्सटेन्सन गर्ने मोह जागेको हो । नायिका बिपना थापा पनि आफ्नो हेयर स्टाइलका लागि प्रायः पोखरा नै आउँछिन् । अघिल्लो साता सुटिङको मौका छोपेर पूजाजस्तै बिपनाले पनि आफ्नो हेयर स्टाइल यही पार्लरमा मिलाएर गइन् ।'पोखरा फेसनको मामिलामा धेरै अघि छ,' -गायिका लामाले बताइन् । क्रान्ति आले, राजु लामाजस्ता पप हस्तीहरू पनि हिजोआज आफ्नो हेयर स्टाइल बनाउन यही आउने गरेका छन् ।

हेमराज ज्ञवालीद्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया, सम्पादक : सुवास ढकाल